# अध्याय - १

# रामकथाको स्रोत

# प्रथम खण्ड

# अध्याय-१

# रामकथाको स्त्रोत

**१.१. रामकथाको स्त्रोत-**

रामकथा एउटा कथा हो। तर कथा सर्वथा कपोल कल्पित मात्र हुँदैन, कथा सत्य पनि हुन्छ। दन्त्य-कथा र आत्म-कथाले यस कथनलाई पुष्ट गर्छ। आधुनिक अध्येताहरू दन्त्य कथामा पनि सत्यको प्रतिकात्मक अभिव्यक्ति पाउँछन् र कथालाई पहिन्याइएका प्रतीकका ती पहिरनलाई पन्छ्याएर उनीहरू सत्यको नाभकीय बुझ्न चाहन्छन्।

मानव-शास्त्रीय अध्ययनबाट प्रत्येक सांस्कृतिक थाल्मीमा अनुष्ठान, पुराकथा र कविताको अस्तित्वकी आविष्कार अथवा पुनराविष्कार भएबाट र अझ आजको वैज्ञानिक युगीन मान्छेका अवचेतन मनमा अझै आदिम मान्छे अन्तर्नीहित देख्ने मनोवैज्ञानिक स्थापनाबाट साहित्यिक समालोचनाका क्षेत्रमा पुराकथापरक समालोचनाले शक्तिप्राप्त गर्दै आएको पाइन्छ।[१] यस प्रकरणमा रामकथालाई यस्तै पौराणिक प्राचीन, वा प्रचलित पुराकथा वा मिथकको रूपमा हेर्ने प्रयास छ।

**१.१.१. पुराण र इतिहास-** पुराणका पंचलक्षण हुन्-सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरित। भारतीय परम्परा अनुसार पुराण भारतीय इतिहास हो। यो इतिहास सृष्टि (सर्ग) देखि नै शुरू हुन्छ युग, वंश र वंशावलीको वर्णन गर्छ। यसैमा पुराणको ऐतिहासिक मूल्य छ। विष्णु पुराणमा लेखिएको छः' जसले बितेर गएका सूर्य र चन्द्रको, यसघरी नभएका ययाति, नहुष र तिनका सन्तानको, प्रबलतर समयबाट पराजित भएका र अहिले कथा मात्र बनेका पराक्रमी, वीर र दौलती राजाहरूको वर्णन सुनेका छन्, तिनले ज्ञान अर्जन गर्नेछन्"[२] यसले पुराण र इतिहासको अभिन्नता स्पष्ट गर्दछ र भारतीय शांस्त्रमा पुराणेतिहास समानार्थी छ। उपनिषद्ले पुराण र इतिहासलाई एउटै विषयमा राखेको छ। नारद सनत्कुमारलाई भन्छन् ' हे भगवन्! म ऋक्, यजुः साम, अथर्व चारै वेद र इतिहास पुराण पाँचौं वेद पनि जान्दछु"[३]

पुराण र इतिहासिको अस्तित्व वैदिककालदेखि नै छः अथर्ववेदमा लेखिएको छ, ' तमितिहासश्च पुराणां च गाथाश्च नाराशंसीश्चानव्यचलन्"[४] तब पुराण, इतिहास, मनुष्यका प्रशंसात्मक गाथाहरू उनका पछि-पछि हिंडे।

पुराण र इतिहासको हेतु दोहोरो छ- एउटा हो मन्वन्तर युग अनुसार पराक्रमी राजाहरूको वंशानुचरित दिनु र अर्को वेदका अर्थलाई आत्मसात गर्नु। पुराण र इतिहासको रचना वेदको अर्थ विस्तार गर्नलाई नै

---

*१. वासुदेव त्रिपाठी-आदिम मनोबिम्बतिर, नेपाली लोक संस्कृति संगोष्ठी, पृ.३६*

*२. राधा कुमुद मुखर्जी- हिन्दू सिभिलाइजेशन, पृ.१४५*

*३. छान्दोग्य उप.७.१.२*

*४. अथर्व १५.१.६*

हो भन्ने कुरो महाभारतमा छ 'इतिहास - पुराणाभ्यां वेदार्थमुपबृंहयेत्।'[१] यसबाट स्पष्ट हुँदछ पुराण तथा इतिहासको परिज्ञान र समन्वय बिना वेदको यथा अर्थ संभव हुँदैन। वैदिक साहित्यमा जुन कुरो सिद्धान्त रूपमा रहेको छ त्यसैको दृष्टान्त रूप पुराणमा पाइन्छ।

वेदोक्त पुराण र इतिहास वेदभित्रै पाइने पुराण र इतिहास हुन्। परन्तु पछिबाट यी दुइ विषय स्पष्ट रूपले छुट्टिए अनि पुराण भन्दा मत्स्य, कुर्मादि पुराण बुझिने भयो र इतिहास भन्दा रामायण र महाभारत बुझियो। परन्तु यी पनि वेदकै वाहक हुन्। वेदको अर्थ अति सूक्ष्म हुने हुनाले सूक्ष्म बुद्धि हुनेले मात्र सो बुझ्न सक्छन्, सामान्य जन अन्धकारमै रहन्छ।

दुर्वोधं तु भवेद्यस्मादध्येतुं नैव शक्यते

तस्मादुद्धृत्य सवहि शास्त्रं तुऋषिभिःकृतम्-[२]

अर्थात्, जसको निम्ति ज्ञान दुर्वोध छ र जो वेदहरूको अध्ययन गर्न सक्तैनन् तिनीहरूका निम्ति वेदबाटै ऋषिहरूले सबै शास्त्र बनाएका छन्। यस अर्थमा सबै शास्त्र वेद संभूत हुन्। रामायणले त भनेकै पनि छ-

रामायणं महाकाव्यं सर्ववेदेषु सम्मतम्।[३]

अतः वैदिक उक्ति र सूक्तिहरूको अर्थ स्पष्ट गर्न तथा आदेश र निर्देशहरूको अर्थ र उद्देश्य बुझाउनलाई कालान्तरमा वेदांग, पुराण र महाकाव्यहरू अस्तित्वमा आए।[४] वेद एउटा सूत्र हो भने रामायण, महाभारत तथा पुराणहरू त्यसका उदाहरणहरू हुन्- 'त्यो त्यस्तरी भएको थियो'[५] भनेर उदाहरण दिनको निम्ति आख्यान अथवा आख्यानात्मक शैली सबैभन्दा उपयुक्ति हो। मानव प्रकृति स्वभावले नै कौतुक र विस्मयतर्फ आकृष्ट हुन्छ। मानव जातिको यो कौतुकमय प्रवृत्तिको चरितार्थकै निम्ति भारतीय साहित्यमा वैदिक साहित्यपछि एउटा नयाँ साहित्य परम्पराको उदय भयो जसलाई लौकिक साहित्य भनिन्छ। पुराणेतिहास आदि ग्रन्थहरू यस्तै उदाहरणका निम्ति निर्मित कौतुकपूर्ण र लीलापूर्ण आख्यान साहित्य हुन् जहाँ इतिहासको बीज निहित रहन्छ र कथाको फलले स्वाद दिन्छ। रामायण यस परम्पराको पहिलो पुष्प हो।

इतिहासबारे कौटिल्यको कल्पना अझै छ। उनी इतिहास-वेदको गणना अथर्ववेदसितै गर्दछन् र त्यस अन्तर्गत पुराण, इतिवृत्त, आख्यायिका, उदाहरण, धर्मशास्त्र तथा अर्थशास्त्रको अन्तर्भाव मान्दछन्।[६]

राजशेखरले पनि उपवेदहरूमा इतिहास-वेदलाई अन्यतम मानेका छन्। उनको भनाइ छः

परिक्रिया पुराकल्पः इतिहास-गतिर्द्विधा।

स्यादेक-नायका पूर्वा द्वितीया वहुनायका।।[७]

---

*१. आदि पर्व १.२६७*

*२. याज्ञवल्क्य स्मृति*

*३. वा.रा. १.१६ (महात्म्य)*

*४. श्री सत्य साई - वैदिक मूल्य, सत्य साई बाहिनी, प्रशान्त निलयम, (मिति छैन) पृ. ६६*

*५. इति+ह+आस*

*६. कौटिल्यज् अर्थशास्त्र-डा. आर. शर्मा शास्त्री, मैसूर प्रिंटिंग एण्ड पब्लिसिंग हाउस, मैसूर १९६१ पृ. १०*

*७. बलदेव उपाध्याय - संस्कृत साहित्यका इतिहास पृ. २१*

अर्थात्, इतिहास दुइ प्रकारको हुन्छ- परिक्रिया र पुराकल्प। पहिलाको अभिप्राय त्यस्तो इतिहाससित छ जसको नायक एउटै व्यक्ति हुन्छ र दोस्राले धेरै नायक इतिहासको वोध गराउँछ।

यहाँ परिक्रियामा रामायणलाई र पुराकल्पमा महाभारतलाई उदाहरणस्वरूप लिएको स्पष्ट छ।

१.१.२. **पुराकथा र रामकथा**- पुराकथाले पौराणिक र ऐतिहासिक आख्यानलाई मात्र बोध गराउँदैन तर रूपक र मिथक, लोककथा र लोकविश्वासका साथै प्राचीन लोक - जीवन र लोक - व्यवहारलाई पनि यसले आफ्नो परिधिभित्र पार्छ। लोक - जीवन र लोक-व्यवहारको ताथ्यिक विवरणले इतिहास बन्छ भने आख्यान र रूपक आदिको कलात्मक चेतनाले पुराण बन्दछ।

रामकथा यस्तै एउटा पुराण हो र एउटा पुराकथा हो, एउटा इतिहास हो र एउटा काव्य हो। रामकथाको बहुआयामिकता नै सर्वोपरी विशेषता हो। प्रश्न उठ्छ, रामायण कथा-काव्यको, त्यसको संभाव्यको कुनै ताथ्यिक आधार पनि छ कि यो कुशल कविको कपोल कल्पित काव्य मात्र हो।

पाश्चात्य आलोचकहरू रामकथाको ऐतिहासिकतालाई प्रायः स्वीकार गर्दैनन्। लेस्सेन र वेबर समस्त रामायणलाई एउटा रूपक मात्र मान्छन्, जसको ध्येय दक्षिणतर्फ आर्य-सभ्यता र कृषि प्रसार देखाउनु थियो। तिनका अनुसार सीता कुनै ऐतिहासिक नारी नभई 'सीता' (हलाको डोब)- को मानवीकरण र आर्य-कृषिको प्रतीक हो, जसको आदिवासीहरू (राक्षस) -बाट रक्षा राममा निर्भर छ।[१]

जे.टी.ह्वीलर रामकथालाई ब्राह्मण र बौद्ध संघर्षको प्रतीक मान्छन्। बौद्धसित भन्नामा उनको अभिप्राय राक्षससित छ। उसै गरी मेकडोनल्डको अनुसार रामकथाको पूर्वार्द्ध, अर्थात् रामको वनगमन र चित्रकूटमा भरतको अयोध्या फर्कने प्रार्थना अस्वीकार गर्नेसम्मको विवरण ऐतिहासिक हो र वादका घटनाहरू जस्तो सीता-हरण, रामरावण-युद्ध, सीता-उद्धार आदि कुनै वैदिक अख्यानको रूपकात्मक चित्रण हो।[२]

भारतीय आलोचकहरूमा पनि रमेशचन्द्र दत्त महाभारतका पात्रहरू झैं रामायणका वीरहरू पनि काल्पनिक मान्छन्। महात्मा गान्धी रामायणलाई नैतिक आदर्श प्रतिपादन गर्ने एउटा काल्पनिक काव्य मान्छन् भने येदातीरे सुब्बाराव रामायणको दार्शनिक अर्थ लाउँदै रामायणी स्थानहरूलाई योग शास्त्रको चक्र मान्छन्।[३]

यसरी बुद्धिवादको बढ्दो प्रभावले रामकथालाई विविध अर्थ ओढ़ाइदिएको छ र यसलाई सिद्धान्तको समर्थन र विचारको अभिव्यक्तिको निम्ति प्रतीकको रूपमा गृहित गर्दै यसको पुराकथ्यको जैविकतालाई अत्याधुनिक कथ्यमा पनि संचारित गरिएको छ। उदाहरणः- देवकोटा रावणको अत्याचारमा राणाहरूको निरंकुशता देख्छन् र निर्वल जनता- जटायुलाई लड्न सुऱ्याउँछन्। उनी सीतामा स्वतन्त्रता देख्छन् र युद्धमा आत्मबलको आवश्यकता।[४] इन्द्रबहादुर राई भातृप्रेम राम र लक्ष्मणमा मात्र नदेखी जटायु र सम्पातिमा पनि देख्छन् अझ प्रखर भातृ- (जाति) प्रेम! परिस्थितिले अलग पारेका यी गिद्ध दाज्यू-भाइलाई नर्वदा र काबेरीले होइन तर टिस्टा र मेचीले छुट्ट्याएको, उनको अभिव्यञ्जना।[५]

---

*१. कामिल बुल्के- रामकथा, पृ. ११३-१५*

*२. ऐ.*

*३. शान्तिकुमार नानुराम व्यास- रामायणकालीन संस्कृति, पृ. ७*

*४. लक्ष्मीप्रसाद देवकोटा-रावण-जटायु युद्ध, साझा प्रकाशन, काठमाडौं, प्रथम संस्करण*

*५. इन्द्रबहादुर राई- आकारहरू छायाँहरू, कथास्था, श्याम ब्रदर्श, दार्जीलिङ, प्रथम संस्करण*

### १.१.३. रामकथाको मिथकीय आयाम : [१]

'महाकवि गेटेले एकपल्ट भनेका थिए, इतिहासको निचोड़ वा मह हो मिथक र मिथकको मह हो रहस्यवोध। गेटेको यो उक्ति भारतीय मिथकहरूमा, विशेष गरी हाम्रा राष्ट्रीय महाकाव्य रामायण, महाभारत र श्रीमद्‌भागवत्‌मा पूर्णतः चरितार्थ हुन्छ। यी महाकाव्यहरू शुद्ध इतिहास होइन्, यिनले इतिहासको मह प्रस्तुत गर्छन् र पुनः यिनका निचोड़ वा मह हो रहस्यवोध। रामायणले हाम्रो इतिहासभित्र निहित 'अस्ति" तत्त्वलाई अर्थात् 'शाश्वत'लाई अभिव्यक्त गर्दछ भने महाभारतले हाम्रो इतिहासको ' भवति' प्रभावभित्र 'शाश्वत'लाई खोज्दछ। सृष्टिको मूलतत्त्व हो परमा प्रकृति । सांख्य दर्शनको अनुसार परमा प्रकृति नै विवर्तन प्रवाहमा परेर षोड़श वा चौबीस वा असंख्य 'विकृति" बन्दछ र इतिहासको घटना-प्रवाहको रूप लिंदछ। इतिहास ''विकृति"हो, विश्लेषण हो; 'भवति" प्रवाह हो, निरन्तर विवर्तन हो। तर यस बहुरूपी महाप्रवाहपछि जो नित्य छ, शाश्वत छ त्यसले सृष्टि र मनुष्यको मूल प्रकृतिलाई संकेत गर्दछ र त्यही 'अस्ति"तत्त्वले मिथकको नाभिच्दछ। अतः इतिहास विकृतिहरूको प्रवाह हो भने मिथकले ती विकृतिभित्रको मूल प्रकृतिलाई व्यक्त गर्दछ। नग्न इतिहास यदि 'अस्तित्व' प्रवाह हो भने मिथक मूल-प्रकृति हो। इतिहासको पनि त्यो अंश जो चेतना सम्पन्न हुँदछ त्यसले अघि गएर मिथकीय आकृति लिंदछ जस्तो गौतम बूध्द वा शिवाजी अथवा हाम्रै युगमा गांधी र लेनीन। परन्तु नांगो इतिहास वा तथ्यात्मक इतिहास जो घटनाहरूको विस्तार मात्र हो, आफै आफमा महत्वपूर्ण हुँदैन। त्यो त हड्डी मात्र हो,हड्डी आफै बोल्न सक्दैन जबसम्म त्यसभित्र चैतन्य सत्ताको आवेश हुँदैन। चैतन्यको प्रवेश हुनासाथ त्यो मुट्ठीभर हड्डी बोल्न थाल्दछ, अवतारीको भाषामा वा कविको भाषामा अथवा दैनिक साग-सब्जीको भाषामा। स्वयं हड्डीमा कुनै महत्व हुँदैन। यसै प्रकारले इतिहासको त्यो अंश, जसले संकल्प र संवेगको स्रोत बन्न परेको छ, एउटा मिथकीय आकृति लिन्छ नै। किन कि नग्न इतिहास त जड़ हुन्छ, त्यो त निर्जीव लेखा-जोखा मात्र हो जब कि मिथक चेतन र त्यसको आग्रह सोझै मनुष्यको मूल प्रकृतिसित हुँदछ। यसैकारणले हो, इतिहास मृत पुरातत्वको संग्रहालय हो जहाँ मिथकसमूह मनमा निरन्तर क्रियाशील चेतना-विद्युतको 'शक्ति-घर" हो। इतिहास मृत पुरातन हो भने मिथक मृत पुरातनभित्र स्थित नित्य नव-नव जयमान शाश्वतको अनुहार हो। अतः मिथक इतिहास अथवा मृत पुरातनको निचोड़ वा मह हो भन्ने गेटेको कथन सर्वथा समीचीन छ। गेटे अझै भन्छन्, मिथकको पनि मधु हो रहस्यवोध। माथि भनिसकिएको छ- कि मिथकको आग्रह सोझै मनुष्यको मूल प्रकृतिसित जोड़िएको हुन्छ र मनुष्यको मूल प्रकृतिको चरम तत्त्वमा केही छ भने त्यो रहस्यको कुण्डली नै हो। अतः मिथक रहस्यवोधको सीमासम्म पुग्नु एउटा स्वभाविक प्रक्रिया हो। मिथकको यस विशेषताका स्पष्ट उदाहरणहरू हुन्, भारतीय, ग्रीक र नर्स जातिहरूका पौराणिक गाथाहरू। वास्तवमा इतिहासमा जसलाई 'मनुष्य' भनिन्छ त्यस मनुष्यको मनोमय हो 'पुरूष' अनि उसको चरम प्रकृति हो आत्मा। त, जो इतिहासमा मनुष्य हो, उही काव्यमा 'पुरूष' हो र दर्शनमा 'आत्मा' हो। काव्य-जिज्ञासाले हामीलाई पुरूषदेखि पुरूषोत्तमसम्म पुऱ्याउँछ र दर्शन -जिज्ञासाले आत्मादेखि परमात्मा वा ब्रह्मसम्म पुऱ्याउँछ। काव्यको मूल उपादन हो मिथक। जब मिथकभित्र रहेको पुरूषको माध्यमद्वारा पुरूषोत्तमको संकेत तीव्रतर हुँदै जान्छ तब मिथकको रूपान्तर एउटा दिव्यानुभूतिमा, एउटा लीलारसमा हुँदछ अनि यसैलाई गेटे भन्छन् रहस्यवोध। राम, कृष्ण र बुद्धका मिथकहरूद्वारा यो तथ्य खुबै स्पष्ट रूपमा उत्पन्न हुँदछ। रामायणमा रामकथाको मिथकको आरम्भ नै 'अथातो पुरूष जिज्ञासा' बाट हुँदछ, वाल्मीकिको 'कोन्वस्मिन् सांप्रतं लोके गुणवान कश्च वीर्यवान्...." सितै। प्रश्नको प्रस्थान विन्दु त 'साम्प्रतं लोके' अर्थात् समकालीन इतिहास नै छ तर वाल्मीकिको जिज्ञासाले लोकभित्रै कुनै 'लोकोत्तर"-को अनुसन्धान गरिरहेछ। उनी 'पुरूष' होइन 'पुरूषोत्तम'-को परिचय चाहन्छन्। वांछित पुरूषको परिचयको निम्ति जुन

१. *कुबेरनाथ राय- रामकथा के मिथकीय आयाम, वीणा (हिन्दी मासिक), इन्दौर, वर्ष ६१ संख्या ४ पृ.६-११*

-जुन शर्त उपस्थित गरिन्छ, जुन-जुन आयाम संकेत गरिन्छ तिनले मिथकलाई दिव्यता वा रहस्यको पथतर्फ उन्मुख गरिदिन्छन्। जति-जति मिथकभित्र रहेको पुरूषको लोक - यात्राको रूप अलौकिक हुँदै जान्छ उति-उति त्यस भित्रको पुरूषोत्तम अभिव्यक्त हुँदैजान्छ र अन्तमा सम्पूर्ण मिथक नै एउटा दिव्यानुभूति बन्दछ। अनि जो दिव्य छ, अलौकिक छ त्यो रहस्य त हुन्छ नै।

'अतः मिथक एकातिर स्थूल, हातले छाम्न सकिने घटनात्मक इतिहाससित जोडिएको हुन्छ भने अर्कातिर ध्यान र कल्पनाबीच प्राप्य रहस्यवोधसित। परन्तु आधुनिक वैज्ञानिक दृष्टि केवल घटनात्मक तथ्यतालाई नै महत्व दिंदछ र कुनै पनि किसिमको रहस्यवोध प्रति उ शंकाशील रहँदछ। यसैले आधुनिक विज्ञानको दृष्टिमा इतिहास महत्त्वपूर्ण हुँदछ जब मिथक कल्पना विलास मात्र ठहर्छ र त्यसको कुनै महत्व हुँदैन। तर ध्यानपूर्वक हेरेदेखि यो आधुनिक मनको एउटा खुबै ठूलो आत्म-प्रवंचना हो।"

'... रामकथा भारतीय समाजको सर्वाधिक व्यापक र सर्वाधिक संकल्प - संवेग सम्पन्न मिथक हो।भारतीय समाज भन्नाले हाम्रो तात्पर्य वर्तमान मानचित्रसित मात्र छैन तर वंक्षुधारा (गंगा)-देखि लिएर पूर्वी द्वीप समूहसम्मको सम्पूर्ण मनोमय भारतसित छ अर्थात् 'सेरे हिन्द', 'लघु हिन्दी', 'हिन्द खास' एवं 'हिन्देशिया'को साथ साथै महाचीन तिब्बतसम्मै। यस समग्र विशाल भू-खण्डमा कुश्तन (खोतान) देखि लिएर कम्पूचियासम्म रामकथाका भिन्न भिन्न संस्करण पाइन्छ। यसप्रकार यस मिथकको बहुरूपी विस्तारबाट यसको आन्तरिक ऋद्धि त समृद्धतर भएकै छ, यस तथ्यले यो पनि संकेत गर्दछ यो मिथक कहीं न कहीं, कुनै न कुनै रूपमा वास्तविक इतिहाससित अवश्यै जोड़िएको छ। केवल यो वाल्मीकि नामक व्यक्तिको कपोल-कल्पना मात्र हुँदो हो त यतिको विस्तृत भू-खण्डको प्रत्येक जाति र उपजातिको लोकस्मृतिमा यस किसिम यसको दखल संभव हुने थिएन। यो त भयो यसको विस्तारको कुरो। उदात्त र गहिराइको दृष्टिले पनि विचार गरेमा थाह लाग्छ रामकथा भारतीय प्रज्ञाको एउटा अत्यन्त विमिश्र उत्पादन हो। स्थूल इतिहासको रूपमा यो आर्यहरूका दुइ सांस्कृतिक धारा आदिम र नव्यको संघर्ष गाथा हो। रावण आदिम आर्यत्वको प्रतिनिधि छ। त्यो प्रजापति र वैश्वान्तर अग्निको उपासक छ। रामचन्द्र उत्तरवैदिक संस्कृतिको, नव्य आर्यत्वको र किरात-निषाद्-द्रविड़बाट संयुक्त रूपले दीक्षित आर्यत्त्वको प्रतिनिधि छन्। कथाको स्नायुमण्डलमा उत्तरवैदिक तथा ती ब्राह्मण-आरण्यक संस्कृतिका भाव-रूढ़ीहरू छन् जसमा विष्णु र इन्द्रादि अन्य आदित्यहरूको प्राधान्य प्रवलतर भएको छ। त्यसमाथि पनि निषाद्-किरात-द्रविण लोक - कथाहरूका भावरूढ़ीको पत्र थपिएको छ। उदाहरणको निम्ति जयन्तको कथा, स्वर्णमृगको कथा, वानर-गाथा, सुरसा प्रसंग, समुद्र संतरण आदिको आकृति र प्रवृत्तिमा आर्येतर लोक कथाहरूका भावरूढ़ि बृत्तरूढ़िहरूको संकेत पाइन्छ। सुन्दरकाण्ड र लंकाकाण्डमा वर्णित राक्षस संस्कृतिको अथर्ववेदका अभिचार (जादू-टूना) प्रधान तांत्रिक अंशहरूसित विषयगत र अभिव्यक्तिगत समानता छ। वास्तवमा रामगाथा आफ्नो केन्द्रीय रूपमा आर्यगाथा हो, यसमा सन्देह छैन तर आफ्नो विकासपथमा यसले एउटा आर्य-आर्येतर विभिन्न लोक-संस्कृतिकबाट धेरै कुछ ग्रहण गर्दैगयो। फलतः आफ्नो वर्तमान लब्ध रूपमा यो शुद्ध आर्यगाथा नरही नव्य आर्य वा 'दीक्षित आर्य'-को कथा बन्न पुग्यो, जुन निषाद् र द्रविड़ संस्कृतिहरूसित अंगाभिभावले जोड़िएको छ। यस मिथकको बुनावटमा संबन्ध सूत्रहरूको यो विमिश्रता नै यसको आन्तरिक शुद्धि र व्यापक संवेग शक्तिको कारण हो। मूल रूपमा यो आर्यगाथा हुँदादुँदै पनि यो सबैको आफ्नो बन्यो, किन कि कुनै न कुनै रूपमा सबको यसमा योगदान छ।"

मिथकबारे कुबेरनाथ रायका विचारहरूको सम्पूरक बन्छ इन्द्रबहादुर राईका यी विचारहरू। यद्यपि यी उनका 'प्रह्लाद' कथाको जैविकतालाई लिएर व्यक्त गरिएका विचारहरू हुन् तथापि रामकथाको मिथकीय रूपमा पनि यिनलाई घटाउन सकिन्छ। उनी भन्छन्-

'एउटै कथा जब धेरै लामो कालदेखि लोकप्रिय रहेको हुन्छ, जब त्यसको रूपान्तर धेरै प्रकारले भएको हुन्छ, जब त्यसको अर्थ धेरै लागेको हुन्छ त्यो तथ्यसूचक हुन्छ, त्यस कथाभित्र कुनै मिथक बसिरहेको हुन्छ... जुनै पनि मिथकको आधारिक स्रोत हुन्छ प्राकृतिक घटना नै आदिम मानवले कथेको कथा थिएन त्यो, उनीहरूले देखेको र जानेको सत्य थियो उनीहरूको यो प्राथमिक विश्वास कथा अध्ययनार्थी हामीलाई प्रथम मिथक बन्छ मानव र प्रकृति अभिन्न (मानवीकरण प्रकृतिको) र तिनीहरूले प्राकृतिक परिवर्तन ल्याउन सकिने माने त्यस प्राकृतिक परिवर्तनको मानविक अनुकरणले, कायिक अनुकरणले। बाँच्ने आवश्यकतामा धर्तीमाथि औवर्यमय परिवर्तन ल्याउन (उपासनाको) विश्वस्त विधियुक्ति लिए। पहिलो मिथक संज्ञात्मक थियो, यो दोस्रो मिथक कार्यात्मक। समय र समाज गठनमा परिवर्तनसंग लाक्षणिकताले धरती चिनिन्छ माता, रानी (देवी), सूर्य चिनिन्छ पिता, राजा (देवता)"[१]

'उहिले नै एकादेशमा' मिथकीय कथा हुन्छ, 'यस ठाउँमा यति सालमा' बताउनु इतिहास हुन्छ। स्थान र समयको वैशेषिकताको हुन्छ इतिहास, सार्विकताको हुन्छ मिथक।[२]

'आख्यानभित्र जीवित र क्रियाशील रहिरहेको हुन्छ मिथकहरू, मिथक नभएको कुनै आख्यान हुँदैन कारण मिथक नभई कुनै आख्यान हुँदैन। पुरिएको मिथकहरू उत्खननले चिनिन्छ यिनीहरू पृथ्वीभरिकै धार्मिक विश्वासहरूभित्र र धार्मिक अनुष्ठानहरूमा जीवित छ मिथकहरू।[३]

रामकथामा जीवित मिथकको उत्खननको काम आधुनिक आलोचकहरूबाट समय समयमा हुँदैछ र कथाको आद्यस्वरूपको निधो लाउने प्रयास पनि प्रकृतिको आधारमा गरिँदैछ। कुमार प्रधान लेख्छन्, '' आदिम मान्छेले दिनदिनै आफ्नो परिवेशमा देखेको जन्म र मृत्यु, उदय र अस्त, हरियो र रूखोलाई अर्थ्याउन रचेको 'मिथ'-मा प्राचीन महाकाव्यको बीजरूप मूलकथा खोज्ने आद्यस्वरूपीय समालोचना वा आर्च्टाइपल क्रिटिसिज्मलाई रामायणको कथामा पनि प्रयोग गर्न सकिन्छ। इलियड र ह्यामलेटका कथाहरूमा यो पृथ्वीलाई बसन्तको हातदेखि शिशिरले खोसेको बीउकथा छ भने पृथ्वीबाट हलोको टुप्पो (सीता)-ले जन्माएकी सीतालाई बसन्तको रमणीयता (राम)-बाट खोसेर रावणले हरेको कथामा, हनुमान्‌का कथाहरूमा यस्तै मिथहरूको थुप्रो पाउँछौं। आदिम मनुष्यदेखि मर्मलाई छुँदै आएको कथाले त्यही मनुष्यको आधुनिक सन्तानको बुनियादी मनुष्यपनलाई स्पर्श गर्नु प्राकृतिक हो। यस्तै छुट्टै मिथहरूमा जोड़िएर हुँर्किएको रामकथामा भएको इतिहास पनि पछि कथा भएरै थपिएको हुन सम्भव छ"[४]

पुराण र इतिहासको अध्ययन वैदिक सूत्रहरूको गूढ़ अर्थहरू बुझ्नलाई हो। पुराणमा युगको र राजाहरूको वंश-वर्णन हुन्छ। यसैले यो इतिहास पनि हो। भारतीय मान्यता अनुसार रामायण र महाभारत दुइ इतिहास ग्रन्थहरू हुन्। यस आधारमा रामकथा एउटा इतिहास हो। तर यो नग्न र जड़ इतिहास होइन, इतिहासको निचोड़ हो। किनकि यो एउटा काव्य [५] हो, एउटा आख्यान [६] हो। अनि यो आख्यान मानवले कथेको कथा होइन, वाल्मीकि नामक व्यक्तिको कपोल कल्पना मात्र होइन। यो उनीहरूले देखेको र जानेको सत्य हो। सत्य इतिहास सापेक्षित हुन्छ। इतिहासको ' भवति' प्रवाहमा जुन 'अस्ति'तत्त्व 'शाश्वत' बनेर

---

*१. इन्द्रबहादुर राई- अर्थहरूको पछिल्तिर, जनपथ प्रकाशन, गान्तोक, १९९४, पृ.४*

*२. ऐ.पृ.१५*

*३. ऐ.पृ.६०*

*४. कुमार प्रधान - रामायण भानुभक्तका कृति अध्ययनहरू पृ.११७*

*५. वा.रा.१.२.४१, ६११८.१०५*

*६. ऐ.१.४.३२, .६.११८.११८*

बसेको हुन्छ त्यही मिथक हो अनि मिथक हो आख्यानको प्राण।

इतिहासको मनुष्य काव्यमा पुरूष बन्छ अनि दर्शनमा उही परम पुरूष र परमब्रह्म देखिन्छ। यो सब लीला मिथकको हो। रामकथामा पुरिएका तर जीवित र क्रियाशील रहिरहेका यी मिथकहरूको उत्खनन कार्य शुरूदेखि अर्थात् वैदिक वाङ्मयदेखि हुनु आवश्यक ठहर्छ र अरू विवेच्य संभावित स्रोतहरू हुन् वौद्ध जातक र ग्रीसेली काव्य।

**१.२. वैदिक वाङ्मय र रामकथा-**

वैदिक साहित्य विश्वको प्राचीनतम साहित्य हो। यसका चार संहिताहरू छन्, ऋक्, साम, यजु र अथर्ववेद। ऋक् संहिता अथवाऋग्वेद यस साहित्यको सबभन्दा प्राचीन, विशाल र मान्य ग्रन्थ हो। भारतीय सभ्यता र संस्कृतिको सम्पूर्ण प्रेरणाको स्रोत यसैलाई मानिन्छ। भारतीय आर्यहरूले आफ्नो जीवनको प्रभातमा कुन प्रकारले समाजको विकास गरे, धर्म, दर्शन, ज्ञान, विज्ञान, कला र साहित्यको कस्तो प्रगति गरे र त्यसद्वारा मानव हितमा के कति योगदान दिए, यी सबको मूल एक मात्र वेद हो। यसमा न केवल हाम्रो समाजको सांस्कृतिक निधि सुरक्षित छ, अपितु मानवताको विकासको इतिहासमा पनि यसको स्थान महत्वपूर्ण छ। भारतीय संस्कृतिले मानव जीवन मूल्यको निर्धारणको निम्ति सधैं नै वेदलाई नै सर्वोच्च सत्ता मानेको छ।[१]

साहित्यिक दृष्टिले पनि ऋग्वेदको महत्व ठूलो छ। यसमा उच्चकोटिको काव्य पाइन्छ र काव्यका सबै रूपको बीज पाइन्छ।[२] मंत्रहरू छन्दोवद्ध छन् जो लगभग साठी किसिमका छन्। गायत्री, उष्णिक, त्रिष्टुभ, अनुष्टुभ, वृहति, पंक्ति र जगती छन्द विशेष प्रयुक्त छन् र शेष छन्दहरू यिनैका भेद-प्रभेद रहेका छन्।

वेदमा आदिकाव्य रामायणको कुनै सूत्र उपलब्ध छ कि छैन र छ भने त्यसको रूप कस्तो छ अनि त्यसको विकास कसरी भएको छ, यस परिच्छेद्को अभीष्ट यही छ।

**१.२.१. रामायणी पात्र-** रामकथाको कथावस्तुको अभाव भए तापनि केही प्रमुख पात्रहरूको नाम र चिनका चारित्रिक गुण वैदिक वाङ्मयमा कहीं-कहीं पाइन्छ, जस्तो इक्ष्वाकु, दशरथ, अश्वपति, राम, सीता, जनक आदि। तर यी पात्रहरू यहाँ स्वतन्त्र व्यक्तिहरू छन् र तिनका आपसिक सम्बन्ध तथा कथासूत्र वेदमा उपलब्ध छैन। तथापि यतिका पात्रहरू वेदमा पाइनुले वेदमा रामकथाको अस्तित्व खोज्ने जिज्ञासा बढ्नु स्वाभाविक हुन्छ।

इक्ष्वाकुः रामायणमा इक्ष्वाकु अयोध्याका सूर्यवंशी राजाहरूमा प्रथम राजा हुन्। यिनकै वंश इक्ष्वाकु वंश भनी विख्यात छ जुन वंशमा रघु, राम जस्ता पुरूष जन्मे। यस्तै वंशवर्धक इक्ष्वाकुको उल्लेख ऋग्वेदमा एक ठाउँ यसरी भएको छ-

यस्येक्ष्वाकुरूप व्रते रेवान् मराय्येधते।[३]

अर्थात्, जुन जनपदका राजा इक्ष्वाकु छन्, उनको रक्षारूप कर्ममा त्यस जनपदको वृद्धि हुँदछ।

इक्ष्वाकु नाम अथर्ववेदमा पनि आएको छ-

---

*१. श्री सत्य साई - ऐ. प. २७*

*२. वैदिक साहित्य - प्रकाशन विभाग दिल्ली पृ. १५*

*३. ऋग्वेद १०.४.६०*

*४. अथर्व १६.३६.६*

त्वा वेद पूर्व इक्ष्वाको यम्।[४]

अर्थात् (हे औषधे!) तिमीलाई पूर्वकालमा इक्ष्वाकुले (व्याधि नाशकको रूपमा)जानेका थिए। यसबाट वैदिक इक्ष्वाकु वीर र बुद्धिमान देखिन्छन्।

**रघुः** ऋग्वेदमा रघु नाममा होइन तर कर्मको अर्थमा छ- रघुःश्येनः पतयत्....[१] अर्थात् बाज झैं तेज गतिले (सूर्य किरण आऊन्)। रामायणमा यसको लाक्षणिक अर्थ छ- राजा दिलीप शब्दार्थ जान्दथे, त्यसैले यो बालक शास्त्रमा तेज होस्, त्यस्तै युद्धमा शत्रुलाई मात गरोस् भनेर लघि धातुको गति अर्थ विचार गरेर पुत्रको नाम रघु राखे।[२]

**दशरथ-** ऋग्वेदमै दशरथको उल्लेख यसरी गरिएको छ-

चत्वारिंशद् दशरथस्य शोणाःसहस्रस्याग्रे श्रेणिं नयन्ति।[३]

अर्थात् दशरथका राता तथा खैरे रंगका चालीस घोड़ाहरूले एक हजार घोड़ाहरूको दलको नेतृत्व गर्छन्।

रामायणमा दशरथलाई जनपदका प्रिय, अतिरथी, वीर भनिएको छ[४]जो दश हजार महारथीहरूसित एक्लै युद्ध गर्न समर्थ थिए। वेदोक्त चालीस घोड़ालाई प्रति रथ चार घोड़ाको हिसाबले दश रथ नै मानेर यो नाम लाक्षणिक मान्न पनि सकिन्छ। दशरथको अयोध्या पनि घोड़ाको निम्ति विख्यात थियो- 'कम्बोज, बाह्लीक, अरब र सिंधमा पाइने इन्द्रका घोड़ा जस्तै उत्तम-उत्तम घोड़ाहरूले आयोध्या शहर भरिभराउ थियो।[५]

**अश्वपति-** केकय देशका राजा तथा दशरथ पत्नी कैकेयीका पिता अश्वपति रामायणका एक पात्र हुन्। शतपथ ब्राह्मणमा यो नाम एकपल्ट आएको छ-

ते हो चुः अश्वपतिर्वा अयंकैकेय सम्प्रति वैश्वानरं वेद।[६]

अर्थात्, उनले भने, यी अश्वपति कैकेयले अहिलेघरी वैश्वानरलाई चिन्दछन्। यहाँ व्यक्तिनाम अश्वपति र स्थाननाम केकय रामायणकै अनुरूप छ। छान्दोग्य उपनिषद्मा पनि वैश्वानरका ज्ञाता राजा अश्वपतिको चर्चा छ। तर अश्वपति यहाँ केकय देशका राजा नभएर कैकेय नामक राजाका पुत्र छन्-

तान्होवाचास्पतिर्वै भगवन्तोअयं कैकेयः सप्रतीममात्मानं वैश्वानमध्येति त हन्ताभ्यागच्छामेति। त हाभ्याजग्मु।[७]

अर्थात् उनी (उद्दाल) भन्न लागे, हे भगवन्! यस समय कैकेयका पुत्र राजा अश्वपतिले आत्मरूप

---

*१. ऋग्वेद ५.४५.६*

*२. रघुवंश ३.२१*

*३. ऋग्वेद १.१.१२६*

*४. वा.रा.१.६.१-२*

*५. ऐ.१.६.२१*

*६. श.ब्रा. १०.६.१.२*

*७. छा.उप. ५.११.४*

वैश्वानरबारे राम्ररी जान्दछन्, सबैको अनुमति भए उनीकहाँ जाऊँ। अनि ती अश्वपतिकहाँ गए। यहाँ यी दुवै प्रसंगमा अश्वपति केकय अथवा कैकेय कुमार अश्वपति आत्मज्ञानी राजाको रूपमा लिइएको छ।

**जनक**- रामायणमा विदेह जनकलाई जस्तो तत्वज्ञानीको रूपमा प्रस्तुत गरिएको छ, वैदिक वाङ्मयमा जनकलाई उही रूपमा दर्शाइएको छ। शतपथ ब्राह्मणमै चार ठाउँ जनकको नाम आएको छ।[१] यी ठाउँहरूमा जनकका साथै याज्ञवल्क्यको पनि उल्लेख पाइन्छ। जनक र याज्ञवल्क्यका माझ ब्रह्मविद्या सम्बन्धी अनेक शास्त्रार्थहरू हुन्छन्। याज्ञवल्क्यका उत्तरहरूबाट सन्तुष्ट बनेका जनकले प्रत्येकपल्ट गाईदान गर्छन्। जनक ब्रह्मिष्ट बन्छन् इत्यादि। यी बाहेक जैमिनी ब्राह्मण (२.७६.७७), बृहदारण्यक (३.१.१.२.), कौषीतकी उपनिषद् (४.१)तथा शंखायन आरण्यक (६.१) मा पनि जनकको उल्लेख पाइन्छ।[२] यद्यपि रामायणका अन्य पुरूष पात्रहरूभन्दा जनकको चर्चा वैदिक साहित्यमा केही बड्तै भएको बुझिन्छ, तथापि यी सीताका पिता भन्ने उल्लेख छैन। यहाँ यति मात्र भन्न सकिन्छ शतपथ ब्राह्मणमा अश्वपति कैकेयका साथै वैदेह जनकको पनि उल्लेख पाइने हुनाले यी दुवै समकालीन राजाहरू थिए। फादर बुल्के भन्छन्, 'वैदिक साहित्यको जनक तथा सीताका पिता, यी दुइका अभिन्नता असम्भव त छैन तर अत्यन्त संदिग्ध प्रतीत हुँदछ।[३]

**राम**- राम रामायणका केन्द्रीय पुरूष हुन् तथापि ऋग्वेदमा एकै ठाउँ मात्र उनको उल्लेख भएको छ -

प्रतद दुःखीमे पृथवाने वेने प्र रामे वोचमसुरे मघवत्सु।

ये युक्त्वाय पञ्च शतास्मयु पथा विश्रव्येषाम् ।१०.६३.१४.

अर्थात्, राजाहरूमा अत्यन्त वलिष्ठ दु;खीम, पृथवान, वेन तथा रामकन म स्तुति गर्दछु जो अन्य देवताहरू सहित पाँच सय अश्वयुक्त रथहरूद्वारा हाम्रा कामना पूर्ण गर्न यज्ञमार्गबाट आउँछन्। अन्य धनदाता देवगण जो छन् तिनका पनि स्तुति गर्दछु।

यहाँ उल्लिखित राम कुनै अन्य राजाको नाम होला भन्ने धारणा फादर बुल्केको [४] तर लक्ष्मी नारायण तिवारीले सूर्यवंशी राजा वेनको पछि बर्णित सूर्यवंशी राम नै हुन् भन्ने विचार व्यक्त गरेका छन्।[५]

ऋक् संहिता बाहेक यसको पहिलो ब्राह्मण ऐतरेय (७.२७.३४) मा राम मार्गवेय, सामवेदको चौथो ब्राह्मण जैमिनी (३.७.३.२ र ४.७.१.१)मा राम क्रातुजातेय तथा यजुर्वेदको शतपथ ब्राह्मण (४.६.१.७) मा राम औपतस्विनी भनी वैदिक साहित्यमा विभिन्न रामहरूको उल्लेख भएकोले वैदिककालदेखि नै राजा तथा ब्राह्मणहरू दुवैमा राम नाम प्रचलित रहेको निष्कर्ष फादर बुल्केले निकालेका छन्।[६]

प्रश्नोपनिषद्मा भारद्वाज पुत्र सुकेशाले पिप्पलादलाई भन्छन्-
भगवन्हिरण्यनाभः कौशल्यो राजपुत्रो मामुपेत्यैतं प्रश्नमपृच्छात्।[७]

---

*१. शत.ब्रा. ११.३.१.२.२-४, ११.४.३.२०, ११.६.२.१-१०, ११.६.३.१ द्र. राम कथा पृ.५*

*२. कामिल बुल्के - रामकथा, पृ.५*

*३. ऐ.पृ.६*

*४. ऐ. पृ.३*

*५. लक्ष्मी नारायण तिवारी - वैदिक वाङ्मयमें राम कथा पृ.२१*

*६. कामिल बुल्के - ऐ.पृ.३*

*७. प्रश्नोप ६.१*

(भगवन्! एकपल्ट कोशलदेशका राजकुमार हिरण्याभले मकहाँ आएर सोधे) यहाँ कौशल्यकुमार भन्दा कोशल देशका राजकुमार बुझिए पनि, कौशल्याको पुत्र बुझिए पनि यसको विवक्षित अर्थ राम नै हुन्छ। परन्तु यहाँ राम नभनी हिरण्याभ भनिएको छ। अनि रामायणमा कौशल्या आफ्नो पुत्र रामलाई ' हिरण्यनाभ" नै भनन्छिन्।

क्षिप्रं मामपि कैकेयी प्रस्थापयितुमर्हति।

हिरण्यनाभो यत्रास्ते मुतो मे सुमहायशा।।(२.५७.१३)

(अब कैकेयीले मलाई पनि चाँडै त्यही ठाउँमा पठाइहालून् जहाँ मेरा हिरण्यनाभ मेरा महायशस्वी पुत्र छन्।) अत :' कौशल्यो राज़पुत्र हिरण्यनाभ"लाई यहाँ त्यसै उपेक्षा गर्न नसकिएला!

**सीता**- वैदिक वाङ्मयमा 'सीता" शब्दले ठूलो भूमिका खेलेको छ। यसैले यस नामको उल्लेख धेरै ठाउँमा भएको छ। तर त्यहाँ सीता रामकी पत्नीको रूपमा छैन। पहिले कृषि प्रक्रियाको रूपमा र पछिबाट कृषिकै अधिष्ठात्री देवीको रूपमा प्रतिष्ठित भएको पाइन्छ। ऋग्वेदको चौथो मण्डलको ५७ औं सूक्तमा सीताको स्तुती छ-

अवार्ची सुभगे भव सीते वंदामहे त्वा।

यथा नः सुभगाससि यथा नः सुफलाससि।।६।।

इन्द्रःसीतां निगृह्णातु तां पूषानु यच्छतु

सा नः पयस्वती दुहामुत्तरामुत्तरां समाम्।।७।।

(हे सीते! तिमी सौभाग्यवती होऊ। तिमी धरतीको मनि जान्छ्यौ। हामी तिम्रो वन्दना गर्दछौं किनकि तिमीले सुन्दर सौभाग्य प्रदान गर्दछ्यौ। तिमी सुन्दर फल दिन समर्थ छ्यौ। इन्द्रले सीतालाई ग्रहण गरून्। सूर्यले उनलाई संचालन गरून्। जसले पूर्ण भई उनले प्रत्येक वर्ष हामीलाई धान्य प्रदान गरिरहून्।

सीता सम्बन्धी यो सर्वप्राचीन यो प्रार्थना हो। सीताप्रति अरू प्रार्थनाहरू जति वैदिक साहित्यमा पाइन्छ तिनका अधिकांश सामग्री यसै सूक्तबाट लिइएका छन्। परन्तु यहाँ सीता व्यक्तिवाची नभई कृषिकर्मको वस्तुवाची शब्द हो। हलो जोत्दा जुन डोब वा सीयो धरतीमा कोरिन्छ, मूलतः त्यही सीयाको वा सीताको मानवीकरण वैदिक वाङ्मयको अभिप्राय हो। वैदिक धर्ममा प्रत्येक उपयोगी कल्याणकारी वस्तुको स्तुति छ। ' अन्नं प्रजापतिस्ततो ह वै "[१] अथवा ' अन्नम् हि भूतानां ज्येष्ठम्"[२] भन्दै अन्नलाई सर्वोपरी मान्ने आर्यहरले अन्नोत्पत्तिका कारक सूर्य मेघ, जल, वायु, पृथ्वी सबैको स्तुति गर्दा अन्नोत्पादनका करण-उपकरणहरूको पनि स्तुति गराउनु स्वाभाविकै हो।

ऋक् दशौं मण्डलको सूक्त १०१-को मंत्र २-मा विश्वेदेवा ऋत्विजहरूलाई भन्छन्-

'हे वन्धुजन! कृषिकर्मलाई बढाऊ। हलोरूपी दण्डले नै जीवनरूपी नौकालाई पार लाउँछ। यसलाई ग्रहण गर अनि श्रेष्ठ यज्ञको आरम्भ गर।"

कृषिकर्म नै आर्यहरूको श्रेष्ठ यज्ञ भएकोले गोरू, हलो, फाली मात्र होइन हल्लुँडो र सिर्किनो (बेत)[३] सम्मको उल्लेख पनि वेदमा छ भने खेत (क्षेत्र) र सीया (सीता)[४]- को कुरा त आवश्यक नै ठहरिए।

---

*१. प्रश्नोप, २.१४*

*२. तैत.उप.ब्रह्मानन्द वल्ली २*

*३. शुनं वरत्रा बध्यंत शुनमष्ट्रामुदिंगयां ऋक् ४.५७.४*

*४. सीता - सीआ - सीया (तिर्यक रूपमा)*

अथर्ववेदको ३ य काण्डको १७ औं सूक्तका देवता सीता छन् र यसका द्रष्टा विश्वामित्र छन्। यसमा कृषि संस्तुति यसप्रकार छ-

'सीतालाई इन्द्रले ग्रहण गरून्, पूषाले उनलाई रक्षा गरून्। सीता इच्छित फलले सम्पन्न भई प्रति वर्ष सुख प्रदान गर्ने होऊन्।"

'हे सीते! हामी तिमीकन नमस्कार गर्दछौं। तिमी जुन प्रकारले सुन्दर फलले युक्त छौ, त्यस्तै प्रकारले हामीकहाँ आऊ।"[१]

'घृत तथा मधुद्वारा सिंचित अनि विश्वेदेवा तथा मरूद्गणद्वारा सेवित हे सीते!अन्न,जल सहित हामीकहाँ आऊ"।

यजुर्वेदको १२ औं अध्यायमा पनि कृषि संस्तुति छ। यसका चौबीस देवताहरू र चौबीस ऋषिहरूमा एक देवता कृषिबला र एक ऋषि विश्वामित्र छन्। मंत्र ६८-७३ विशेष कृषि सम्बन्धित छन्।

शुक्ल यजुर्वेदको वाजसनेयी संहिता तथा कृष्ण यजुर्वेदको तैत्तरीय अरण्यकमा पनि सीताप्रति निम्नोक्त प्रार्थनाहरू पाइन्छन्-

'हे कामधेनु सीता! मित्र, वरूण, इन्द्र, आश्विन, पूषण, प्रजा र औषध यी सबका मनोरथ पूर्ण गर। घीउ र महले चिल्याइएंकी सीता विश्वदेवता र मरूद्गणद्वारा रक्षित होऊन्। हे ओजस्वीनी सीते! घीउले लिपिएकी तिमी दूधको साथमा हामीसित रहू।"

तथा ' हे सीते! हामी तिम्रो बन्दना गर्दछौं। हे सौभाग्यवती! हामी तर्फ हेर। तिमी हाम्रा निम्ति सुन्दर धन र फल दिने होऊ।"[२]

वैदिक साहित्यमा सीता सम्बन्धी सामग्रीहरू केलाउँदा सीता शब्दको क्रमिक विकास हुँदै तथा कृषिकर्मको कारणस्वरूप बनेको सीता, हल आदि अरू उपकरणहरूभन्दा माथि उठ्दै सम्पूर्ण अवयवहरूभन्दा भिन्न र स्वतन्त्र सत्ता-सम्पन्न व्यक्तिरूप बनेको पाइन्छ। व्याकरणिक शब्द रूपमा स्त्रीलिंगी सीता शब्दले मानवीय स्त्रैण व्यक्तित्व पाएर क्रमशः कसैकी छोरी (प्राजापत्यानां), कसैकी पत्नी (पर्जन्यपत्नी)[३] हुँदै अर्थव्याप्तिले सम्पूर्ण धरती नै भएपछि पूज्या माता [४] र अन्ततः आराध्य देवीसम्म बनेको देखिन्छ। उनलाई कामधेनु, श्री जस्ता विशेषणहरू तथा सर्वागशोभिनी, हिरण्यमयी, कालनेत्रा, श्यामा आदि उपाधिले पूर्णतः मानवीकरण गर्दै देवीको स्थान वैदिककालमै प्राप्त भइसकेको हो। ऋग्गादि वेद र उपनिषद्मा उल्लिखित सीता कृषिक्षेत्रकी अधिष्ठात्री भए तापनि ब्राह्मणहरू लेख्न थालिएपछि सीताले पूर्णतः दिव्यता प्राप्त गरी देवीको स्थान लिइन्। रामायणकी सीता पनि धरतीसितै सम्बन्धित छिन् र उनमा पनि अद्वितीय गुण छ।

रामायणमा उल्लिखित रघु, इक्ष्वाकु बाहेक रामका अन्य कतिपय पूर्वजहरूका नाम कृष्णयजुर्वेदीय मैत्रायणीयोपनिषद्को अन्तिम आरण्यक १.४- मा एकसाथ आएका छन् जस्तै- अथ किमेतैर्वापरऽन्ये महाधनुर्धराश्चक्र वर्तिनः। केचित् सुद्युम्नभूरिद्युम्नेन्द्रद्युम्नकुवलयाश्वयवनाश्वध्रयश्वाश्वपतिः राशविन्दुर्हरिश्चन्द्रोऽम्बरीषो ननक्तुः शर्यातिर्ययातिरनरण्योऽक्षसेनादयोऽथ मरूत्त भरत प्रभृतयो राजानो मिषतो वन्धुवर्गस्य, महती श्रियं त्यक्त्वास्माल्लोकादमुँल्लोकं प्रयाता;।[५] रामायणमा युवनाव, अश्वपति,

---

*१ मंत्र ४, ८, र ६ ऋक् ४.५७.६.र ७ पनि*

*२. कामिल बुल्के - रामकथा पृ. १६-१७*

*३. अथर्व १२.१.४२*

*४. माता भूमिः पुत्रोऽहं पृथिव्या : अथर्व १२.१.१२*

*५. पं. राजकुमारदास - वेदों में भगवान् श्रीराम, कल्याण ४६ १ पृ. ४८०*

राशविन्दु,हरिश्चन्द्र, अम्बरीष, ययाति, अनरण्य, मरू, भरत आदिका नाम गुरू वशिष्ठले राजा दशरथका वंशावली सुनाउँदा उल्लेख गर्छन्।[१]

१.२.२. **रूपकीय पात्र**

रामकथामा वैदिक देवताहरूको पनि विशेष भूमिका रहेको छ। एकातिर देवयोनीका यी पात्रहरू प्रत्यक्ष रूपमा सहायक छन् भने अर्कातिर यिनका परोक्ष उपस्थितिले कथामा सरसता र सहजता पनि ल्याएको छ। वास्तवमा यी रूपकीय पात्रहरू मात्र हुन् जसको प्रयोग रामायणी पात्रहरूको गुणको विशेषता बुझाउन गरिएको छ। यास्कले आफ्नो निरूक्तमा तीन थरिका देवताहरू मानेका छन्- पृथ्वी स्थानीय, अन्तरीक्षस्थानीय र द्युस्थानीय।[२] पृथ्वीस्थानीय देवताहरूमा अग्नि र पृथ्वी, अन्तरीक्षस्थानीय देवताहरूमा इन्द्र र मरूत् तथा द्यौस्थानीय देवताहरूमा सूर्य र चन्द्र प्रमुख छन्। यी सबै देवताहरू रामकथामा पनि रूपायित छन्।

इन्द्र- ऋग्वेदका सर्वप्रधान देवता इन्द्र हुन्। यी वैदिक आर्यहरूका राष्ट्रीय देवता पनि हुन्। उनको सम्बन्धमा त्यहाँ सबभन्दा बेसी लगभग अढ़ाइ सय सूक्तहरू छन्। इन्द्र देवताहरूमा परम पूज्य र परम वीर मानिएका छन्। ऋषिहरू उनको वीरगाथा बारम्बार दोहोऱ्याउँछन्। देवराज इन्द्र क्षात्र धर्मका नायक हुन्। उनी विशेषगरी दैत्यहरूका संहारक हुन्। विप्र, शुष्ण, अर्बुद, करंज, पर्णय आदि कैयन् दैत्यहरूलाई इन्द्रले मारे। मरूद्गणका सहायता लिई उनले भयावह वृत्रको पनि वध गरे। इन्द्र वीर हुनाको साथै सुन्दर पनि छन्- इन्द्रो वज्री हिरण्ययं, सुवर्ण समान रूपवान इन्द्र[३], हे सर्वेश्वर सुन्दर रूपवाला इन्द्र[४] आदिद्वारा उनको प्रशंसा गरिएको छ। इन्द्र अजानुबाहु छन् (६.१९.३, ८.३२.१०) अनि मनमोहक पनि छन् (१०.११२.३)। धनी धनुर्धारी पनि हुन् (८.४५.४, १०.१०३.२-३)। उनको रंग हरियो छ (.....)। एक राक्षस (वृत्र ?) नाश गर्नलाई नै देवताहरूले इन्द्रलाई उत्पत्ति गरेका थिए 'देवगण तथा आकाश र पृथ्वीले ब्रह्माद्वारा विश्वका स्वामी बनाई उत्तमकर्मा र पापविनाशक इन्द्रलाई प्रकट गरे (३.४९.१)। राक्षसहरू यज्ञनाशक थिए (७.१०४.१८)। इन्द्रले कस्ता-कस्ता राक्षस मारे। उरूण जसको ९९ वटा हात थिए (२.१४.४), विश्वरूप जसको ३ टाउका र ६ आँखा थिए।

वृत्रवध बाहेक दानवहरूका सात नगरी ध्वंश गर्नमा (१०.४९.८.१.१७४.२)सप्त समुद्र अवरूद्ध गर्नमा (८.४०.५) तल तथा नमुचि, कुवय, वृत्रादि सात वलिष्ठ दानवहरू मार्नमा पनि इन्द्रको पराक्रम चंकिएको हुनाले इनलाई सप्तहन पनि भनिएको छ (१०.१२०.६)। बाल गंगाधर तिलकले इन्द्रलाई सप्तहन मात्र होइन, अयज्यव दशराज्ञासितको युद्धको कारणले दशहन भन्नु पनि उचित ठानेका छन्।[५] इन्द्रका अन्य शत्रुहरूमा दशोनि तथा दसमाया पनि छन्। दशराज्ञा युद्धमा सुदास राजालाई विरोध गर्ने नास्तिक वा दैत्य राजाहरू दशजना थिए। तिलक भन्छन्, 'ती दशैजना नास्तिक राजाहरूलाई दश टाउका भएको एउटै राजाको रूपमा लिन सकिन्छ र दशशिर राक्षस भनेर सम्झन सकिन्छ जस्तो दशअंगिरसहरूका प्रधान वृहस्पतिलाई दशशिर वा दशानन भएको मानिन्छ।[६]

---

*१. वा.रा.१.७०*

*२. निरूक्त*

*३. ऋकू १.७.२*

*४. ऐ. १.६.३*

*५. बाल गांगाधर तिलक-दि आर्कटिक होम इन द वेद्स्, पृ.३२१*

*६. ऐ. पृ.३२३*

वैदिक इन्द्रका यी विशेषताहरू रामायणका रामसित सहजै घट्छन्। इन्द्रलाई झैं रामलाई पनि यज्ञविरोधी राक्षसहरू, विशेषगरी दशानन मार्न देवताहरूले प्रकट गरेका हुन्।[१] रामले ताडका, विराध, खर, दूषण, त्रिशिरा आदिका वध गरे। मरूत्पुत्र हनुमानको सहायता लिएर रावण वध गरे। राम पनि सुन्दर छन्, पूर्णचन्द्र जस्तो मुहार भएका (२.१.४४, २.४४.२२, ५.३४.२८...) अनि अजानुवाहु (२.२.२२)। रावणको वध गर्नैलाई रामको पनि जन्म भएको छ (१.१५.१.३४)। इन्द्रको पराक्रमले उनी सप्तहन भए अनुरूप सुग्रीवले पनि रामको पराक्रम बुझ्न सप्त तालवृक्ष एउटै वाणले भेदन गर्ने परीक्षा लिन्छन् (४.१२.४)। अथर्ववेदमा सीतालाई पर्जन्यपत्नी (१२.१.४२) भनिएको छ।[२] पर्जन्य भनेको वृष्टि देवता अथवा इन्द्र हुन् अनि रामायणमा सीता रामपत्नी भएकीले राम र इन्द्रमा अभिन्नता स्थापित स्वतः हुँदछ। दशाराज्ञा (दशानन) जिल्ने इन्द्र हुन् भने रावण (दशानन) जिल्ने राम हुन्। रामायणमा धेरै ठाउँ रामलाई इन्द्रको समान मानिएकै पनि छ।[३] इन्द्र रामका रूपक मात्र होइनन् तर कहिले कहीं मित्र पनि हुन्। युद्धभूमिमा इन्द्रले रामलाई आफ्नो रथ, सारथी, कवच, धनुर्वाण र शक्ति पनि पठाउँछन्।[४] अनि रामले रावणलाई वध गर्दा आगस्त्य मुनिले दिएको त्यही अमोध वाण चलाए जुन वाण ब्रह्माले इन्द्रको निम्ति वृत्रवध गर्न तयार गरेका थिए।[५]

मरूत्- वृत्रवधमा मरूद्गणले इन्द्रलाई सघाएको कुरो वेदमा यत्रतत्र छ। गुफामा लुकाइएका गाईहरूको उद्धार पनि इन्द्रले मरूद्गणकै सहायताले गरेका थिए (ऋक् १.६.५)। वेदमा मरूतलाई महाबली सुवक्ता अपतित, अभय, द्रूतगामी तथा युद्धमा हिंड्दा पृथ्वी कँपाउने (१.८७.१.२) भनिएको छ। मरूत्पुत्र हनुमान्को प्रकृति पनि यसभन्दा भिन्न छैन। वीरहरूले झैं आक्रमण गर्ने मरूद्गण यशको निम्ति वीरकर्म गर्नेहरू छन् (ऋक् १.८५.५)। यस्ता द्रूतगामी मरूत् रूद्रका पुत्र हुन् (१.८५.१)।

वैदिक मरूद्गणको जन्मकथा र रामायणी वानरगणको जन्मकथामा पनि अभिन्नता छैन। वृत्रवधमा इन्द्रलाई सहायता पुऱ्याउन पृश्निले मरूद्गणको सृष्टि गरेका हुन्-

यसूत पृश्निर्महते रणाय त्वेषमयासां मरूतामनीकम्।[६]

(पृश्निले महायुद्धको निम्ति चपल मरूद्गणलाई उत्पन्न गरे।)

रामायणमा देवगणले पनि उही उद्देश्यले वानरहरू जन्माएका छन्-

ते तथोक्ता भगवतातत् प्रतिश्रुत्य शासनम्

जनयामासुरेवं ते पुत्रान् वानररूपिण।[७]

(भगवान् ब्रह्माको आज्ञा स्वीकार गरी देवताहरूले वानर रूपमा अनेकन् पुत्रहरू उत्पन्न गरे।)

देवताहरूमा पनि मरूत्ले नै वानरश्रेष्ठ हनुमान् जन्माउनमा अर्को विशेषता दर्शिन्छ। ऋक् आठौं

---

*१. वा.रा.१.१६.१.४*

*२. ऋक् - इन्द्र सीता निगृह्णातु ४.५७.७ (इन्द्रले सीतालाई ग्रहण गरून्)*

*३. वा.रा.२.१.८, २.२.११, ६.११०.१७*

*४. ऐ.६.१०३.१४-१५*

*५. ऐ.६.११०.४-५*

*६. ऋक्१.१६८.६*

*७. वा.रा.१.१७.८*

मण्डलको बीसौं सूक्तामा मरूद्गणका नेताको वर्णन यस्तो छ- 'यी मरूद्णका नेता शक्तिशाली, कुटिलता - रहित अग्नि सेचन् कर्मठ छन्। यी बहूसंख्यक मरूद्गणको नाम एउटा भएर पनि, जस्तो भोगको निम्ति पैतृक - सम्पत्ति यथेष्ट हुन्छ, उसरी नै यथेष्ट छन्" युद्धगामी वैदिक मरूद्गणको वर्णन छ, 'ती मरूत्हरूको भेषभूषा एउटै छ। तिनका हृदय प्रदेश चंकिला सुवर्ण हारले सुशोभित छन्। तिनका हातमा हतियार चंकिरहेछन्। ती मरूद्गण पराक्रमी छन्, उग्रकर्मा छन्। हे मरूद्गण! तिम्रा रथहरू धनुष र आयुधले सम्पन्न छन् र रणक्षेत्रमा सबै सेनाहरूका मुहारमा विजयको भाव नै परिलक्षित छ।"[१]

शक्ति लागेर मुर्छित बनेका लक्ष्मणको निम्ति हनुमान्ले पाहाड़बाट संजीवनी बुटी ल्याएको प्रसंग हनुमान्को पक्षमा खुबै प्रख्यात छ। वैदिक मरूत्हरू पनि औषधी ल्याउँछन् जो सिन्धु, असिक्नि समुद्र र पर्वतमा पाइन्छ (८.२०.२३.२५.) अनि तिनका औषधले जनपदलाई उपचार र चैतन्य प्रदान गर्छ (५.५३.१४)। वात वा मरूत् रोगका उपचारक तथा अमृतत्वको अखण्ड कोषकार हुन् (१०.१८३.१-२)। त्यहाँ कण्व ऋषि एक ठाउँ भन्छन्ः 'हे मरूद्गण! नदी, समुद्र, पर्वतमा तिम्रै औषधिहरू छन्। हाम्रा शरीरको उपचारको निम्ति उपयुक्त औषधि ल्याई व्याधिग्रस्त अंग तथा जुनै पनि रोगलाई पूर्ण शमन गर।[२] रामायणका वानरहरू पनि वन्य प्राणी भएकाले वनस्पतिसित सुपरिचित छन्। वानर वैद्य सुषेण छन्। उनी पनि मरूत्पुत्र हनुमान्लाई भन्छन्, 'हे भाइ!झट्टै महोद र पर्वतमा गई त्यसको दक्षिणपट्टिको शिखरमा उम्रिराखेको महौषधि यहाँ लिएर आऊ। विशल्यकरणी, सावर्णकरणी, संजीवकरणी र संधानी यी चार औषधि लक्ष्मणलाई जीवित गराउन तिमीले ल्याउनु पर्‍यो।"[३] अतः वेदमा वर्णित मरूद्गण र रामकथाका वानरगण प्रकृति र प्रवृत्तिमा अभिन्न देखिन्छन्।

**अग्नि**- ऋग्वेदमा अग्निको अग्रस्थान छ। ऋक्को प्रथम देवता पनि अग्नि नै हो। यसको प्रथम मात्र होइन प्रथम पाँच मंत्र अग्निबाटै शुरू भएको छ। यास्कको निरूक्त अनुसार पनि अग्निको अर्थ 'अग्रणीर्भवति"[४] (जो अघि हुन्छ) तथा 'अग्रं यज्ञेषु नियते"[५] (जो यज्ञमा सबभन्दा पहिले ल्याइन्छ) हुन्छ।

मानवले आफ्नो सभ्यताको मार्गमा प्रथम प्रकाश अग्निद्वारै पाएको हो। यो उसको प्रथम आविष्कार थियो। सभ्यताको मिरमिरेमा अग्निको अतुलनीय अवदानले आर्यहरूले अभिभूत भई यसलाई अग्र स्थान दिएर अग्र + नि अर्थात अग्नि भनी प्रथम ध्वनिको रूपमा स्तुति गर्दै वेद शुरू गरे-

अग्निमिले पुरोहितं यज्ञस्य देवमृत्विजम्। होतारं रत्नधातमम्। (१.१.१.)

अर्थात् म अग्रणी प्रकाशित, यज्ञकर्ता, देवदूत, यत्नमुक्त अग्निको स्तवन गर्दछु। आगाको आविष्कार र ज्ञानलाई उनीहरूले मंत्रवद्ध गरे- ' आदित् ते विश्वे, ऋतुं जुषन्त शुष्काद्यद्देव"[६] (हे अग्नि! शुष्क काठका घर्षणबाट तिमी उत्पन्न भयौ"।) अथवा, 'यो अश्यमनोरन्तरग्नि जजान"[७] (दुइटा पाषाणबीच अग्निको जन्म हुन्छ।) अथवा 'मानिसले आफ्ना हातले अरणि मथेर अग्नि उत्पन्न गर्छन्।"[८]

---

*१. ऋक्. ८.२०.११-१३*

*२. ऐ. ८.२०.२५-२६*

*३. वा.रा. ६.१०२.३१*

*४. यास्क*

*५.ऐ*

*६. ऋक्. १.६८१*

*७. ऐ. २.१२.३.वा ३.२९.१*

*८. ऐ ७.१.१.*

आगाको आविष्कारपछि मानिस घर बनाई स्थायी रूपले बस्न थाल्यो। उसले आगाको गुण बखान्न थाल्यो- ' प्रतिमर्ता अवासयो दमूना"[१] (आगाले मानिसलाई बसायो, अथवा ' नजिकको वन्धु बनेर यो घर-घरको निवासी (७.१५.१.२)), हर घरको अतिथि (१०.६.११.२) र मानव बस्तीको प्रथम अतिथि (४.६.२, ५.८.२) भयो। अनि त अग्निको जन्मलाई आर्यहरूले अलंकृत भाषामा पनि अभिव्यक्त गर्नथाले- 'हे अर्ध्वहरू हो! उर्ध्वमुखी अरणी (नारी)माथि अधोमुखी अरणी (पुरूष) राख, गरम भएपछि अग्नि उत्पन्न हुन्छ" (३.२९.३)। अथवा 'अग्नि जन्मँदै यसले आमाबाबु खान्छ (१०.७९.४), ' यसलाई दुइ माताले जन्माउँछन्" (१.३१.२), 'यसलाई दश युवती (औंली)ले जन्माउँछन्" (१.९५.२) इत्यादि। यी अभिव्यक्तिहरूमा कल्पनाको पुट छ र ऋषिहरू काव्यात्मकतातर्फ अग्रसरित हुन लागेका देखिन्छन्।

ऋग्वेद अनुसार अग्नि सर्वफलदाता हो। यो जात-यज्ञ (१०.८३.२) अर्थात् जन्म-यज्ञ हो। मनुष्यको हित गर्ने अग्निले धेरै धन र उपहार प्रदान गर्दछ (१.७२.१)। रामायणमा दशरथ पुत्रेष्ठि -यज्ञ गर्छन्। यो एक प्रकारले जात कर्म नै हो। रावण-वध गरी लोकहित गर्ने उद्देश्यले देवताहरूका प्रधान अग्निले पायसको उपहार राजालाई दिन्छन् जसबाट रामादि चार पुत्रधन दशरथलाई प्राप्त हुँदछ, अर्थात् अग्नि नै रामका प्रजनक हुन्। तैत्तरीय उपनिषद्मा अग्निको प्रजनन शक्तिबारे अझै भनिएको छ५ 'अग्नि प्रजानां प्रजनयति (१.७.२.३) सन्तान (प्रजा) उत्पन्न गर्ने अग्नि हो। ' अग्निर्वै रेतोधा" (२.१.२.११) वीर्याधान गर्ने अग्नि हो। ' प्रजनन वा अग्नि" (१.३.१४) सन्तान उत्पन्न गर्ने अग्नि हो। 'वीर्य वा अग्नि" (१.७.२.२) वीर्य नै अग्नि हो। यसले पनि रामादिको जन्ममा अग्निको भूमिका सिद्ध गर्दछ।

रावणद्वारा अपहृता सीताको शील-परीक्षामा अग्नि नै उनको पवित्रताको साक्षी दिन्छन्- ' हे राघव! शुद्ध मन भएकी, लेश मात्र पनि पाप नभएकी यी सीतालाई ग्रहण गर। यस विषयमा यिनलाई केही नभन्नू भन्ने म तिमीलाई आज्ञा दिन्छु।"[२] राम र सुग्रीवको मितेरीमा साक्षी बसेका यी अग्नि[३] आज पनि सबैभन्दा ठूला साक्षी मानिन्छ।

पुच्छरमा लगाइएको आगाले पनि रामदूत हनुमान्लाई कुनै क्षति गर्दैन। बरू त्यसले लंका दहन गरी रावणलाई भयभीत तुल्याउँदै रामको शक्तिलाई नै प्रकाशित गर्दछ। वानर सेनाका एक सेनापति नील अग्नि-पुत्र हुन् (१.१७.१३.)। यसरी अग्नि देवरूपमा होस् कि वस्तुरूपमा, प्रत्यक्षमा होस् कि परोक्षमा रामकथा सक्रिय देखिन्छ।

**सूर्य-** द्युस्थानीय देवताहरूमा सूर्य मुख्य देवता हुन्। कर्मभेदले मित्र, सवितृ, पूषण तथा विष्णु पनि भनिन्छ। सूर्यसूक्त ऋग्वेदमा अपेक्षाकृत कम (१४ सूक्त मात्र) भए तापनि अग्निको स्तवनमा उनलाई द्युस्थित अग्नि (१०.८८.५.) तथा इन्द्रले स्तवनमा सूर्यको रूपमा विद्यमान इन्द्र (१.६.१) अथवा इन्द्र नै सूर्य हुन् (१०.८९.२.) भन्दै सूर्यलाई देवप्रधान अग्नि देवराज इन्द्रकै समान महत्त्व दिइएको छ। अग्निको तेज र इन्द्रको पराक्रम समेटेका यी वैदिक सूर्यको रामकथासित रगतकै सम्बन्ध छ। त्यो के भने, रामको जन्म सूर्यकै वंशमा भएको छ र सूर्यवंशी राममा सूर्यकै वीर्य छ। राम आफ्ना काल र कर्मका सूर्य नै हुन्। सूर्यलाई वेदमा मित्र पनि भनिएको छ। रामका मित सुग्रीव अन्ततः सूर्यकै पुत्र हुन्।

---

*१. ऐ-३.१.१७*

*२. स्मावी विद्यानन्द सरस्वती - भूमि भास्कर इन्टनेशनल एरियन फाउण्डेशन, बम्बई - ५० सन् १९८८ पृ.६१*

*३. वा.रा.६.१२०.१०*

*४. ऐ.४.८.४*

148361
19 JUL 2002
North Bengal University Library
Raja Rammohanpur

**चन्द्र**- वैदिक देवताहरूमा चन्द्र अर्का द्यौस्थानीय देवता हुन्। यिनको उद्भव परमात्माको मनबाट भएको मानिएको छ 'चन्द्रमा मनसो जात।"[१] वैदिक साहित्यमा चन्द्रमा र सोमको अस्तित्व अलग भए तापनि औषधीका देवता चन्द्रमा र औषधीका राजा सोम एउटै गुणका छन्। ' या ओषधीः सोममराज्ञीर्विष्ठताः पृथिवीमनु[२] अर्थात्, जुन औषधी पृथ्वीका विभिन्न भागमा छन्, सोम तिनका राजा हुन्। जहाँ 'हे चन्द्र! तिमी एकेक कला बढ्दै प्रतिदिन प्रकट हुन्छौं" भनी भनिएको छ त्यहीं ' हे सोम! तिमी द्रष्टव्य छौं, तृतीयादिमा स्फूट दर्शन दिंदै पूर्णिमा मा पुगेर समग्र बन्दछौं, भन्ने पनि हुनाले लौकिक साहित्यमा चन्द्रमा र सोम पर्यायवाची शब्द बने।

चन्द्रमाको विशेष भूमिका रामकथामा छैन। तर ड. वेबरले सोमको अर्को शब्दरूप चन्द्र मानेर सीता सावित्री उपाख्यानको आधारमा राम र सोमको समाहार गरी रामचन्द्रको कल्पना गरेका छन्।[३] परन्तु फादर बुल्केले रामसित चन्द्र उपाधिको आधार रामको सुन्दरता र सौम्यताको अभिव्यंजना मानेका छन्।[४] शब्दक्रीडा नै गर्ने हो भने सौम्य पनि सोमकै भाववाची रूप हो। यथा, सौम्य-सोमो देवतास्य तस्येदं वा अण्।[५] यसोगरी रामसित सोम राजाको वा सोम देवताको सम्बन्ध स्थापित गर्न सकिन्छ। रामचन्द्रमा सूर्यको सौर्य र चन्द्रको सौम्य दुवै छ।

**पृथ्वी**- पृथ्वीस्थानीय देवताहरूमा पृथ्वी मुख्य छन्, ऋग्वेदको द्यावा पृथ्वी सूक्तमा आकाशलाई पिता र धरतीलाई माता भनिएको छ।[६] अथर्ववेदमा पनि पृथ्वी माता पर्जन्य पिता भनिएको छ।[७] प्रथ अर्थात् फैलनुबाट पृथ्वी शब्द निष्पादित भएको छ। कृषि-पद्धतिको क्षेत्र वा खेतको विस्तीर्णता नै पृथ्वी हो। अन्न, जल र जीवनको आधार यही भएकोले पृथ्वी वस्तुरूप र देवरूप दुवैमा स्तुत्य छ।

रामकथामा पृथ्वीको भूमिका प्रत्यक्ष छ। सीताको जन्म पृथ्वीबाटै भएको छ र लय पनि पृथ्वीमै भएको छ। ऋग्वेदमा छ- उपसर्प मातरं भूमिमेतामुरूव्यचसं पृथिवीं सुशेवाम्[८] अर्थात्, जाऊ फेरि उही धरतीमा जो तिम्री माता हुन्। उसरी नै अथर्ववेदमा भनिएको छ- पृथिवीं त्वा पृथिव्यामा वेशयामि देवो नो धाता प्रतिरात्यायु अर्थात् तिमी धरती हौ म तिमीलाई फेरि धरतीमै राख्छु। सीतालाई धारण गरेकीले नै पृथ्वीको उपाधि धरा, धरणी, धरित्री भनेर राखिएको छ। धरती-पुत्री भएकीले सीता पनि धरती हुन्। धरती धरती मै मिल्छन्। पाताल प्रवेश गर्नलाग्दा सीताले पृथ्वीलाई माता भनेरै सम्बोधन गर्छिन्[९] र राम पनि भन्छन्,

---

*१. ऋक्. १०.६०.१३*

*२. अथर्व. ७.८१*

*३. वेबर-अन द रामायण, पृ.२०, २१*

*४. कामिल बुल्के - रामकथा.पृ.१०*

*५. आप्टे- संस्कृत हिन्दी कोश*

*६. ऋक् १.१८.५*

*७. अथर्व १२.१.१२*

*८. ऋक् १०.१८.१०*

*९. वा.रा.७.६८.१६७*

'तपाईं मेरी सासू हुनुहुन्छ किनकि उहिले हलो जोत्दाखेरि राजर्षि जनकले तपाईंको गर्भबाट सीतालाई पाएका हुन्।' (वा.रा.७.९८.१६७)

जसरी अग्नि रामका प्रजनक हुन् उसरी नै पृथ्वी सीताकी जननी हुन्। वैदिक धरतीको मातृत्व रामकथामा यथावत् छ।

**अन्यान्य**- वैदिक साहित्यमा उल्लिखित अन्य कति देवता, ऋषि, मनुष्य, राक्षस, पशु-पक्षी तथा स्थान नदी नाम आदि रामायणमा कतिपय प्रत्यक्ष रूपमा र कतिपय परोक्ष रूपमा पाइन्छ।

वैदिक देवर्षिहरूमा नारद, अगस्त्य, वामन, कण्व, गौतम, कश्यप, दीर्घतमा, जमदग्नि, पर्वत आदि नाम रामायणमा गौण रूपमा छन्। नारद वाल्मीकिलाई रामायण सार कहन्छन्। (सर्ग १) अगस्त्य धेरै ठाउँ उल्लिखित छन्। रामले आफ्नो वनवासकालमा अगस्त्यलाई भेट्छन् र उनीबाट शक्तिशाली शस्त्र पाउँछन्। वालकाण्डको २९ औं सर्गमा सिद्धाश्रमको कथा छ जुन अघि वामनको आश्रम थियो। अहल्याको कथा (सर्ग ४८)-मा गौतम ऋषिको उल्लेख पाइन्छ भने कण्व, कश्यप, दीर्घतमा, भृगु आदिको उपस्थितिले रामको राजसभाको शोभा बढाएको छ।

रामादि झैं केही वैदिक व्यक्तिनामहरू पनि रामकथामा कथञ्चित् पाइन्छ। ऋग्वेदमा सरमा इन्द्रकी दूती हो। रामायणमा सरमा लंकामा सीताको रखवारी गर्न खटिएकी राक्षसी हो। राम मरे भन्ने रावणको छललाई सरमाले नै असत्य हो भनी सीतालाई सान्त्वना दिन्छे। अर्की मन्थरा पनि छ। वैदिक विरोचनकी पुत्री मन्थरालाई इन्द्रले मारेका थिए। त्यसैको प्रतिकार स्वरूप रामकथाकी मन्थरा रामलाई वनवास गराउँछे।

सौख्यदायी देवताहरूसित कुटिल स्वभावका दानवहरू वैदिक साहित्यमा पर्याप्त पाइन्छन्, जसलाई त्यहाँ असूर वा राक्षस भनिएको र जो गाथात्मक युद्धमा देवताहरूका प्रतिद्वन्द्वी छन्। इन्द्रको विशेष महत्ता यिनै असूरहरूलाई पराजित गर्नमा नै रहेको छ। ऋग्वेदमा राक्षसको उल्लेख पचासभन्दा बढी ठाउँमा भएको छ। यिनको विशद् वर्णन अथर्ववेदमा पाइन्छ। राक्षस जातिवाची मात्र होइन गुणवाची शब्द पनि हो। वैदिक राक्षसहरू पनि यज्ञनाशक, उपद्रवी, आक्रमक छन्।[१] जारी, परदारी तथा परस्त्रीसित सम्बन्ध जोर्ने [२] अनि जादू-टूना जान्ने मायावीहरू छन्।[३] अर्बुद नामक राक्षस उपल्लाको मायावी थियो जो इन्द्रको हातबाट मर्‍यो।[४] अरूण नामक राक्षसको ९९ वटा हात थियो।[५] वैदिक त्रिशिराको नाम विश्वरूप छ जो इन्द्रद्वारा मारिन्छ।[६] रामायणमा त्रिशिर राक्षस दुइ ठाउँ पाइन्छ एउटा पंचवटीमा खर-दूषणको मातहतमा रहेको महाबली त्रिशिर जो रामद्वारा मारिन्छ[७] र अर्को रावणपुत्र त्रिशिर जो महायुद्धमा हनुमान्द्वारा मारिन्छ।[८] यी दुवै तीन-तीन टाउके थिए। वैदिक त्रिशिरा र रामायणी त्रिशिरको साम्य रामायणमै पनि उल्लिखित छ, ' जसरी इन्द्रले त्वष्टाको छोरो विश्वरूपको टाउको काटिदिएका थिए उसरी नै हनुमानले धारिलो तरवारले किरीट र कुण्डल सहितको त्यस राक्षसका तीनैवटा शिर काटिदिए।"[९]

---

*१. ऋक्. ७.१०४.१८.२१*
*२. ऐ.१०.१६२.५*
*३.ऐ.८.६०.२०*
*४. ऐ.२.११.२०, २.१४.४*
*५. ऐ.१०.८.८.९*
*६. ऐ.९.९३.१, १०.९९.६*
*७. वा.रा.३.२७.१९*
*८. ऐ.६.७०.१४३*
*९. ऐ.६.१४३*

ऋक्मा त्रिशिरा भए जस्तै अथर्वमा दशशिरको पनि उल्लेख छ -

ब्रह्मणो जज्ञे प्रथमो दशशीर्षो दशास्यः।

स सोमं प्रथमः पपौ स चकाररसं विषम्।। (४.६.१)

(तक्षक सर्प) ब्राह्मण हो। यसको दश फण, दश शीर छन्। यिनले क्षत्रीयहरूभन्दा अघि हुनाले आकाशस्थ सोम पान गरे। यिनको विष निष्प्रभाव तुल्याउनु होस्।

पुलस्त्यको नाति शास्य रावण पनि ब्राह्मण हो। आफ्नो घोर तपस्याले अपूर्व शास्त्र-शक्ति अर्जन गरी उ सर्वश्रेष्ठ योद्धा बनेको थियो। तर त्यो शक्ति दुरूपयोगले गर्दा विष समान बनेको थियो।

रीक्ष पनि रामायणमा नौलो नाम होइन। संवरणका पिता रीक्षको प्रसंग ऋग्वेदमा छ।[१] संभवतः वैदिक रीक्षकै सन्तति जाम्बवान थिए तर यी दुइमा सम्बन्ध स्थापित गर्ने कुनै आधार छैन।

पशुहरूका साथै पक्षीको भूमिका पनि रामकथामा रहेकै छ। क्रौञ्च पक्षी रामायणकै उद्दीपनस्वरूप उल्लेख्य छ। वैदिक साहित्यमा पनि पक्षी उपेक्षित छैन। जीवात्मा र परमात्मालाई दुइटा पक्षीसित तुलना गर्दै एउटा सांसारिक भोगमा लिप्त र अर्को निर्लिप्त रहने कुरो वेदमा प्रसिद्ध छ।[२] सोमलाई पनि बारम्बार पक्षीसितै तुलना गरिएको छ भने कहीं अग्निको उपमा पक्षीसित दिइएको छ। एक ठाउँ पक्षीलाई आकाशको श्येन भनिएको छ। रामायणका जटायु श्येनका पुत्र हुन्।[३] उनले आफूलाई कहीं गरूड़का सन्तान पनि भनेका छन्। रामायणमै उल्लिखित कुलिंग, परेवा, काग, बट्टाई, क्रौञ्च, कुरर, बाज, गिद्ध, हाँस, गरूड़ सबै गरूड़बाटै उत्पन्न भएका हुन्।[४] वेदोत्तरकालीन साहित्यमा जुन गरूड़लाई विष्णुको वाहन भनिएको छ त्यसको आधार संभवतः वैदिक भावनामै निहित हुनसक्छ।[५]

रामायणमा वर्णित कुनै-कुनै स्थान, नदी नाम पनि वैदिक नामसित मेल खान्छन्। अयोध्याबारे वेदमा लेखिएको छ-

अष्टाचक्रा नवद्वारा देवानां पूरयोध्या।

तस्यां हिरण्यः कोशः स्वर्गो ज्योतिषाऽवृतः।।[६]

(आठ चक्र नौ द्वार भएको अयोध्या देवताहरूको नगरी हो। यो स्वर्गीय हिरण्यमय ज्योतिले ढाकिएको छ।)

रामायणमा पनि अयोध्यालाई स्वर्गसितै दाँजिएको छ-

'राज्य बढ़ाउने राजा दशरथले इन्द्रले अमरावती बसाए झैं यस शहरलाई बसाएका हुन्।"[७] अथवा 'यो शहर सम्पूर्ण रूपले इन्द्रको अमरावती झैं देखिन्छ। यसमा जम्मा आठ कुना छन्। सात-सात तले घरहरूले गर्दा यस शहरको शोभा बड़िरहेको छ"[८]

*१. ऋक् - ८.६८.१५*

*२. ऐ. १.१६४.२०*

*३. वामन शिवराम आप्टे- संस्कृत हिन्दी कोष प्रवृष्ठि जटायु*

*४. वा.रा. ४.५८.२४-२७*

*५. सूर्यकान्त वैदिक देवशास्त्र - श्री भारत भारती प्र.लि. दिल्ली-६.सन् १९६१, पृ.३९५*

*६. अथर्व. १०.२.३१*

*७. वा.रा. १.५.६*

*८. ऐ. १.५.१५, १६*

वैदिक नदीहरूमा सरस्वती, सरयु, सिन्धु ठूला-ठूला नदीहरू हुन्।[१] पौराणिक कालसम्म सरस्वतीको अस्तित्व थियो। सिन्धुको महत्व अद्यावधि छँदैछ। सरयू नदीके किनारमा अयोध्या अवस्थित भएकोले रामायणमा यसको पनि ठूलो महिमा छ।

**१.२.३. वैदिक मन्त्रको रामायणी व्याख्या-**

धातुहरू अनेकार्थक हुने हुनाले मन्त्रहरू पनि अनेकार्थक हुन्छन्। जब मन्त्र अन्तर्गतका सबै शब्दहरू यौगिक हुन्छन् र अनेकार्थक धातुहरूबाट निष्पन्न हुन्छन् तब कतिपय मन्त्रहरू पनि स्वभावतः अनेकार्थक नै हुन्छन्।[२] यसैले राजशेखरले आफ्नो काव्य-मिमांसामा भनेका छन् 'ती श्रुति अथवा वेद विद्यालाई नमस्कार छ, जसलाई पद-पदमा ऋषि, शास्त्रकार तथा कविगणले आ-आफ्ना इच्छा र रूचिको अनुसार दुहुन्छन्।"[३]

रामायणलाई वेदमूलत्व प्रतिपादन गर्ने उपक्रममा नीलकण्ठको मन्त्र रामायण विशेष उल्लेख्य छ। यसमा प्राय;डेढ़ वैदिक मन्त्रहरू यस्तरी संग्रह गरिएको छ कि रामकथाको बालकाण्डदेखि उत्तरकाण्डसम्मका सम्पूर्ण कथा यहाँ परोक्ष रूपले व्याख्यायित छ। उदाहरणको निम्ति, ऋग्वेदको दशौं मण्डलको ९९ औं सूक्त जहाँ इन्द्रको स्तुति छ त्यसलाई उनी रामकथासार सम्झन्छन्। यस सूक्तका ऋषिलाई वाल्मीकिं मानिएको छ भने इन्द्रलाई राम, रूद्रगणलाई हनुमान् मानिएको छ।

अर्को उदाहरण, ऋक् (१०.१.३) अथवा सामवेद (१५.३.५)मा देखिएको यो मन्त्र-

भद्रो भद्रया सचमान आगात् स्वसारं जारो अभ्येति पश्चात्।

सुप्रकेतैर्द्युमिरग्निितिष्ठन् रूशद्भिर्वर्णैरभि राममस्थात्।।

(जसरी रातको संहारक सूर्य उषापछि स्वयं आउँछ र आफ्नो किरणहरूद्वारा अन्धकार हटाउँदछ, उसरी नै प्रजालाई सुख दिने विद्वान् बुद्धिले युक्त होऊन्। उनी शत्रु संहारक भई सेनालाई नियन्त्रित राख्दै स्वयं प्रजाका पछि रही तिनलाई वशमा गरून्। अग्नितुल्य पुरूष ज्ञानी जन विविध कार्यगर्दै उज्वल[४क]कमनीय विद्वानहरूसहित अन्धकार तुल्य शत्रुमाथि धावा बोलून्) अथवा,

(उषाद्वारा सेवन गर्न योग्य तथा मंगलमय अग्नि आफ्नी बहिनी उषाका समीप घुम्दै आफ्नो उज्वल तेजले रातको कालो अन्धकारलाई मेट्दछ। यी शत्रुनाशक अग्नि आफ्नो श्रेष्ठ ज्ञान, उज्वल वर्ण र सुवर्ण समान देदीप्यमान तेजसहित प्रतिष्ठित हुँदछ।)[४ख]

नीलकण्ठसूरीले आफ्नो मन्त्ररामायणमा यसको अर्थ यसरी लाएका छन्-

(भद्र): रामभद्र (भद्रया) सीताद्वारा (सचमान) सेवित भई (आगात) वनमा आए। (स्वसारम्) सीता चोर्न (जार) जाररूप रावण (पश्चात्) पछिबाट (अभ्येति)आयो। रावणवधपछि (अग्नि) अग्निदेव (सुप्रकेतै) श्रेष्ठ ज्ञानयुक्त (द्युभि) सीतासहित (रामम् अभि) रामका अघि (रूशद्भिर्वर्णै) उद्दीप्त वर्ण लिई (अस्थात्) उपस्थित भए।[५]

---

*१. ऋक्. १०.६४.९*

*२. स्वामी विद्यानन्द सरस्वती - ऐ.पृ.६२*

*३. नमोऽस्तु तस्यै श्रुतये यां दुह्नन्ति पदे पदे।*

*ऋषयः शास्त्रकारश्च कवयश्च यथामति।।*

*४.क. दयानन्द - ख. सायणभाष्यावलम्ब सरल भावार्थ, संस्कृति संस्थान*

*५. क पं. दीनानाथ शास्त्री-भगवान् श्रीराम, कल्याण ४६.१.७४, ख. ड.कृष्णदत्त भारद्वाज- भगवान् श्रीरामचन्द्र उहीं पृ ७६, ग. पं. लालबिहारी-वेदोंमे.रामकथा, कल्याण, ६८.१ पृ. २०५-६, घ. ड. रामकृष्ण उपाध्याय-सम्पूर्ण रामायण, रणधीर बूक हरिद्वार, मिति छैन, पृ.१६, २०*

उसरी नै ऋग्वेदका साथै अथर्वादिवेदका पनि अरू मन्त्रहरूले जहाँ जहाँ, दशरथ, राम, सीता, दशानन, त्रिशिरा, कवन्ध छन् तिनका रामायणसित सम्बन्ध राखी अर्थ दिएका छन्। वेदमा हनुमान् शब्दको अभाव हुँदा हनुमान्लाई रूद्रको अवतार मानी जुन-जुन मन्त्रमा रूद्र, मरूत् वा वायु शब्द छन् त्यहाँ हनुमान् भन्ने अर्थ लाएका छन्। यो नीलकण्ठको बुद्धि-विलास मात्र नभई उनको काव्य-शिल्प र प्रातिभ -दर्शन पनि हो।

१.२.४. **वैदिक मिथक-** वैदिक साहित्यमा रामकथा खोज्ने अर्को उद्योग त्यहाँ पाइने मिथकहरूलाई लिएर पनि भएको छ। वैदिक साहित्यमा कतिपय उपाख्यानहरू पाइन्छन् जो रामकथासित परोक्ष रूपले सम्बन्ध राख्ने देखिन्छन्। ती विभिन्न उपाख्यानहरू विभिन्न प्रसंगहरू बन्दै रामकथा बुनिन आएको आभास पनि पाइन्छ। ऋग्वेद वास्तवमा उपाख्यानहरूको भण्डार हो। सायणको भाष्यको आधारमा इन्द्र मात्रका पचहत्तरभन्दा बढ़ी साहसिक कार्यहरूको थाह लाग्छ। इन्द्र अश्विनी कुमारहरूका अद्भूत कर्महरू बाहेक पनि लामा-छोटा उन्तीसवटा उपाख्यानहरू ऋग्वेदमा उल्लिखित छन्।[१] तिनमा विशेष गरी सीता-सावित्री उपाख्यान, वृत्रवध, गवेषणा सरमा-पणि उपाख्यान, शुनशेप, वसिष्ठ, विश्वामित्र कलह, वृषकपि आदि रामकथामा सान्दर्भिक देखिन्छन्।

१.२.४.१ **सीता-सावित्री उपाख्यान-** ऋग्वेदको सूर्यासूक्त (१०.८५) मा एउटा उपाख्यान छ जहाँ सोमले मन पराएकी सूर्याको विवाह अश्विनी कुमारसित हुँदछ। यसैको आधारमा कृष्ण यजुर्वेदको तैत्तिरीय ब्राह्मणमा सीता-सावित्रीको एउटा उपाख्यान छ जहाँ सीता प्रजापतिकी पुत्री छन् र जसले स्थागर नामक अंगराग लगाई आफ्नी बहिनी श्रद्धालाई मन पराउने राजा सोमको प्रेम जितेकी छन्। कथासार यस्तो छ-

प्रजापतिले पहिले सोम र त्यसपछि तीन वेद सृष्टि गरी सोमको हातमा दिए। सीता-सावित्री सोमलाई आफ्ना पति रूपमा प्राप्त गर्न चाहन्थिन् तर सोमले चाहिँ सीताकी बहिनी श्रद्धालाई मन पराउँथे। सीताले आफ्नो पिता प्रजापति कहाँ गएर भनिन्, ' म सोम राजालाई आफ्ना पतिस्वरूप कामना गर्दछु। उनी श्रद्धालाई चाहन्छन्।' प्रजापतिले सीताको निम्ति स्थागर नामक सुगन्धित द्रव्य पिंधेर अंगराग तयार पारे अनि त्यसलाई अभिमन्त्रित गरी त्यसले सीताको मुहार अलंकृत गरिदिए। त्यसपछि सीता सोम राजाकहाँ गइन्। सीतालाई देखेर प्रेमले वशीभूत भई उनले भने, ' म कहाँ आऊ।' सीताले भनिन्, ' मलाई भोग गर्नोस् अनि मलाई नै भोग गर्नेछु भनी प्रतीज्ञा गर्नोस् अनि तपाईंको हातमा जो छ त्यो मलाई दिनोस्।'सोम राजाले तीनैवटा वेद दिए।[२]

यस उपाख्यानमा सीता शब्द बाहेक यसको रामकथासित कुनै सोझो सम्बन्ध देखिंदैन तथापि एउटा दुरवर्ती प्रभाव ठम्याउन सकिन्छ। सो के भने, वैदिक सीताले आफ्ना पिताबाट अंगरागद्वारा आफ्नो शोभा बढ़ाई राजा सोमको प्रेम जितेकी अनुरूपमा रामायणी सीतालाई पनि अत्रिपत्नी अनसूया वस्त्र, आभूषण र अंगराग दिंदै भन्छिन्-

'हे सीते! यो सुन्दर दिव्य हार, यो वस्त्र, यी आभूषण, यो अंगराग र बहुमूल्य लेप म तिमीलाई दिनलागिरहिछु। यिनले तिम्रा अंगका शोभा बड़ाउने छन्। यी सब तिम्रै योग्यका छन् र सदा उपयोगमा ल्याए निर्दोष र निर्विकार रहनेछ्यौ। हे जनकपुत्री! यो दिव्य अंगराग शरीरमा लगाएपछि तिमीले लक्ष्मीले विष्णुलाई सुशोभित गरे झैं, आफ्ना पतिलाई शोभित गर्नेछ्यौ।"[३]

---

*१. एच.एल. हरिअप्पा-ऋग्वेदिक, लिजण्डस, पृ. १३६*

*२. द्रष्टव्य कामिल बुल्के- रामकथा, पृ ७-८*

*३. वा.रा.२.११८.१८-२०*

कुनै काम्य प्रयोगको निम्ति अंगराग लाउने वैदिक रीति रामकथामा पनि पुनरूक्त पाइन्छ। सीता-सावित्रीको वैदिक उपाख्यान रामायणको सीता-अनसूया एउटा प्रसंग बनेको छ।

यस्तै एउटा प्रसंग मिल्दो कथन शतपथ ब्राह्मणमा पनि छ जहाँ याज्ञवल्क्य आफ्नी पत्नी मैत्रेयीलाई भन्छन्, ' आजदेखि म प्रव्रज्या लिन्छु, अब तिमी कात्यायनीसित बस्नू।" मैत्रेयी भन्छिन्, ' जुन अमृतपद प्राप्त गर्न तपाईं आफ्नो जीवन परिवर्तन गर्नुहुँदैछ म पनि त्यसैको अनुसरण किन नगरूँ (१४.७.३.१-१५.)।"[१] रामायणकी सीता पनि रामसित वन जान यसै भन्छिन् 'तप, वन वा स्वर्ग जहाँ पनि मैले तपाईंसितै रहनु उचित छ। अतः मलाई पनि साथै लानुहोस्। तपाईंको निम्ति जो वनवासको आज्ञा भयो सो मेरो लागि पनि हो।"[२]

देवता र दानवहरूको युद्ध नै वैदिक साहित्यको एउटा प्रमुख विषय रहे झैं राम र रावणको युद्ध नै रामायणको पनि मेरूदण्ड बनेको छ। राम देवपक्षको प्रतिनिधित्व गर्छन् भने रावण दानवपक्षको। वैदिक वीर इन्द्र हुन् जसले वृत्र, वल, शम्बर, कृष्ण, विश्वरूप, उरूण आदिको वध गरे। अथर्ववेदमा सीतालाई पर्जन्यपत्नी भनिएको छ। पर्जन्य इन्द्रलाई भनिन्छ। यसरी इन्द्र र राम अभिन्न बन्छन्। वैदिककालका पशुपालक आर्यहरूका देवता इन्द्र नै कालान्तरमा कृषकहरूकै निम्ति परिवर्तित भई राम भए।[३] इन्द्रका वीर कर्महरूमा मुख्य छ वृत्रवध जुन रामकथामा रावणवधको आद्यस्वरूप छ।

१.२.४.२ वृत्रवध-

ऋग्वेदको इन्द्रसूक्तको[४] कथा यसप्रकार छः

'पूर्वकालमा वज्रधारी इन्द्रले पराक्रम गरे, त्यो म भन्छु। पहिले उनले मेघ (वृत्र)लाई मारे अनि वर्षाका प्रवाहित नदीहरूका निम्ति मार्ग बनाए। यी इन्द्रका निम्ति त्वष्टाले शब्दकारी वज्र तयार गरे जसद्वारा पर्वतमा बसेका मेघलाई मारेर जल प्रवाहित भयो। राम्दै हिड्न लागेका गाईहरू झैं नदीहरू समुद्रतर्फ बढे। साँढेको जस्तो बल भएको इन्द्रले सोमको विवरण दिए। त्रिकद्रुको यज्ञमा सिंचेको सोम पिए। इन्द्रले वज्र लिएर मेघमा उत्पन्न जललाई छेंडे। हे इन्द्र! तिमीले मेघमा उत्पन्न वृत्रको वध गऱ्यौ, प्रपंचीहरूको नाश गऱ्यौ। फेरि सूर्य, आकाश र उषालाई प्रकट गऱ्यौं, तब कुनै शत्रु शेष रहेन। इन्द्रले घोर अन्धकार गर्ने वृत्रासुरलाई लहरा काटे झैं भीषण वज्रले काटे। त्यो पृथ्वीमा लड्यो।'

'मिथ्याभिमानी वृत्रले महाबली, शत्रुनाशक, अत्यन्त वेगशाली इन्द्रलाई ललकाऱ्यो अनि बहँदा नदीहरूलाई पनि दल्यो। हातपाउविहीन वृत्रसित युद्ध गर्ने इच्छा व्यक्त गरी इन्द्रले त्यसका काँधमा वज प्रहार गरे। तब त्यो क्षतविक्षत भई धराशायी बन्यो। जसरी नदीले किनार नाघ्छ उसरी नै मनमोदक जलले वृत्रलाई नाघ्छ। जुन वृत्रले अहिलेसम्म आफ्नो शक्तिले जललाई रोकिरहेको थियो उही अब जलमनि लडिरहेछ। वृत्रकी माता उसको रक्षाको लागि उसका शरीरमा टेडो बनी घोप्टी। तर इन्द्रले प्रहार गरेपछि उ पनि बाछाको साथमा माउ जस्तो भई। स्थितिहीन अविश्रान्त जलको बीच झरेको वृत्रासुरको शरीरलाई जलले जान्दछ। त्यो अनन्त निद्रामा लीन भएको छ।

'जस्तो गाईहरू लुकाइएका थिए उस्तै जल पनि रोकिएका थिए। इन्द्रले वृत्रलाई मारेर त्यसको दैलो

---

*१. स्वामी विद्यानन्द सरस्वती- ऐ, पृ. ६८३*

*२. वा.रा. २.२७.४-५*

*३. कामिल बुल्के- रामकथा, पृ. १०४*

*४. ऋक् १.३२.११५*

खोलिदिए। हे इन्द्र! जब तिमीमाथि वृत्रले प्रहार गऱ्यो तब तिमी घोड़ाका  याल समान भयौ। हे वीर! तिमीले गौ तथा सोमलाई जितेर समुद्र प्रवाहित गऱ्यौ। वृत्रद्वारा छेड़िएका विजुली, मेघ-गर्जन, जल वर्षा तथा भीषण वज्रले पनि इन्द्रलाई स्पर्श गर्न सकेन। त्यस युद्धमा इन्द्रले त्यसलाई हर तरहले जिते। हे इन्द्र! तिमीले वृत्रमाथि आक्रमण गर्दाहुँदी कुनै अन्य आक्रमणकारीलाई पनि देख्यौ? जसको  कारण तिमी बाज पक्षी झैं निन्यानब्बे नदीहरूको पारीपट्टि गयौ? बज्रधारी इन्द्र सबै स्थावर, जंगम प्राणीहरूका स्वामी हुन्। मनुष्यमाथि शासन गर्छन्। चक्काका लीक जस्ता रथ धारण गर्छन् अर्थात् इन्द्रले यी व्यवस्थित गर्छन्।"

यहाँ राम र इन्द्रको सौर्य र वीर्यमा साम्य भए झैं वृत्र र रावणको अंह र अपकर्ममा पनि साम्य छ। रावणको जेठो छोरो इन्द्रजीतले इन्द्रको र ओड़ारमा सुतिरहने कुम्भकर्णले वृत्रको सम्झना गराउँछन्। यहाँ उल्लिखित त्रिकद्रुले पनि रावणको राजदरवार बसेको त्रिकुटको सम्झना गराउँछ किन कि त्रिकुटलाई त्रिककुद पनि भनिन्छ।

वृत्रासुरवध र पौलस्त्यवधमा अर्को समता के पनि छ भने इन्द्र-वृत्रको युद्धमा मरूद्गणले इन्द्रलाई सहायता गरेका थिए[१] राम-रावण युद्धमा पनि मरूद्गण अर्थात् 'हनुमान्हरू'-ले रामलाई सहायता गरेका थिए। वेदमा वर्णित मरूद्गण पनि वानरहरूकै चरित्रका छन्- ज्ञानी, प्रखरबुद्धि सम्पन्न, निडर, तेज, यशस्वी, चपल, आकाशगामी इत्यादि।[२]

विशेष गरी अवरूद्ध पयस्वनी नदीको मुक्ति र अपहृता अबला सीताको उद्धारकर्म, वैदिक र लौकिक साहित्यका यी दइ प्रसंग क्षात्रधर्मको एउटै उदाहरण बनेको छ। नदी र नारीको मुक्तिमा नै शस्य र सृष्टिको क्रम चल्छ। शाश्वत सत्य यही हो।

वाल्मीकीय रामायणको उत्तरकाण्ड (सर्ग ८५)-मा पनि वृत्रासुरको कथा छ। यो कथा अनुसार पनि वृत्र र रावणमा समानता देखिन्छ। वृत्र रावण झैं घोर तपस्वी छ। वृत्रको तपस्या देखेर इन्द्र डराउँछन्। आफ्नो तपस्याको बलले यसले जम्मै लोक जितिसक्यो, यो बलियो र धर्मात्मा पनि छ। यसको पतन नगराए मेरो शासन चल्न सक्दैन[३] भन्ने इन्द्रलाई लाग्छ र उनले विष्णुको सहायता लिई तपस्यामा लीन रहेकै बेलामा वृत्रको वध गर्छन्। वृत्र पनि रावण झैं दैत्य ब्राह्मण छ र वृत्रवधपछि इन्द्र ब्रह्महत्याबाट मुक्त हुन अश्वमेघ यज्ञ गर्छन् जस्तो रावणवध पछि रामले पनि राजसूय यज्ञ नगरी इन्द्रले झै अश्वमेघ यज्ञ नै गर्दछन्। लक्ष्मण भन्छन् पनि 'उहिले ब्रह्महत्या लाग्दा महापुरूष इन्द्र यही अश्वमेध यज्ञ गरेर पवित्र भएथे भन्ने सुनिएको छ।[४] वाल्मीकि रामायणको युद्धकाण्डमा लेखिएको पनि छ, 'जसरी वृत्रको वध गरेपछि इन्द्र प्रसन्न भएका थिए उसैगरी रामचन्द्र पनि शत्रुलाई मारेपछि बड़ो खुशी हुनुभयो।"[५] विषमता यति नै छ रामायणी उपाख्यानमा वृत्रलाई ठूला महात्माको रूपमा हेरिएको छ जसको कुनै ठूलो अपकर्म छैन। ' वृत्रले तीनै लोकलाई स्नेहको दृष्टिले हेर्दथ्यो। त्यो बड़ो धर्मात्मा, कृतज्ञ र बुद्धिमान थियो जसले धर्म र सावधानीपूर्वक सम्पूर्ण पृथ्वीको शासन गर्दथ्यो।"[६]

१.२.४.३ **गवेषणा-** इन्द्रको अर्को महत्कार्य हो गवेषणा, गाईको खोज र उद्धार। राक्षसहरूद्वारा अपहरण गरिएका  आफ्ना गाईहरूको खोज गर्न इन्द्रले सरमालाई आफ्नो दूतस्वरूप पणिहरूकहाँ

---

*१. ऋक्. १.६.७, १.५१.२ आदि*
*२. ऐ. १.६.१०*
*३. वा.रा. ७.८४.११-१२*
*४. ऐ.७.८४.३*
*५ ऐ ६.११३.१२३*
*६. ऐ. ७.८४.५-६*

पठाउँछन्। पणिहरू पनि राक्षसकुलकै एक प्रजाति हुन्। ऋग्वेदको दशौं मण्डलको १०८ औं सूक्तमा यो कथा छ। कथा नाटकीय भएर रोचक पनि भएकोले यसको पनि सम्पूर्ण सूक्त नै यहाँ दिन्छ।ः

(पणिहरू सोद्ध छन्) 'हे सरमा तिमी यहाँ कति कामले आयौ? यो त अत्यन्तै दूरमा छ। यहाँ आउने फर्केर जान सक्तैन। तिमीलाई यहाँ आइपुग्न कति रात लाग्यो ? तिमीले रसानदीको गहिरो जल कसरी तऱ्यौ ? हामीसित भएको कुन कुराको तिमी इच्छा गर्दछ्यौ?'

(सरमा भन्छिन्) 'हे पणिहरू हो! म इन्द्रकी दूतिका बनेर आएकी छु। तिम्रा यहाँ जति गोधन एकत्रित छन्, म ती लैजान चाहन्छु। बाटामा म रसाको जलदेखि डराएकी त थिए, तर म जलद्वारा नै रक्षित भई त्यो पार गर्न समर्थ भएँ।"

(पणिजन) 'हे सरमा! तिमी जुन इन्द्रकी दूतिकाको रूपमा हामीकहाँ आएकीछ्यौ ती इन्द्र कस्ता छन्? तिनको सेना कस्तो छ? तिनको शक्ति कस्तो छ? ती इन्द्र हामीकहाँ आऊन्, हामी तिनीसित मित्रता गर्न तयार छौं। तिनले हाम्रा गाईहरू लैजाऊन्।"

(सरमा) हे पणि हो!म जुन इन्द्रकी दूतिका हुँ, ती इन्द्र अजेय छन्।ती सबलाई जित्न समर्थ छन्।अत्यन्त जलपूर्ण नदीहरूले पनि तिनको मार्ग अवरूद्ध गर्न सक्दैन। ती तिमीहरूलाई मारी धराशायी बनाउन समर्थ छन्। 'हे सरमा तिमी स्वर्गको सीमादेखि हिंडेर यति दूर आएकी छ्यौ। यसकारण हामी तिमीलाई जुन-जुन गाई दिने इच्छा गर्छौं, दिनसक्छौं, तर बिना युद्ध कसले दिन्थ्यो र! हामी पनि विभिन्न प्रकारका धारिला हतियारहरूले सम्पन्न छौं।"

(सरमा) 'हे पणि हो! तिमीहरूको शक्ति वीरहरूका मुखबाट निस्कने योग्यको छैन। तिमीहरूका मनमा पाप बसेको छ। कहीं तिमीहरूका शरीर इन्द्रका वाणले नछेड़िऊन्। तिमीहरूको यस मार्गमा कहीं देवताहरूले आक्रमण नगरून्। तिमीहरूले गाई दिएनौ भने विपत्तिमा पर्नेछौ र वृहस्पतिले तिमीहरूलाई दुःख दिनेछन्।"

(पणिजन) 'हे सरमाः हामी पर्वतहरूद्वारा सुरक्षित छौं। हामी गाई, घोड़ा तथा अन्य विविध ऐश्वर्यले सम्पन्न छौं। रक्षाकार्यमा रहेका हाम्रा वीरहरूले यस स्थानलाई राम्ररी रक्षा गर्दछन्। तिमी गाईहरू भएको यस ठाउँमा व्यर्थै आयौ"

(सरमा) 'अंगिरस, अयास्य ऋषिहरू सोमको शक्तिले नवगुणा सम्पन्न भई यहाँ आउनेछन्। तिनीहरूले तिम्रा सबै गाईहरू लिएर जानेछन्। तब तिमीहरूका अंहकार नष्ट होला"

(पणिजन) 'हे सरमाः भयभीत देवताहरूद्वारा प्रेरित भई तिमी यहाँ आएकी छ्यौ। हामी तिमीलाई बहिनी समान मान्दछौं र तिमीलाई गोधनको अंश दिनेछौं। अब तिमी फर्केर नजाऊ।"

(सरमा) 'हे पणि हो! म भाइ-बहिनीको कथा जान्दिनँ। इन्द्र र अंगिरस यो राम्ररी जान्दछन् कि उनीहरूले तिम्रा गाईहरू प्राप्त गर्नलाई रक्षापूर्वक मलाई यहाँ पठाएका छन्। उनैका सुरक्षामा म यहाँ आउन सकेकी छु। यसैले अब तिमीहरू यहाँदेखि अन्तै कहीं दूर जाइहाल। हे पणि हो! अन्तै जाइहाल। कष्ट पाइरहेका गाईहरू यस पर्वतबाट निस्केर धर्मको आश्रयमा आऊन्। सोम पान गर्ने पाषाण, ऋषिगण, सोम, वृहस्पति तथा अन्य सब विज्ञहरूलाई यी लुकाइएका गाईहरूका बारेमा राम्ररी थाह छ।"

कृषि कर्मी तथा पशुपालक वैदिक आर्यहरूको निम्ति गाई-गोरू, हलो-फाली (सीता) आदिको ठूलो महत्व थियो। यसैले गौहरण, लांगलहरण, सीताहरणको निम्ति युद्ध छेड़िन्थो। वैदिक इन्द्रको गौहरण भएको थियो भने लौकिक रामको सीताहरण भएको थियो। उपर्युक्त सूक्तले इन्द्र दूत सरमा र रामदूत हनुमान्मा ऐक्य स्थापित गर्दछ। मणि-सरमा संभाषणमा पनि रावण-हुनमान् किंवा रावण-अंगद-संवादको स्वर सुनिन्छ। सरमा झैं हनुमान्, अंगद पनि शान्ति सुलहकै निम्ति जान्छन् तर राक्षसहरूको अहंकार र

शक्तिको तुजुकको कारणले युद्ध अनिवार्य बन्छ। पणिहरू पनि लंकावासीहरू जस्तै विविध ऐश्वर्यले पूर्ण भौतिकवादी र अहंवादी छन्। अति दूरस्थान र मार्गको जलराशिले एकातिर सुदूर लंकाको स्मरण गराउँछ भने अर्कोतिर सरमाले रसा जल तरेको र हनुमान्ले क्षार समुद्र तरेको प्रसंग तुलनीय छ। सरमा पहिले त जलराशिदेखि डराउँछिन् तर जलद्वारै रक्षित वा अनुप्रेरित भई पार गर्छिन् जस्तो हनुमान् पनि सय योजनको सागर पार गर्न पहिले त दच्कन्छन् तर जाम्बवानको प्रेरणा पाई तर्छन्।

१.२.४.४ **शुनःशेप-** सुनःशेप एक प्राचीन ऋषि हुन्। उनलाई ऋग्वेदका १०७ मन्त्रहरूका द्रष्टा मानिएको छ। ती मध्ये दुइटा मन्त्रमा उनले आफ्नो नाम आफैले उच्चरित गरेका छन् भने तेस्रो मन्त्रमा अत्रिपुत्र कुमारले अग्निको आह्वान गर्दा उनलाई सम्झेका छन्। ती प्रासंगिक ऋचाहरू हुन्-

'मेरो मनमा पनि अब त्यही कुरो खेल्न लागिरहेछ जो तिनीहरू रातदिन भन्ने गर्छन्-बन्धनमा परेको शुन शेपलाई झैं वरूणले हामीलाई मुक्त गरून्।"

'पक्रा परेर काठका तीन खम्बामा बाँधिएका शुनःशेपले अदितिपुत्र वरूणलाई आह्वान गरे। वरूण अजेय र विद्वान् छन्। मेरो बन्धन काटेर मलाई मुक्त गरून्।"[१]

'तिमीले सहस्र काष्ठवद्ध शुनःशेपलाई मुक्त गर्‍यौ किनकि तिनले तिम्रो स्तुति गरे। हे होतारूप मेधावी अग्ने! यस वेदीमा प्रतिष्ठित भई हाम्रो बन्धन पनि खोलिदेऊ।"[२]

ऋग्वेदमा शुनःशेपको चर्चा यति मात्र छ- वलिवेदीको मौलामा बाँधिएका शुनःशेपलाई वरूण तथा अग्निले मुक्त गरे। तर रामायणमा यस प्रसंगले पूर्ण कथारूप पाएको छ। जनकका पुरोहित शतानन्दले विश्वा मित्रका कतिपय पूर्वकथाहरू भन्दा शुनःशेपको पनि एउटा कथा भन्छन्। बालकाण्डको दुइ सर्ग (६१-६२) मा यो कथा पाँजिएको छ जसको सार यसप्रकार छ-

विश्वामित्र पुष्कर क्षेत्रमा तपस्या गर्न लागेको समयमा अयोध्याका राजा अम्बरीषले एउटा ठूलो यज्ञ गर्ने प्रबन्ध गरे तर यज्ञको पशुलाई भने इन्द्रले चोरेर लगिदिए। ब्राह्मणहरूले राजालाई भय देखाउँदै पशुलाई खोजेर ल्याउने, नपाए गोधन दिइ कुनै मानव प्राणीलाई नै पशुरूपमा ल्याउने सल्लाह दिए। राजा अम्बरीष पशुको खोजमा देश-देशान्तर घुमे तर पत्तो लागेन। अन्तमा उनले मानवकै बलि दिने विचार गरी ऋचिक नामक एक ऋषिकहाँ गएर तिनलाई आफ्ना तीन छोराहरूमध्ये कुनै एकजनालाई एक लाख गाईको सट्टामा दिनुहोस् भनी अनुरोध गरे। ऋषिले जेठो छोरो र ऋषिपत्नीले कान्छो छोरो कसै नबेच्ने इच्छा प्रकट गरेपछि माहिलो छोरो शुनःशेपले स्वयंलाई राजाका हातमा बेचिने निर्णय लिए। राजाले पनि धेरै गाई रत्नादि दिई शुनःशेपलाई आफूसित हिंडाए।

बाटामा राजा र ऋचिकपुत्रले पुष्कर क्षेत्रमा विश्राम लिए। यहाँ शुनःशेपले तपस्या गर्न लागेका आफ्नो मामा विश्वामित्रलाई भेटे तिनको चरणमा परी आफ्नो दुःखद हाल बताउँदै बिन्ती गरे। विश्वामित्रले पनि उनलाई बचाउन आफ्ना मधुच्छन्द आदि नाउँ गरेका छोराहरूलाई शुनःशेपको सट्टा बलिजान कोही राजी छन् कि भनी सोधे। तर सबै छोराहरूले अस्वीकृति जनाउँदा ती सबलाई चार हजार वर्षसम्म कुकुरको मासु खाँदै यस पृथ्वीमा बस्ने श्राप दिए। तब उनले शुनःशेपलाई बलि हुनभन्दा अघि जप्नु भनी दुइटा वैदिक मन्त्र दिए।

मन्त्र पाएपछि शुनःशेप अम्बरीषका साथमा अयोध्या आए। यज्ञमा पशुचिन्हले चिन्हित भई वध हुन बाँधिएपछि शुनःशेपले उक्त मन्त्र जप गरे। त्यस रहस्यमय मन्त्रबाट प्रसन्न भएका इन्द्रले उनलाई दीर्घायुको

---

*१. ऋक् १.२४.१२-१३*

*२. ऐ.५.२.७*

वरदान दिए अनि इन्द्रकै कृपाले राजा अम्बरीषले पनि यज्ञको सम्पूर्ण फल पाए।

यस उपाख्यानसित रामकथाको कुनै सम्बन्ध छैन। गुरू विश्वामित्रको श्रेष्ठता र महानता, औदार्य र मन्त्रशक्तिको विशेषता बुझाउनलाई मात्र यो कथा कहिएको छ। तर तीन मन्त्रको वैदिक ऋचाले रामायणमा कसरी यति विस्तृति पायो, यो कवि वाल्मीकिको कपोल कल्पना पनि निश्चिय होइन। यसको निम्ति कथाको विकास यात्रा वैदिक वाङ्मयभित्रै पहिल्याउनु पर्छ।

पहिलो चरणमा तैत्तिरीय संहिता (५.२.१.३)ले यसलाई केही फुक्काएको पाइन्छ-

'वरूणले शुनःशेप अजीगर्तलाई पक्रे। शुनःशेपले यस मन्त्रद्वारा वरूणको स्तुति गरे अनि वरूणको पाशोबाट मुक्त बने। अग्नि-पात्र लिनेलाई वरूणले पक्रन्छन्। 'माथिल्लो पाशोदेखि मुक्त गर हे नरूण!" उनले पुकारे। अनि त वरूणको पाशोबाट आफूलाई मुक्त बनाए।[१]"

यहाँनेर अजीगर्तका छोरा शुनः शेप अग्नि पात्र लिएको कारणले वरूणद्वारा दण्डित रहेछन् भन्नेसम्म तथ्य खुल्छ।

दोस्रो चरणमा ऐतरेय ब्राह्मणले (७.१३.१८) यस सूत्रलाई पूर्णतः आख्यायित गरेको छ जसको सार यस प्रकारको छ[२]-

इक्ष्वाकुवंशीय राजा हरिश्चन्द्र सन्तानहीन थिए। एकदिन नारदले सल्लाह दिए, पुत्रेष्टि प्राप्तिको निम्ति वरूणको स्तुति गर्नु अनि पुत्र जन्मेपछि त्यो उनैलाई बलि दिनू। राजाले वरूणको स्तुति गरे अनि एउटा पुत्र, रोहित प्राप्त गरे। तर वरूणलाई बलि दिने कुरो भने टार्दै लगे। वरूणले पनि आफ्नो माग मागिरहे। तरूणावस्थामा पुगिसकेका रोहितले यो रहस्य बुझेर वनतर्फ लागे।वद्लामा वरूणले राजा हरिश्चन्द्रलाई नै पक्रे। बन्धनमा परेका राजा थला परे। यो सुनी रोहित घर फर्कन लागेका थिए तर नरभेषमा आएका इन्द्रले रोहितलाई देशाटनको महत्व बुझाउँदै घर नगई अझै धेरै कालसम्म घुम्नलाई उकासे। रोहित पनि घुम्नलाई फर्के। यसरी घुम्दा-घुम्दा एकदिन उनले भोकले मराणासम्म बनेका ऋषि अजीगर्तलाई भेटे। ऋषिका तीन छोराहरू थिए, शुनःशेप र शुनःलांगूल। रोहितले सय गाई दिई एउटा छोरो किन्न चाहे। तर जेठा छोरालाई पिताले नदिने भए, कान्छा छोरालाई आमाले दिन चाहिनन्। यसो हुँदा माहिलो शुनःशेप बेचिए। रोहितले शुनःशेपलाई आफ्ना पिताकहाँ ल्याई आफ्नो सट्टामा बलि चढ़ाउने सल्लाह गरे। हरिश्चन्द्रले वरूणलाई अनुरोध गरे अनि वरूण राजी भए।

हरिश्चन्द्रले बलिको यज्ञ तयार गरे जहाँ विश्वामित्र होतृ थिए भने जमदग्नि अध्वर्यु र वसिष्ठ ब्रह्मा बनेका थिए। यथाकर्मपछि शुनःशेपलाई मौलामा बाँधियो। तर वध गर्न जमदग्नि मानेनन्। यतिकैमा ऋषि अजीगर्त त्यहाँ आइपुगे अनि अर्को एक सय गाई दिएमा स्वयं बलि हुने इच्छा प्रकट गरे। यस असहाय अवस्थामा शुनःशेपले अग्निको स्तुति गरे। त्यहाँ अग्नि, इन्द्र, उषा आदि देवताहरू उपस्थित भए। तीन मन्त्रले उषाको स्तुति गर्दा शुनःशेपको पाशो एक-एक गर्दै खुल्यो। यता शुनःशेप मुक्त बने। उता हरिश्चन्द्र पनि रोगमुक्त भए।

मुक्त भएका शुनःशेपलाई अजीगर्तले आफूसित आउने आग्रह गरे तर पितालाई पुत्र-विक्रेताको कटु आरोप लाउँदै शुनःशेप विश्वामित्रका काखमा गई बसे। विश्वामित्रले' तर शुनःशेपले शंका व्यक्त गर्दै पुत्रवत् स्वीकार गरे भने, ' तपाईंका पुत्रहरूलाई यो स्वीकार होला?" उत्तिखेरै विश्वामित्रले आफ्ना १०१ पुत्रहरूलाई सोधे, 'ऋषभ, रेणु, मधुच्छन्द अष्टक सबैले भन, तिमीहरू शुनःशेपलाई दाज्यू मान्न स्वीकार

*१. एच.एल. हरिअप्पा- ऋग्वेदिक लिजण्डस, पृ. १६०*

*२. ऐ.पृ. १६१-६४*

गर्छौं? मधुच्छन्दमाथि पचास जना दाज्यूहरू थिए र मणि पचास भाइहरू थिए। दाज्यूहरूलाई पिताको यो प्रस्ताव पचेन। तिनीहरूले नीच र असभ्य जीवन बिताउने श्राप पिताबाट पाए। मधुच्छन्द पचास भाइहरूमाथि थिए। तिनले प्रस्ताव स्वीकार गरे र पिताबाट आशिर्वाद पाए। शुनःशेप जह्नुका अधिपति बने साथै दिव्य-गाथाका पात्र पनि!

ऐतरेय ब्राह्मणको यही आख्यान किञ्चित भिन्न भएर रामायणमा आएको छ। यद्यपि शुनःशेपको रूपक रामकथामा छैन तथापि उनै विश्वामित्रको महत् भूमिका रामकथामा रहेकोले यसलाई सान्दर्भिक आख्यान मात्र एउटा प्रष्ट उदाहरणको रूपमा लिन सकिन्छ।

१.२.४.५. **वसिष्ठ- विश्वामित्र-** यस्तै तैत्तिरीय संहिताको एउटा सूत्रलाई पनि एउटा उपाख्यान बनाइएको छ रामायणमा जसको ऋग्वेदमा एउटा संकेतसम्म छ।

वसिष्ठ विश्वामित्र दुइ विख्यात वैदिक ऋषिहरू रामकथामा पनि ऋषिकै रूपमा आएका छन्। भरतहरूका, सुदासहरूका अनि इन्द्रका पनि पुरोहित रहेका[१] वसिष्ठ रघुकुलका तथा दशरथ र रामका पनि राजपुरोहित नै छन्। वैदिक मन्त्रहरूका अन्यतम द्रष्टा विश्वामित्र रामका गुरू छन् अनि शुनःशेपलाई 'ऊदुत्तमम्" मन्त्र सिकाउने उनै विश्वामित्रले रामलाई वला र अतिवला दुइ मन्त्र ज्ञान दिन्छन्।[२] रामायणमा अहल्योद्धार, सीतावरणका कर्तृत्व पनि विश्वामित्र नै हुन्। तर रामायणको मूलकथामा वसिष्ठ र विश्वामित्रबीच मधुर सम्बन्ध देखिए तापनि यसैको एउटा उपकथामा[३] पूर्वकालमा यी दुइबीच ठूलो शत्रुता रहेको बताइएको छ। वैरत्वको यो कुरो अरण्यकाण्डबाट पनि बुझिन्छ।[४]

आफ्नी माताको उद्धारकार्यमा कारणस्वरूप बनेका विश्वामित्रप्रति अभिभूत भई जनकका राज पुरोहित शतानन्दले विश्वामित्रका आद्वितीय तेजको वर्णन गर्दै वसिष्ठसित उनको संघर्षको लामो कथा भनेका छन् जसको सार यस प्रकार छ-

एक अक्षौहिनी सेना साथमा लिई विजय यात्रामा निस्केका राजा विश्वामित्रले एकदिन ऋषि वसिष्ठलाई उनैको आश्रममा भेटे। वसिष्ठको आतिथ्यद्वारा प्रसन्न भएका विश्वामित्र तिनकै सर्वकामदा कामधेनुप्रति आकृष्ट भए र त्यसलाई आफ्नो बनाउन लालायित बने। तर वसिष्ठ गाईसित कुनै मूल्यमा पनि विलग हुन नचाहने बुझी विश्वामित्रले बल प्रयोग गरी गाईलाई हरण गरे। तर गाईबाट उत्पन्न भएको सैन्यदलले विश्वामित्रका सबै सेनालाई नष्ठ गऱ्यो। यो देखेर विश्वामित्रका सय छोराहरू विविध आयुध लिई वसिष्ठमाथि जाइलागे। तर ती सबै वशिष्ठको एकै हुँकारमा डढ़ेर भस्म भए र विश्वामित्र हारे। बाँचेको एउटा छोरालाई राज्य सुम्पी उनी तपस्या गर्न हिंड़े। तपस्याबाट अरू शक्ति अर्जन गरी विश्वामित्र फेरि वसिष्ठसित लड्न आए तर यस पटक पनि वसिष्ठको शक्ति अघि उनको केही जोड़ चलेन। अन्ततः क्षात्र बलभन्दा ब्रह्मतेज नै बलिष्ठ रहेछ[५] भन्ने बुझेर आफू पनि ब्रह्मर्षि बन्न पुनः तपस्या गर्न हिंड़े।

वसिष्ठ- विश्वामित्रको यो वैरत्वको उपाख्यानको रामकथासित सोझो सम्बन्ध छैन। रामायणमा ब्रह्मर्षि बनिसकेका विश्वामित्रको दशरथको दरवारमा वसिष्ठसित भेट हुन्छ। दुवैले परस्परमा आदर सत्कार गर्छन्।

---

*१. एच. एल. हरिअप्पा- ऋग्वेदिक लिजण्डस, पृ. २५७*

*२. वा.रा. १.२२.१३*

*३. ऐ. १.५१.६५*

*४. ऐ. ३.६६.६*

*५. धिग्.बलं.क्षत्रिय बलं ब्रह्मतेजो बलं बलम् एकेन ब्रह्म दण्डेन सर्वस्त्राणि हतानिमे।। १.५६.२३*

शत्रुताको कुनै छनक छैन। बरू वसिष्ठ विश्वामित्रको अनन्य प्रशंसा गर्दछन् र विश्वामित्रको उद्देश्यमा सहयोगी बन्छन्। उनी भन्छन्, 'यी महर्षि विश्वामित्र साक्षात् धर्मका मूर्ति हुन्। यी बलवानहरूमा श्रेष्ठ छन्। विद्याद्वारा नै यी संसारमा महान् छन्। तपस्याका त यी विशाल भण्डार छँदैछन्।"[१]

ऋग्वेददेखि रामायणको मूलकथासम्म वसिष्ठ र विश्वामित्रमाझ वैमनस्यको कुनै लक्षण छैन। ऋग्वेदमा वसिष्ठ समय समयमा इन्द्रलाई पुकार्छन्, 'हे इन्द्र! जो सत्यप्रिय भएर पनि स्वार्थवश मलाई लाञ्छित गर्छन्। र जो कल्याण-कामना गर्ने मलाई व्यर्थको दोष दिन्छन् तिनलाई सर्पको काखमा फ्याँकिदेऊ। हे अग्ने! जुन दुष्टले हाम्रा अन्न वा गाई, घोड़ा, सन्तान नष्ट गर्छ त्यो हिंसित होस् र सन्तानसितै नष्ट होस्।"[२]

यस्तै दुइ चार अरू ठाउँ पनि वसिष्ठले दुःखपूर्वक श्राप व्यक्त गरेका छन्। तर कसलाई गरेका हुन्, विशेष व्यक्ति बुझिंदैन। अर्कातिर विश्वामित्र पनि इन्द्रलाई आह्वान गर्छन्,' कीकटहरू जो अधम र बर्बर छन्, उनीहरूलाई गाईको के आवश्यकता? ती न दूध दुहुन्छन् न कुँड़े तताउँछन्। हे इन्द्र! प्रमगन्धका सम्पत्ति तथा नीचशाखका दौलत (गौधन) हाम्रा निम्ति लिएर आऊ।"[३]

यहाँ पनि कीकट कसलाई भनिएको हो, स्पष्ट हुँदैन। यस्तै अर्को एउटा मन्त्र छ (३.५३.२१-२४) जहाँ विश्वामित्र पनि आफ्नो शत्रुको विनाश चाहन्छन्। अघिल्लो मन्त्रमा विश्वामित्र कसैको गाई चाहन्छन् भने वसिष्ठ उनका गाई, घोड़ा, सन्तान नष्ट गर्नेलाई श्राप दिन्छन्।

वेदका यिनै र यस्तै मन्त्रहरूमा पछिका साहित्यले वसिष्ठ -विश्वामित्र बीच वैमनस्यता देखे। तैत्तिरीय संहितामा यो वैमनस्यताको सानो बीज देखिन्छ-

विश्वामित्र जमदग्नि वसिष्ठेनास्पर्धेताँस

यताज्जमदग्निर्भिहभ्यां अपश्यत् तेन वै

वसिष्ठसेन्द्रियमम्भिर्यम् अवृन्त-[४]

(वसिष्ठसित विश्वामित्र र जमदग्निको झगड़ा भयो। जमदग्निले विहव्य[५] मन्त्रद्वारा वसिष्ठको सम्पूर्ण वल र शक्ति खिचे।)

यस सन्दर्भमा एउटा विश्वास के गर्नु छ भने यी मन्त्रहरूमा देवताका स्तुति मात्र नभई राक्षस तथा यातुधानहरूलाई शत्रुको क्षति गर्ने आह्वान पनि हुन्थ्यो। त्यही विश्वासमा वृहद्देवतामा एउटा उपाख्यान छ- विश्वामित्रको प्रेरणामा सुदासका छोराहरूले अह्राएर प्रेतहरूले लगाएको दावाग्निमा वसिष्ठका शक्ति नामका छोराको मृत्यु भयो।[६] वृहद्देवताको यो प्रसंग कदाचित् ऋग्वेदका यी वसिष्ठ मन्त्रहरूद्वारा अनुप्राणित भएको होस्-

'हे इन्द्र! ती दुरात्मा प्रेतहरू जो साना-ठूला लाटोकोसेराको रूपमा, कुकुर वा ब्वाँसाको रूपमा अथवा चील वा गिद्धका रूपमा हिंसा गर्छन्, तिनलाई आफ्ना वज्रद्वारा नष्ट गर।"

---

*१. वा.रा.१.२१.१०*

*२. ऋक् ७.१०४.९-१०*

*३. ऐ. ३.५३.१४*

*४. तैत्तिरीय ३.१.७*

*५. ऐ.१२.१२८.१*

*६. वृहद्देवता ६.२८.३१-३४*

'हे इन्द्र! ती पुरूष होऊन् कि नारी, प्रेतकर्ममा लागेका छन् र छल वा धोखाद्वारा कुकर्म गर्छन् भने तिनका मस्तक आफ्ना वज्रद्वारा छिन्नभिन्न गरिदेऊ, तिनले भोलिको सूर्य हेर्न नपाऊन्।"[१]

विश्वामित्रले यस्तो कुकर्म किन गरे! वृहद्देवतामै अर्को एउटा उपाख्यान छ- राजा सुदासद्वारा आयोजित एउटा यज्ञमा वसिष्ठपुत्र शक्तिले विश्वामित्रलाई जबर्दस्त अचेतावस्थामा पुऱ्याएका थिए र जमदग्निले सर्परीको सहयोगले चैतन्यमा ल्याइदिएका थिए।[२] यो कुरो ऋग्वेदद्वारा पनि पुष्ट हुन्छ जहाँ विश्वामित्र भन्छन्, ' सर्परीले मेरो चैतन्य ल्यायो।"[३]

यहाँनेर उपरोक्त तैत्तिरीयको मन्त्र सांदर्भिक बन्छ। वेदका वसिष्ठ मन्त्र र विश्वामित्र मन्त्रका मालिन्यबाटै वृहद्देवताले विश्वामित्रको 'वसिष्ठ द्वैषिन्य"[४] उपाख्यान सिर्जना गरेको बुझिन्छ।

वाल्मीकीय रामायणमा वसिष्ठ-विश्वामित्रको द्वन्द्वको उल्लेख दुइ ठाउँ भएकोछ, एउटा उपाख्यानको रूपमा[५] र अर्को दृष्टान्तको रूपमा।[६] तर यहाँ उपाख्यान र दृष्टान्तको कुरामा विरोधाभास देखिन्छ। बालकाण्डमा भनिएको छ-

ते साश्वरथपादाता वसिष्ठेन महात्मना।

भस्मीकृता मुहूर्तेन विश्वामित्रसुतास्तथा।। ५५.७

(महात्मा वसिष्ठद्वारा विश्वामित्रका सबै छोराहरू एकै मुहूर्तमा घोड़ा, रथ र पैदल सेनासहित जलाइएर खाक भए।)

अनि अरण्यकाण।डमा भनिएको छ-

महर्षियों वसिष्ठस्तु यः पितुर्नः पुरोहित

अह्ना पुत्रशतं तज्ञे तथैवास्य पुनर्हतम्।। ६६.६

सीता-वियोगमा विह्वल बनेका रामलाई आश्वासन दिंदै लक्ष्मण भन्छन्-

'हाम्रा पिताजीका पुरोहित वसिष्ठका सय पुत्र एकै दिनमा (विश्वामित्रद्वारा) मारिका थिए।"

अब छोरा मरे कसका? वसिष्ठका कि विश्वामित्रका? वृहद्देवताको उपाख्यान अनुसार वसिष्ठकै शक्ति नामक एउटा छोरो मरेको तर सय छोरा होइनन्। सयजना छोरा त विश्वामित्रका थिए। हुनसक्छ बालकाण्डले ऐतरेय ब्राह्मणको कथा लिई सय छोरा विश्वामित्रका ठानेको होस् अथवा हुनसक्छ तैत्तिरीय संहितामा जमदग्निले विहव्य मन्त्रद्वारा वसिष्ठको सम्पूर्ण 'शक्ति" खिंचेको कुरालाई वृहद्देवताले ती 'शक्ति"-लाई पुत्रको रूपकमा लिई वसिष्ठको 'पुत्र-शक्ति" को मृत्यु बताएको होस्, रामायणले वसिष्ठ र विश्वामित्र सम्बन्धमा यी दुवै स्रोतबाट सामग्री जुटाएको भने देखिन्छ। तर बालकाण्डमा भनिएको विश्वामित्रका छोराहरू नहुन सक्छ कारण वसिष्ठ विश्वामित्र झैं क्षात्र धर्मीय छैनन्। उपाख्यान अनुसार पनि उनी ब्राह्मण

---

*१. ऋक् ७.१०४.२२,२४*

*२. वृहद्देवता.६.११७-१२०*

*३. ऋक् ३.५३.१६*

*४. वृहद्.ऐ.*

*५ वा.रा.१.५१-५६*

*६. ऐ.३.६६.६*

हुन्, सहिष्णु छन्। बालकाण्ड प्रश्रिप्त पनि हो र महाभारतको अनुरूपमा रामायणमा पनि पछिबाट विभिन्न उपकथाहरू जोड़िदा महाभारतकै वसिष्ठ-विश्वामित्र शत्रुताको उपाख्यान[१] यसमा जोड़िएको पनि हुनसक्छ। ऋग्वेदको शुनःशेप सूत्रलाई ऐतरेय ब्राह्मणले कथात्मक रूप दिएको र त्यही किञ्चित परिवर्तित रूपमा रामायणले लिएको अनुरूपमा ऋग्वेदकै वसिष्ठ र विश्वामित्रका विद्वेषात्मक मन्त्र-सूत्रलाई तैत्तिरीय र वृहद्देवताले कथारूप र रामायणले त्यही लिएर आफ्नो काव्यन्याय दिएको तथ्य यहाँ खुल्दछ।

१.२.४.६. **वृषाकपि-** वानर वा कपि रामकथामा नौलो प्राणी होइन। वेदमा कहीं यसलाई कपि मात्र भनिएको छ भने कहीं वृषाकपि। वृषः र कपिःको समाहार हुँदा पूर्वपद दीर्घ भई वृषाकपि बन्छ। वृषको अर्थ कोषले 'कुनै वर्गको मुख्य वा उत्तम" 'आफ्नो दलको श्रेष्ठ" 'मुनिवृष", 'कपिवृष" भनी उदाहरण समेत दिएको छ।[२] यस अर्थमा वृषाकपि हनुमान् हुनामा कुनै अनर्थ हुँदैन। ऋक्को एक सूक्तमा (१०.८६) एउटा वानर इन्द्रको प्रेम भाजन बनी आउँदछ, जसको चंचल स्वभावले गर्दा इन्द्राणी विरक्त बन्छिन् र खेद्छिन् तर पछिबाट सो वानर इन्द्राणीको पनि प्रेमपात्र बन्दछ।

राम आफ्नो वनगमनमा ऋष्यमूक पुगेपछि मात्र उनको हनुमान्सित भेट हुन्छ। इन्द्रले पनि धाएरै वृषाकपिलाई भेट्छन्। ऋग्वेदमा इन्दाणी भन्छिन्-

पराहीन्द्र धावसि वृषाकपेरति व्यथिः। १०.८६.२

(हे इन्द्र! तिमी अति गमनशील भई वृषाकपिकहाँ पुग्दछौ।)

त्यहीं इन्द्र भन्छन्ः नाहमिन्द्राणि रारण सख्युर्वृषाकपेर्ऋते। १०.८६.१२

(हे इन्द्राणी! वृषाकपि मेरा हितैषी हुन्। उनको बिना म प्रसन्न रहन्नँ।)

अन्तमा इन्द्राणी भन्छिन- यदुञ्चो वृषाकपे गृहभिन्द्राजगन्तन। १०.८६.२८

(हे वृषाकपि! हे इन्द्र! तिमीहरू मेरा घरमा आऊ।)

फादर बुल्के ऋग्वेदीय वृषाकपि र हनुमान्मा कुनै सम्बन्ध देख्दैनन्[३] तर ड.पिश्चेलले वैदिक कपि वा वृषाकपिलाई पौराणिक हनुमान्कै पूर्वपुरूष हुनसक्ने सम्भावना व्यक्त गरेका छन्।[४]

रामायणमा पाइने यस्ता कतिपय वैदिक र उत्तरवैदिक पात्रहरूको साना-ठूला भूमिकाले रामकथालाई वैदिक साहित्यसित जोड्न धेरै सहयोग गरेको छ र ती पात्रहरूको अस्तित्व र अविच्छिन्नताले ऐतिहासिक प्रवाहलाई पनि अक्षुण्ण राख्ने उपक्रम गरेको छ। यी पात्रहरू कविका उपज नभई अतीतबाटै आएका छन्

**१.३. दशरथ -जातक र रामकथा-**

आदिकवि वाल्मीकिभन्दा अघिदेखि नै रामकथा सम्बन्धी आख्यान प्रचलित थियो भन्ने कुराको आधारमा यसको मूलस्त्रोत पहिल्याउन विद्वान्हरूले धेरै श्रम गरेका छन्। वैदिक मूलत्व नमान्ने विशेष पश्चिमी र पश्चिमी साहित्यका पूर्वीय अध्येताहरूले रामकथालाई दुइ भागमा विभाजित गरी त्यसको विवेचना गरेका छन्। उनीहरूको भनाइ अनुसार रामकथा दुइ स्वतन्त्र कथाको संयोग हो। प्रथम भाग राम-वनबाससित सम्बन्धित छ जसको नायक दशरथ हुन् र द्वितीय भाग लंका-विजयसित सम्बन्धित छ जसको

*१. महाभारत. ६.४१, ४३*

*२. वी.एस.आप्टे - संस्कृत-हिन्दी कोष तत् प्रवृष्टि*

*३. कामिल बुल्के- रामकथा पृ. १११*

*४. बाल गंगाधर तिलक-ऐ.पृ ३२१*

नायक राम छन्। यस मतको प्रथम प्रतिपादक जर्मन विद्वान् डा. अल्ब्रेक्ट वेबर हुन्। यो विभाजनलाई कतिपय अध्येताहरूले मानेका छन् तर आ-आफ्ना आधारमा ।

वेबरको मत अनुसार रामकथाको पूर्वभागको स्रोत बौद्ध साहित्यको दशरथ जातक हो अनि उत्तर भागको आधार हो होमरको काव्य। उनको भनाइको मुख्य सार छ (१) राम-वनवास सम्पूर्ण प्रकरण बौद्ध जातकको कथावस्तुबाट विकसित भएको छ, (२) ग्रन्थको वर्तमान रूप हेर्दा भारतमा ग्रीक प्रभाव धेरै फैलिसकेको स्पष्ट हुँदछ, (३) सीता-हरण र लंका -विजय जस्ता दुइ प्रसंगहरू वाल्मीकिले सम्भवतः होमरीय गाथाचक्रको आधारमा जोड़ेका हुन् र (४) वाल्मीकिको कृति यो (ईस्वी सन् शुरू हुन लाग्नु)भन्दा अघिको हुनु असम्भव छ।

दशरथ-जातक बौद्ध वाङ्मयको जातकट्ठवण्णना-मा पाइन्छ जो पाँचौं शताब्दी ईस्वीको एउटा सिंहली पुस्तकको पाली अनुवाद हो।[१] यस दशरथ जातकको कथासार यस्तो छ[२]-

दशरथ वाराणसीका राजा हुन्छन्। दुइ छोरा-राम पण्डित र लक्खन र एउटी छोरी सीतादेवीलाई जन्म दिएपछि रानीको मृत्यु हुन्छ। राजाले अर्की बिहे गर्छन् जसबाट भरत जन्मन्छन्। सात वर्षका भरतको निम्ति रानीले राज्य माग्छिन्। तर राजाले भरतलाई राज्य दिन अस्वीकार गर्छन्। रानीले षड़यन्त्र रची सौतेला छोरा छोरीलाई मार्लिन् भन्ने आशंकामा राजाले बाह्र वर्षको निम्ति तिनीहरूलाई वनमा पठाउँछन् किन कि ज्योतिषीले राजा अझै बाह्र वर्ष बाँच्नेछन् भनेको हुँदछ। तर नौ वर्षपछि नै राजाको मृत्यु हुन्छ। पिताको मृत्युपछि भरत दाज्यूलाई लिन वनमा जान्छन् तर राम बाह्र वर्ष नपुगी नफर्कने भई आफ्ना तृणको खराऊ भरतलाई दिन्छन्। खराऊ लिएर भरत वाराणसी फर्की राज्य चलाउन लाग्छन्। बाह्र वर्षपछि राम फर्केर आई बहिनी सीतालाई बिहे गर्छन् र सोह्र हजार वर्ष राज गरी स्वर्ग जान्छन्।

ड. वेबर भन्छन्, जातकको यो कथा पनि धम्मपदको एउटा टीकामा उल्लिखित विकसित रूप हो जहाँ कुनै एक राजाले कान्छी रानीको षड़यन्त्रको भयले जेठी पट्टिका आफ्ना छोरालाई वनवास पठाउँछन्। कान्छी पट्टिको छोरो पनि स्वेच्छापूर्वक आफ्ना दुइ दाज्यूहरूसित वन जान्छ। राजाको मृत्युपछि तीनैजना फर्केर आई राज्य चलाउँछन्।

जातक-कथालाई रामकथाको पूर्व रूपमा स्वीकार गर्ने भारतीय विद्वान्हरूमा डा. दिनेशचन्द्र सेन, डा. सुनीतिकुमार चटर्जी, ड. सुसुमार सेन आदि प्रमुख छन्।ड. वेबरको मतलाई पुष्टि गर्दै ड. दिनेशचन्द्र रामकथाको आधार बनेको दशरथ-जातक वाल्मीकि रामायणभन्दा धेरै प्राचीन मान्छन्, जुन बौद्ध भिक्षुहरूद्वारा ई.पू. ५४३ तिरको प्रथम बौद्ध महासभामा सुनाइएको थियो।[३] जातक कथामा पाइने दाज्यू-बहिनीको वैवाहिक सम्बन्धबारे पनि उनको भनाइ छ-

'कथामा सीता र रामको विवाह निश्चय नै अनौठो लाग्छ। तर प्राचीन इतिहासका पाठकहरू राम्ररी जान्दछन् कि यस प्रकारको प्रथा इजिप्ट र बेबिलोनमा थियो। भारतका कति राजवंशमा विशेष गरी शाक्यवंशमा पनि यो विशेष रूपले प्रचलित थियो। शाक्यहरू आफ्नै बहिनीलाई बिहे गर्न रूचाउँथे। तिनीहरू आफ्नो राजघरानामा राजसी रक्तको शुद्धता चाहन्थे। भनिन्छ, शाक्यवंशी प्राचीन कुनै राजाले सभासदमा यो प्रश्न राखेका थिए कि शाही रक्तको स्वच्छता र पवित्रताको निम्ति दाज्यू-बहिनीबीच बिहे गर्न सकिन्छ कि सकिंदैन। सभासदहरूले भने 'सक्कते"। यही शब्दबाट यो वंशको नाउँ पनि 'शाक्य" रहेको

---

*१. कामिल बुल्के- रामकथा पृ ५६*

*२. अविकल कथाको निम्ति हे. यसैको बौद्ध साहित्यमा रामकथा प्रकरण*

*३. दिनेशचन्द्र सेन- द बेंगली रामायणस्, पृ. ७र २१*

हो।"[१] तथा संबुल जातकको पनि चर्चा गरेका छन्। अन्धा मुनि तथा श्रवणकुमार वधको कथाबीज साम-जातकमा पाउन सकिन्छ भने वेस्सन्तर -जातककी मद्दिले वनवास जान आग्रहशील सीताको सम्झना गराउँछ जहाँ मद्दि आफ्ना पतिसित वनवास जान जिद्दी गर्छे। उसरी नै संबुल -जातकमा एउटा दानवले सोठीसेनकी पतिव्रता स्त्री संबुललाई प्रेम याचना गर्छ, तर संबुल त्यसलाई तिरस्कार गर्छिन् अनि क्रुद्ध बनेको दानवले धम्काउँदै भन्छः म तँलाई चोक्टा -चोक्टा पारेर आफ्नो भोजन बनाउँछु। यसले बन्दीनी सीता र रावणलाई सम्झाउँदैन! भन्ने ड. दिनेशचन्द्रको विस्मय छ।[२]

वाल्मीकिभन्दा पहिल्यैदेखि दक्षिण भारतमा हनुमान् र रावणको कथा प्रचलित थियो र वाल्मीकिले ती कथाहरू आफ्ना काव्यमा उपयोग गरेका हुन् भन्ने उनको विचार तर कुनै प्रमाणद्वारा पुष्टित छैन।

वाल्मीकीय रामायणमा जातकीय स्रोतको समर्थन गर्ने अर्को विद्वान् हुन् सुनीतिकुमार चटर्जी। दिल्लीमा आयोजित रामायणमाथिको दोस्रो अन्तर्राष्ट्रीय संगोष्ठी (सन् १९७५) लाई संबोधित गर्दै रामकथाको उत्स बौद्ध जातक साहित्य पनि हुनसक्ने सम्भावना उनले व्यक्त गरेका थिए। उनले भनेका थिए रामकथाको आंशिक विवृत्ति पाली जातक साहित्यमा पनि पाउन सकिन्छ जुन ख्रीष्टाब्द चौथो शताब्दीतिर विकसित भएको थियो जसको प्रारम्भिक प्रसंगमा अन्तःपुरको कुटनीति र राम, लक्ष्मण तथा सीताको वनवास छ। तर यो वनवास दक्षिणको दण्डकारण्यको नभई हिमालयको वनप्रान्तरको छ। तिनीहरू आफ्नो राजधानी वाराणसीमा फर्केर आई रामले आफ्नी बहिनी सीतालाई बिहे गर्छन् अनि कथा टुंगिन्छ। राम यहाँ पण्डित भनेर मानिएका छन्, जो आफ्ना पिताको मृत्युको समाचार सुनेर शान्त र अविचलित रहन्छन्।[३]

रामकथाको उत्पत्तिबारे एउटा नयाँ दृष्टि दिने विचार ड. चटर्जीको थियो र यसबारे सामग्री जुटाउन लागेका पनि थिए तर उनको मृत्युले त्यो पूर्ण हुन पाएन। उनले छोड़ेका तत् विषयक कतिपय बुँदाहरू बटुली उनका शोध-सहायक श्री अनिलकुमार कांजिलालले एउटा पुस्तक प्रकाशित गरेका छन्, **'द रामायणःइट्स क्यारेक्टर, जेनेसिस, हिस्ट्री, एक्सप्यान्सन एण्ड एक्सोडसः अ रिज्युमी"** जहाँ ड.चटर्जीले जातकीय प्रभावमाथि मात्र होइन तर होमरीय र अन्य पश्चिमी प्रभावहरूमाथि पनि अन्तरंग विचार व्यक्त गरेका छन्।

वेबरकै सिद्धान्तलाई समर्थन गर्दै उनले पनि भनेका छन्ः रामकथाको सर्वप्राचीन साहित्यिक साक्ष्य दशरथ जातकको तेह्रवटा पालि गाथामा सुरक्षित छ जुन रामायणको नाभी हो। दाज्यू र बहिनीका वैवाहिक सम्बन्ध आजको संदर्भमा अनुचित निश्चय ठर्दछ (प्राचीन मौखिक वा लिखित गाथाकालमा यो सम्भव थियो।) तर वाल्मीकि रामायणमा सीतालाई अयोनीजा मान्नमा पनि उत्तिकै असंगति छ[४] यस प्रथाको निम्ति उनले पनि शाक्य परम्परालाई नै निर्देशित गरेका छन्, र भारतमा यसलाई आर्य-अनार्यको अथवा ब्राह्मण-बौद्ध-जैनको संश्लिष्ट मिश्रण मानी 'प्राचीन भारतीय परम्परा" भनेका छन्।[५] परवर्ती भारतीय परम्परा बड़ी ब्राह्मणवादी भएर बौद्ध साहित्यलाई त्याज्य सम्झन्छ तर बौद्ध विचार मानवतावादी छ भन्ने आफ्नो मन्तव्यको पुष्टि गर्न उनले पालि उमंग जातकको कथा दृष्टान्तस्वरूप दिएका पनि छन्, भागवत् र विष्णु पुराणमा वासुदेव कृष्णले ऋक्षराजा जम्बुवानकी कन्या जाम्बवतीलाई विवाह गर्छन्, तर उमंग जातकमा (यसैको बौद्ध विवर्तनमा) वासुदेव कान्हाले चण्डालकी छोरी चण्डालिकालाई विवाह गर्छन्। मनुष्य वा

---

*१. ऐ.पृ. १४*

*२. ऐ.पृ. १५-२१ / यी जातक-कथाहरू आगामी प्रकरणहरूमा दिइन्छन् /*

*३. सुनीतिकुमार चटर्जी - द रामायण, पृ. १८-१९*

*४. सुनीतिकुमार चटर्जी - द रामारण परिचय, पृ. ६, १०*

*५. ऐ.पृ. १०, ११*

देवपुरूषले पशुको बच्चासित (ऋक्ष भनेको भालु) विवाह गर्नमा पशुत्व देखिन्छ भने सवर्ण पुरूषले अछूत मानव कन्यालाई विवाह गर्नमा मनुष्यता झल्कन्छ यद्यपि अर्वाचीन ब्राह्मण शास्त्रमा यो निषेध छ जहाँ पशुलाई मनुष्यभन्दा माथि र मान्य मानिन्छ।[१] यसरी ड. चटर्जीले बौद्ध साहित्यका जातक कथाहरू पनि रामायणी अध्ययन अन्तर्गत आउनुपर्ने मन्तव्य प्रकाश गरेका छन्।

रामकथाको निम्ति बाल्मीकि बौद्ध साहित्यप्रति ऋणि रहेको ड. अलफ्रेक्ट वेबरको मन्तव्यलाई काशीनाथ त्र्यम्बक तेलंगले एक शताब्दी अघि नै समूल खण्ड गरी उक्त मत निराधार प्रमाणित गरिदिइसकेपछि[२] पनि डा. चटर्जीको उही कुराको पुनरावृत्तिले फेरि पनि भारतीय विद्वत् समाजमा निक्कै ठूलो खल्बली मच्चियो। फ्लतःडा. चटर्जीको पक्षमा डा कुसुमार सेन, ' अरिजिन एण्ड डेभलेप्मेन्ट अफ् द राम लिजण्ड" लेख्न अनुप्रेरित बने। यसमा उनले पनि प्रष्टत; भनेका छन्ः 'जातक-कथा (खुद्दक निकाय र जातकट्ठवण्णा)ले हामीलाई रामकथाको सर्वप्राचीन रूप दिंदछ।"[३] उनले अझै भनेका छन्, जातकको पाली वा संस्कृत मूलमा सीता हरण र रामको विजयको प्रसंग छैन तर २५१ खृष्टाब्दतिरको एउटा चीनी अनुवादमा यो जातक-कथा पनि पाइन्छः एकजना वोधिसत्व राजालाई उनका काकाले राज्यबाट निष्कासित गरे। राजा आफ्नी पत्नीलाई लिएर पाहाड़तिर लागे। त्यहाँ उनी एउटा आश्रम बनाई आनन्दपूर्वक बस्नलागे। एक दिन एउटा समुद्री दैत्यले साधुको भेषमा आई वोधिसत्वकी पत्नीलाई हरण गरेर लग्यो। वोधिसत्वले वानरहरूका युथपतिसित मित्रता गरी आफ्नी पत्नीलाई उद्धार गरे। पत्नीले पनि आफ्नो पवित्रता प्रमाणित गरेपछि ती दुइ दम्पत्तिको पुन र्मिलन भयो। दशरथ -जातक र यस चीनी जातकले उत्तरकाण्ड छोड़ी रामकथाको आधार पूर्ण हुन्छ।[४]

यो बाहेक ड. सेनले रामकथालाई आइरिस, सर्बियन, फ्रिजियन आदि लोककथासित पनि तुलना गर्दै त्यहाँ पाइने कथातत्वको आधारमा रामकथाको प्राचीनता दर्शाउने उद्योग गरेका छन्।

**१.४ युनानी साहित्य र रामकथा-**

पूर्वीय साहित्यमा रामकथाको त्यही स्थान छ जुन पश्चिमी साहित्यमा इलियड र ओडिसीको छ। इलियड र ओडिसी होमरकृत दुइ प्राचीन युनानी महाकाव्यहरू हुन्। आधुनिक कतिपय विद्वान्हरूले रामकथामा इलियडको प्रभाव पनि ठम्याएका छन्। ड. वेबरले रामकथाको मूलरूप दशरथ जातमा सुरक्षित रहेको र सीताहरण तथा लंकायुद्धको मूल स्रोत होमरीय काव्यको हेलेनहरण र ट्रय-युद्ध हुनसक्ने मन्तव्य प्रकट गरेका छन्।[५] इलियडमा मिनेलसकी पत्नी हेलेनलाई पेरिसले अपहरण गरी ट्रयमा लगेर राख्छन्। हेलेनको उद्धारको निम्ति गरिएको युद्धमा पेरिस मारिन्छन् ट्रय नगर पनि ध्वस्त हुन्छ। अन्तमा हेलेन र मिलेनसको पुनर्मिलन तथा उनीहरूको सुखमय जीवनको कथा इलियडमा छ।

वेबरको यस विचारलाई डा.सुनीतिकुमार चटर्जीले उदारतापूर्वक समर्थन गरेका छन्। यद्यपि उनले रामकथाको आदि स्रोत होमरको इलियड नै हो भन्ने तर्क र प्रमाण दिएका छैनन् तदपि युनानी कल्पनाका अनेक शिर र अनेक हात भएका अद्भुत दैत्यहरूसित रामायणी राक्षस रावणको कुनै सम्बन्ध गाँस्न सकिन्छ कि भन्ने उनको राय छ। वेबरको मतलाई खण्डन नगरी अपितु त्यसलाई स्थापित गर्ने उनको

*१. ऐ. पृ. १३*

*२. द्र.के.टी. तेलंग - ह्वाज् र रामायण कपिड् फ्रम् होमर?*

*३. सुकुमार सेन - अरिजिन एण्ड डेभलेप्मेन्ट अफ् द राम लिजण्ड, पृ. १६*

*४. ऐ.पृ.१७*

*५. वेबर - अन द रामायण, पृ.११*

उपक्रमप्रति भारतीय पण्डितहरूले ठूलो विरोध जनाएका थिए। यसैले उनको प्रकाशित विचारको एक अंश यहाँ राख्न अनुचित नहोला।

'ग्रीसेली कथाका अनेक शिर र अनेक हात युक्त अद्‌भुतकर्मा र भीमकाय दैत्यहरूसित दशशिर र बीस भुजाधारी रामायणी दैत्याराज रावणको कुनै सम्बन्ध जोर्न सकिन्छ कि! 'रावण" शब्दको अर्थ रोदनकारी हुन्छ जहाँ 'ब्रिआरिओस" को अर्थ 'अत्यन्त बलवान्" हुन्छ। ब्रिआरिओस शब्दको सम्बन्ध ब्रिमो धातुसित छ जसको अर्थ 'गर्जनु" हुन्छ। परन्तु यसबाट कुनै निष्कर्ष निकालिहाल्नु न्याय्य नहोला।"

'इजिप्ट (नुबिया र बेबिलोनका पनि) का पशु वा पक्षीका शिर हुने देवताहरूका प्रतिरूप भारतीय मिथहरूमा पनि पाइन्छ। तर यस्ता रूपाकृतिहरू भारतमा संभवतः खृष्टपछिका हुन्। जस्तै हात्तीको टाउको भएका गणेश, घोड़ाका टाउका भएका हयग्रीव तथा हिमाली किन्नरहरू।"

'यस्तै भारतीय पुराकथाका धेरै टाउका, धेरै हात, अचम्मका शरीर भएका देवता-देवीहरू दैत्य-दानवहरूमा रामायणी रावणको विशेष स्थान छ। रावणको दश शिर उसको विशेषता भएको छ। दश शिर बिनाको रावण हामी सम्झनै सक्तैनौं। हुन ता उसको दुइटै हात हो तर वाल्मीकिको कृतिमा उसलाई बीस हाते बनाइएको छ।" 'रावण जस्तै अनेक शिर र अनेक हात भएको दैत्यको समानतामा हामी ग्रीसेली दन्तकथाका ब्रिआरिओस र उसका अन्य दुइ दानव भाइहरूलाई पनि पाउँछौं जसका पचास-पचास शिर र सय -सय हात थिए अनि जसलाई होमरले पनि आफ्नो इलियडमा उल्लेख गरेका छन्।"

'भारतीय आर्य र ग्रीकहरू दुवैका आधारभूत मिथमा आफ्ना भारोपीय पूर्वहरूका कतिपय विचार धारणा र आकृतिहरू आएका छन् तर जब भारतीय आर्य र ग्रीकहरू आ-आफ्ना रूपमा आए त्यो ऐतिहासिक र प्रागैतिहासिक कालपछि पनि यी दुइ देशबीच सम्बन्ध रहिरह्यो र पारस्परिक प्रभाव मात्र होइन दान-प्रदानका पनि अनेक दसीहरू हामी पाउन सक्छौं। अलेक्जाण्डरको भारत आगमनपछि ग्रीक दरवारहरू तिनका सांस्कृतिक प्रचारको केन्द्र बनेर आर्य हिन्दू जगत्‌लाई तिनले प्रभावित गरेका थिए। ग्रीक पुस्तकहरू र साहित्यिक वर्ण्य विषयहरू पनि भारतमा आउन पूर्ण सम्भव थियो। त्रासदी र कामदी दुवै प्रकारका ग्रीक नाटकहरू भारतमा ग्रीक शासकहरूका दरवारमा मञ्चित हुनु कुनै नौलो कुरो थिएन। भारतीहरूले ती हेरे हुनन् र केही विचार पनि ग्रहण गरे हुनन्।"

'ग्रीक र हिन्दू आर्यमाझ दीर्घ १२ शताब्दीसम्मका यी सब साहित्यिक, कलात्मक, वैज्ञानिक, राजनैतिक, धार्मिक र दार्शनिक विनिमय र प्रभावलाई विचार्दा हामीले अचाहिँदो संशयी बन्दै प्रसिद्ध ग्रीक लेखक, आलोचक र व्याख्याता दिअन क्रियस्तमका यी कुरालाई खण्डन गर्न सक्दैनौं। उनी लेख्छन्ः'भनिन्छ, होमरका कविता भारतमा पनि गाइन्छ, त्यहाँ उनीहरूले यसलाई आफ्नै भाषामा अनुवाद गरेका छन्। उनीहरू प्रियमको कष्ट, एन्ड्रोमेकी र हिकुबाको रोदन र क्रन्दन साथै एकिलस र हेक्टरका वीरतासित अपरिचित छैनन्.... ।" होमरका इलियडका यी प्रासांगिक प्रतिरूपहरू रामायण र महाभारतमा पाइन्छन्। परन्तु यी सोझो प्रभाव अथवा सचेत वा सायस अनुकरण भनेर हामी भन्न सक्दैनौं। वास्तविक कथाले पनि ग्रीक साहित्यको वातावरण, प्रकार वा विधाको अनुरूपताले भारतीय मन प्रभावित भयो भन्ने कुरालाई तुलनात्मक साहित्यको गम्भीर अध्ययन नगरी हामी त्यसै नकार्न सक्दैनौं।

'यसैले ग्रीक दन्तकथाका पचास टाउके र सय हाते ब्रिआरिओसले नै भारतको रावणलाई दश टाउका र बीस हात दिएको हुन्सक्छ।"[१]

रामकथाको उत्सबारे ड.चटर्जीको यो एउटा प्रस्तावना थियो र प्रमाणको निम्ति उनी प्रयत्नशील थिए

*१. सुनीति कुमार चटर्जी- द रामायण, पृ. २३-२६*

उनको यस धाराणालाई पोषित गर्न डा. सुकुमार सेनले पनि यस्तै एउटा पुस्तक लेखेका छन्। ' रामकथा प्राक्-इतिहास" बंगलामा र त्यसैको अंग्रेजी 'अरिजिन एण्ड डेभलपमेन्ट अफ द राम लिजण्ड" उनले पनि रामकथा विभिन्न स्त्रोतबाट आएर एकीभूत भएको मानेका छन्। बौद्ध साहित्यका विभिन्न जातकहरूका संयोगमा रामकथाको पृष्ठभूमि निर्माण भएको उनको विचार भए तापनि ग्रीक साहित्यको प्रभावबारे उनी प्रायः मौन नै रहेका छन्। आफू भारोपीय भाषाहरूका तुलनात्मक पुराकथाका अध्येता भएकोले उनी विभिन्न मिथकहरूमा रामकथाको आद्यरूप हेर्छन्। उनको धारण छ-आइरिस दन्तकथाले रामकथाको अन्तिम दृश्य अर्थात् सीताको अन्तर्धान स्पष्टतः दर्शाउँदछ।[१] त्यहींको अर्को एउटा कथा 'ओइसिनकी आमा" मा फिनले रामलाई र ओइसिनले कुशलाई सम्झाउँद छन्।[२] उसरी नै च्यवन-वाल्मीकिका पूर्वज 'भृगु" शब्द फ्रिजियन (ग्रीक) शब्द 'फुक्स" जसको प्राक्-यूरोपेली रूप 'भृगु"बाटै आउन सक्ने सम्भावना पनि उनी देख्छन् कारण फ्रिजियनहरू पनि गानविद्यामा प्रवीण थिए अनि ऋग्वेदको (१.१२०.५ भृगवाने न घोषे) 'भृगुहरूका वंशी वा गीतको जस्तो स्वरमा" भन्ने उक्तिमा भृगु(फ्रिजियन) गीतकै सन्दर्भ रहेको भान हुँदछ।[३] यी आधारमा ड. सेन पनि रामकथाको स्त्रोत पश्चिमी दन्तकथाहरूमा पाइन सक्ने विचार व्यक्त गर्छन्।

नारी-सौन्दर्यमा वशीभूत भई परस्त्रीको अपहरण तथा अपहरणको कारणले युद्ध र राज्यको पतन, यद्यपि दुवै महाकाव्यको कथानक एउटै जस्तो देखिए तापनि भावपक्ष र नैतिकताको आधारमा यी दुइ काव्य बीच ठूलो अन्तर पाइन्छ। यिनमा समताको भन्दा विषमताकै अंश अधिक स्पष्ट छ। सीता र हेलेन दुवै आफ्ना अलौकिक सुन्दरताको निम्ति विख्यात छन्। रामायणमा सीताको रूपको वर्णन गर्दै सूर्पणखाले रावणलाई सीताको हरण गर्न प्रोत्साहित गर्छे भने इलियडमा एफ्रोदितिले पेरिसलाई विश्वसुन्दरी हेलेनलाई बिहे गर्ने सुझाउ दिन्छे। तर हेलेन मिलेनसकी पत्नी भइसकेकी हुन्छे। यसो हुँदा मिनेलसले हेलेनका अरू पूर्वप्रेमीहरू, जस्तै एगामेमन्, एकिलस, फिलक्टेतीजका सहायताले ट्रयमाथि हमला गर्छ। युद्धमा पेरिस फिलक्टेतीजको हातबाट मारिन्छ। हेलेनले पेरिसकै भाइ देइफोबससित बिहे गर्छे। दश वर्षको युद्धपछि ट्रयको पतन हुन्छ। मिनेलसले आफ्नी पत्नीलाई फर्काएर ल्याउँछ।[४]

यहाँ सीता र हेलेनको चरित्रमा पूर्व र पश्चिमकै भिन्नता छ। हेलेनको पेरिससित विवाह हुनअघि कम्तिमा पनि तीनजना उसका प्रेमीहरू थिए। तिनमा आगामेम्नन् त मिनेलसको भाइ (दाइ?) पनि हो।[५] पेरिसको मृत्युपछि हेलेन फेरि पेरिसकै भाइ देइफोबससित बिहे गर्छे। यस्ती तीन पोइले हेलेनसित सीताको तुलना गर्नु दुस्साहस मात्र हो। अर्को, लोग्ने मिनेलसलाई छोडी हेलेन स्वेच्छापूर्वक पेरिससित भागेकी थिई र त्यो अपहरण तुलना हुँदैच। हेलेन ट्रयमा पेरिससित सुखपूर्वक बसेकी थिई जुन अपहृता थिएन सीताको अशोकवाटिकाको वाससित तुलना हुँदैन। रामायणमा जार साधिन्छ, रामले रावणलाई मार्छन् तर इलियडमा मिनेलसले होइन एकिलसले पेरिसलाई मार्छ। अतः राम र एकिलसको तुलना गर्नु भूल हो।[६]

ड. वेबर र ड. चटर्जीले दियो क्रिसोस्तमको उक्ति उद्‌घृत गर्दै होमरको काव्य भारतमा अनुदित भएको

*१. सुकुमार सेन - द राम लिजण्ड, पृ. ३३*

*२. ऐ*

*३. ऐ. पृ. ३५*

*४. क्लासिकल मिथ्स एण्ड लिजण्डस , रिडर डाइजेस्ट ग्रेट एनसाइक्लोपेडिक डिक्सनेरी तेस्रो खण्ड, लण्डन, प्रथम संस्करण, पृ. १३४२-५६*

*५. काशिनाथ त्रैम्बक तेलगं- ह्वाज रामायण कपिड फ्रम् होमर? पृ. १०*

*६. ऐ.*

कुरालाई स्वीकार गरेका छन् तर वस्तु रूपमा सो अनुवाद भारत वा ग्रीसका कुनै पुस्तकालयहरूमा उपलब्ध छैन। दियो क्रिसोस्तम होमरको अनुवाद भएको थियो भन्छन् अनि उनैका पृष्ठपोषक ड.वेबर अनुवाद भएको थिएन भन्छन् भने प्रभाव र अनुकूलनमा पनि विश्वास गर्न सकिन्न भन्ने तेलंगको तर्क छ।[१]

लोकमान्य तिलक पनि राकथा होमरीय काव्यबाट प्रभावित सम्झदैनन्। उनी भन्छन्, 'म्याक्समूलरले आफ्ना भाषा-विज्ञानमा इलियडका कतिपय पात्र-नामहरूको स्रोत वेदमा भेट्न सक्ने सम्भावना देखाउँदै सरमा (हरमा)बाट हेलेन, पणिबाट पेरिस, वृषयबाट ब्रिएसिस आदिका उदाहरणहरू दिएका छन् तापनि इलियडमा प्रयुक्त सबै पात्रहरूको व्याख्या यसरी नै गर्न सकिंदैन। इलियड र रामायणमाझ केही आकर्षक मेल देख्दैमा अचम्म मान्ने काम छैन किन कि कुनै मिथकीय तत्त्व, स्थानीय विशिष्ठताले नै रंगिएर किन नहोस्, प्रत्येकको मूल कथामा रहेको बुझिन्छ। यसैले रामायण होमरको अनुकृति हो कि होइन भन्ने प्रश्न पूर्णतः निरर्थक ठहरिन्छ। वास्तविकता यो हुनसक्छ, होमर र वाल्मीकिले एउटै र उभयनिष्ट मिथकीय भण्डारलाई प्रयोगमा ल्याए एवं यी दुइ बीचको सादृश्यले उभय स्रोतको सिद्धान्तलाई मात्र प्रमाणित गर्दछ।"[२] अनि रामकथामा वैदिक प्रभावलाई पनि स्वीकार्दै उनी भन्छन् 'वैदिक मिथकका कतिपय घटनालाई कविले काव्यको मूल कथामा कुशलतापूर्वक उनेको देखिन्छ।रामायणको मिथकीय तत्त्वले प्रथम याजक वृहस्पतिद्वारा उषा (ब्रह्मजाय) को मानवीकरणको कथा अथवा प्रकाशको पुनर्प्राप्तिको निति वृत्रसित इन्द्रको युद्ध कथालाई चित्रित गर्दछ।"[३]

**१.५ निष्कर्ष-**

रामकथाको उत्पत्तिबारे विभिन्न मतहरूको निरूपण यस अध्यायको अभिष्ट हो। यहाँ मुख्यतः वैदिक साहित्य, जातक साहित्य र ग्रीक साहित्यमा रामकथाका आंशिक र प्रासंगिक लक्षणहरू परिलक्षित छन् तर तिनका प्रभाव प्रष्ट र प्रमाणसिद्ध छैनन्। केवल अनुरूपताको आधारमा आफ्ना मत पुष्ट गर्न विद्वान्हरू प्रवृत्त छन्। रामकथाको मूल स्रोत निर्धारित गर्नलाई दुइ तीन वा अधिक स्वतन्त्र कथाहरूको कल्पना गर्नु उपर्युक्त मतहरूको सामान्य विशेषता रहेको छ।

ड. वेबरको मत अनुसार रामकथाको प्राचीन रूप दशरथ जातकमा पाइन्छ। तर यस जातकमा सौतेनी आमाको कारणले राम, लक्ष्मण र सीताको वनवाससम्मको कथा मात्र पाइन्छ, त्यसपछिको सीताहरण र लंका युद्धको कथा उनले होमरको इलियडमा भेट्छन्। यो पछिल्लो कथा भाग पनि जातककै चीनी अनुवादमा पाइन्छ भन्ने मन्तव्य ड. सुकुमार सेनको छ। ड. दिनेशकुमार सेन उत्तर भारतमा प्रचलित जातकहरू र दक्षिण भारतमा प्रचलित रावण सम्बन्धी आख्यानहरूको समाहारलाई रामकथा सम्झन्छन्। उनले दशरथ जातकका साथै वेस्तन्तर, संबुल, साम आदि जातकहरूमा पनि रामकथाका प्रसंगहरू पाइने स्थान निर्देश गरेका छन्। दशरथ जातकलाई रामकथाको आदिरूप मान्नेहरूमा अर्का विद्वान् हुन् ड.सुनीतिकुमार चटर्जी। वेबर तथा दिनेशचन्द्रका मन्तव्यहरू ब्राह्मणहरूले बौद्ध साहित्यको उपेक्षा गर्नाले खण्डित भएको हो भन्ने उनको विचार छ। यसरी ए.वेबर, दिनेशचन्द्र सेन, सुनीतिकुमार चटर्जी, सुकुमार सेन प्रभृति आलोचकहरू दशरथ जातकलाई रामकथाको आद्यरूप मान्छन्।

परन्तु दशरथ जातकको मुख्य समस्या छ, जो जुन जातकट्ठवण्णतामा पाइन्छ त्यो पाँचौं शताब्दी ईस्वीको एउटा सिंहली पुस्तकको अनुवाद हो। बौद्ध त्रिपिटक तेस्रो शताब्दी ईस्वीपूर्वमा पद्यवद्ध गरिएको थियो।

---

*१. ऐ.पृ.११*

*२. बाल गंगाधर तिलक - दि आर्कटिक होम् इन दि वेदस्, पृ. ३२३-२४*

*३. ऐ.*

तर सिंहली पुस्तकमा जुन कथा पाइन्छन् ती प्राचीन पाली गाथाहरूको टीकाको रूपमा लेखिएका छन् ती गद्यमा छन्। जातक कथाका गद्य खुबै कम महत्वका र कम प्रामाणिक हुन्छन्, जस्तो एउटा जातक विनय पिटक र जातकट्ठवण्णना दुवैमा पाइन्छ। गाथा त एउटै छ तर गद्य दुवै ग्रन्थमा भिन्न भिन्नै छ। यसले जातकको गद्यको प्रामाणिकतामा संदिग्धता छ भन्ने कुरो स्पष्ट गर्छ। वास्तवमा जातकट्ठवण्णना कै गाथा र गद्यमा पनि थेरै ठाउँ विरोध र असंगति देखिन्छ।[१] यसैले ड. बुल्के भन्छन्, ' दशरथ जातकको गद्यलाई तेस्रो शताब्दी ईस्वीपूर्वको अखण्ड परम्परा मान्नु र त्यसैको आधारमा रामायणको मूलरूपको सम्बन्धमा कुनै सिद्धान्त प्रतिपादन गर्नु अवैज्ञानिक हुन्छ।"[२] अनि अर्को ठाउँमा पनि उनले यही विचार व्यक्त गरेका छन्, 'दशरथ जातकको अन्तरंग परीक्षाद्वारा सिद्ध हुँदछ यसको कथानकमा मौलिकता छैन"[३] दशरथ जातक रामयणीय कथाको विकृत रूप हो।"[४]

ए.वेबरको मतलाई खण्डन गर्दै जेकोबीले पनि भनेका छन्, 'म यो कथा (दशरथ जातक) वाल्मीकिको रामायणभन्दा पुरानो हो भन्ने मान्दिनँ बरू यो त्यसको (रामायणको) एउटा विकृति मात्र हो।[५]

आधुनिक अध्येताहरू जातककथाहरू रामायणमै आधारित र रामायणद्वारा नै प्रेरित सम्झन्छन्।'जम्मै दशरथ जातक, वस्तुतः रामायण अयोध्याकाण्डको सार हो" भन्छन् कलकत्ता विश्वविद्यालयका प्राचीन भारतीय इतिहास र संस्कृतिका प्रवक्ता असीमकुमार।[६]

जातकट्ठवण्णनाका अरू कथाहरूको अनुशीलनबाट पनि स्पष्ट हुन्छ, जातककथाहरू रामकथाबाटै प्रभावित छन्, रामकथा जातककथाहरूबाट होइन। उदाहरणको निम्ति, जयद्दिस जातकमा एउटी माता आफ्ना छोरालाई भन्छिन्- जसरी दण्डकारण्यवासी रामकी माताले आफ्ना पुत्रलाई कल्याण गरिन् उसरी नै म तिम्रो कल्याण गर्दछु। अथवा, वेस्सन्तर जातकमा वेस्सन्तरकी पत्नी भन्छिन्, 'म एक प्रतापी निर्वासित राजकुमारकी भार्या हुँ। अनुगामी सीता जसरी रामको आदर गर्थिन् उसरी नै म यिनको गर्दछु।" इत्यादि। यी प्रकरणहरूले दशरथ जातकमा भनिएको वनवासको स्थल र राम -सीताको सम्बन्धहरूलाई खण्डन गर्छन्। जातक कथामा रामको राजधानी वाराणसी छ र वनवास हिमालय। यी बौद्ध स्थलहरू दशरथ जातककारले आफ्नो समय र रूचि अनुसार बदलेका छन् र कथानकलाई पनि उपदेशमा ढालेका छन्। दुःख र कष्टमा मात्र होइन तर आत्मीय जनको मृत्युमा पनि सदा शान्त अविचल रहनू भन्ने उपदेश दिनु मात्र दशरथ जातकको ध्येय छ।

दशरथ जातकको सबैभन्दा विचित्र प्रसंग छ राम र सीताको सम्बन्ध। ती पहिले दाज्यू र बहिनी छन् र वनवासबाट फर्किएपछि पति र पत्नी बन्छन्। यस मतका पृष्ठपोषकहरूमा ड.वेबरले सुत्तनिपातका टीकामा वर्णित शाक्यहरूको उत्पत्ति कथालाई देखाउँदै राजपरिवारमा यस्ता रीति सम्भव भएको उदाहरण देखाउँछन्। ड. दिनेशचन्द्र पनि यही कुरालाई मान्दै इजिप्ट र बेबिलोनतिरको प्रथाको आधारमा यसलाई अनुचित ठहराउँदैनन्।

---

*१. कामिल बुल्के- रामकथा, पृ.७६*

*२. ऐ.पृ.७६*

*३. कामिल बुल्के- राम कथा और तुलसीदास, पृ.१५*

*४. ऐ.*

*५. हर्मन जेकोबी-दस रामायण, पृ.६५*

*६. असीमकुमार चटर्जी - द रामायण इन बुद्धिष्ट एण्ड जैन टेक्स्ट्स, द रामायण इन इण्डिया, सं.उनै, पृ.१०*

परन्तु चिन्तामणि वैद्यले दाज्यू र बहिनीको विवाह बुद्धका पूर्वजहरूमा प्रचलित त्यस्ता प्रथालाई सामान्यीकरण गर्न खोजिएको मात्र हो भन्छन्।[१] दशरथ जातकमा राम वनवासको काल बाह्र वर्ष जुन ज्योतिषीहरूले राजाको आयु हेरेर भनेका हुन् तर राजा नौ वर्षपछि नै मर्छन्। ज्योतिषीहरूको कथन असत्य सिद्ध हन्छ। वैद्य भन्छन्, 'बौद्धहरूको ज्योतिष प्रतिको अरूचि यसबाट छर्लगिन्छ।" अनि सारस्वरूप उनी भन्छन्, यस प्रकारका विकृतिहरूले जातककथा अप्रकृत र त्यसैले असत्य भन्ने देखाउँछ अनि ड. वेबरको सम्पूर्ण सिद्धान्त माकुराको जालमा झुण्डिएको छ जो आफ्नै तर्कको भारले चुड़िन्छ।[२]

ड. सुनीतिकुमार चटर्जीले जातकमा रामकथाको पूर्वरूप नभेट्नु बौद्ध साहित्यको उपेक्षा गर्नु हो भन्दै बौद्ध साहित्य ब्राह्मण साहित्यभन्दा बढ़ी मानवीय छ भन्ने तर्कमा परन्तु उनले जुन उमंग जातकको उल्लेख गरेका छन् त्यसले रामायण मात्र होइन महाभारत पनि बौद्ध साहित्यकै उपज हो भन्ने अर्को समस्या खड़ा गर्छ। कृष्णकथा पनि जातकहरूमा पाइनाले र जातककै कथा अग्रज र विश्वस्त मानिएको खण्डमा भागवत् र पुराणका कथाहरूका मूलस्त्रोत पनि बौद्ध साहित्य नै देखिने भए। अतः उमंग जातक जसरी भागवत्को आदि स्वरूप होइन उसरी नै दशरथ जातक पनि रामकथाको मूल रूप होइन।

ड. सुकुमार सेनले रामकथाको उत्तरमा अर्थात् सीता-हरण र लंका -पतन पनि जातकहरूमै भेट्नुले रामकथा बौद्धहरूबीच बरू व्यापक भएको सिद्ध गर्दछ। परन्तु जातकहरूका शीत उघाई रामकथाको घैला भरिएको होइन घैलाबाट छचल्किएका थोपाहरू जातकहरूमा पाइने तथ्य भने विश्वसनीय छ।

रामकथाको उत्तर भागमा रावण सम्बन्धी आख्यानको साथै दक्षिण भारतमा वानर-पूजाको प्रभाव रहेको कुरो ड.दिनेशकुमार सेनले गेरका छन्। तर न कुनै जनजातिमा यस्तो आख्यान प्रचलित रहेको प्रमाण छ न वानर-पूजा नै रामायणको अंग हो। रामायणमा हनुमान् विश्वस्त सेवक छन्, तर पूजनीय देवता छैनन्। उनको यस सिद्धान्तबारे फादर बुल्केको भनाइ छः रावण सम्बन्धी आख्यान जैन रामकथाको आधारमा भनिएको छ तर जैन साहित्यमा रामकथाको मूल खोज्नु व्यर्थ छ।[३] अनि वानर-पूजाबारे भन्छन्- रामायणमा हनुमान्को शक्ति वर्णनमा अतिशयोक्तिको सहारा त लिइएको छ तर उनी देवता हुन् भन्ने उल्लेख कहीं छैन।[४]

बौद्ध जातकहरू जस्तै ग्रीक काव्य पनि रामकथाको स्त्रोत हुन नसक्ने तर्कहरू विद्वान्हरूले दिएका छन्। रामकथा होमरको इलियडबाट प्रेरित छ भन्ने सिद्धान्त पनि ड. वेबरकै हो। यस सिद्धान्तका समर्थकहरूमा दिनेशचन्द्र सेन, सुनीतिकुमार चटर्जी, कुकुमार सेन आदि प्रमुख छन्। रामकथामा ग्रीक प्रभाव देख्नुमा त्यहाँ कथानक र संयोगले सहयोग गरेको छ।

वेबरको सिद्धान्तलाई खण्डन गर्दै के.टी. तेलंगले त एउटा पुस्तकै लेखे 'के रामायण होमरको नकल हो?" उनको प्रश्न छः सीता र हेलेन दुवै अपहृत नारी भए पनि हेलेनको अपहरणकर्त्ता स्त्रैण पेरिसको तुलना सीता हर्ने विश्वविजयी, देवगणका शत्रु रावणसित गर्न मिल्छ? हेलेनको नखरासित सीताको दैवी पवित्रता तुलनीय छ? रामलाई पनि वीर एकिलससित तुलना गर्न मिल्दैन, एकिलसकी पत्नी अपहृत भएकी होइन। चरित्रहरू स्पष्ट छन्। शेक्सपीयरको ओथेलो र वाल्टर स्कटको केनिलवर्थको कथावस्तु र पात्र चरित्र एउटै

---

*१. चिन्तामणि विनायक वैद्य - द रीडल्स अफ् द रामायण, पृ. ५८*

*२. ऐ. पृ. ७०, ७१*

*३. कामिल बुल्के- रामकथा पृ. १०६*

*४. ऐ.पृ. १११*

छ तर पनि अझै कसैले स्कटको वार्नेलाई इयागोको र एमीलाई डेस्डिमोनाको पतिहरू मानेका छैनन्।[१] इत्यादि।

दियो क्रिसोस्तमको कथन जुन वेबर र चटर्जी दुवैले उद्‌घृत गरेका छन्, त्यसको खण्डन न्यायमूर्ति तेलंगले निम्न शब्दमा गरेका छन्ः

'जब वेबरले नैं क्रिसोस्तम र एलियनको विवरणको एउटा भागमा असत्य देख्छन् भने अर्को भागमा हामीले चाँहि सत्यता नै देख्नु? वेबर स्वयं स्वीकार गर्छन् कि होमरको भारतीय अनुवाद भएको थिएन। तब अनुकरण मात्र भएको थियो भन्ने हामीले किन विश्वास गर्ने? कुनै अनुवाद, कुनै विनिमय भएकै थिएन, त्यो एउटा साम्यताको धूमिल धारणा मात्र हो भन्न हामी किन सक्दैनौं?"[२] यस्ता तर्कले ड.चटर्जीलाई पनि प्रश्नकै घेराभित्र पार्छ।

रामकथामा ग्रीक प्रभाव छाम्न आलोचकहरूलाई त्यहाँ प्रयुक्त यवन पह्लव, तुषार आदि शब्दहरूले पनि सहयोग दिएका छन्। तर यसबारे जेकोबी भन्छन् ' यी शब्दहरू बालकाण्डमा मात्र छन्, जुन प्रक्षिप्त काण्ड हो।"[३] अनि सारस्वरूप भन्छन् 'वाल्मीकि होमरीय काव्यसित सुपरिचित थिए र उनले आफ्नो काव्यको कथावस्तु त्यसैबाट लिए भन्ने विचार यदि कहीं भए त्यो पूर्णतः उटपटांग र खोक्रो विचार मात्र हो। भारतीय आख्यान साहित्य परापूर्वकालदेखि नै विविध विषय गर्भित छ। आफ्नै साहित्य भण्डारबाट सामग्री नजुटाई भारतका महाकविले त्यो विदेशबाट पैंचो लिएका होलान् त?"[४]

फादर बुल्के पनि भन्छन्- 'होमरको काव्यमा युद्धपोतहरूलाई ठूलो महत्व दिइएको छ। यदि भारतका चारण यससित परिचित हुँदा हुन् त तिनीहरूले समुद्र पार सेतुको सट्टा नाउका सहारा लिने थिए। अतः रामगाथाका कवि इलियडसित परिचित थिए भन्नु ड.वेबरको अनुमान मात्र हो जसको निम्ति उनले कुनै प्रमाण दिन सकेका छैनन्।"[५]

यसरी प्रमाणहरूको अभावमा आकस्मिक संयोगलाई नै आधार बनाएर जातक र इलियडलाई रामकथाको मूलस्रोत मान्नु व्यर्थ सिद्ध हुन्छ। वास्तवमा रामकथा सर्जित गाथा हो अर्जित होइन।

अब रामकथाको मूलत्व जातक र ग्रीक साहित्यमा नरहेपछि विद्वान्‌हरू वेद इतिहास र मिथकतर्फ फर्कनु स्वभाविक हो। वैदिक साहित्यमा रामादि नामको उपस्थितिको साथै रामायणादि इतिहास वेदार्थको उपबृंहण गर्नालाई हो भन्ने विचारले रामकथालाई वेदमूलक मान्ने परम्परा भारतमा प्रचलित छ। 'रामायणं महाकाव्यं सर्ववेदेषु सम्मतम्" अर्को आधार हो। ऋग्वेददेखि लिएर उपनिषद् र ब्राह्मण ग्रन्थहरूसम्म दशरथ, राम, सीता, जनक आदिका नाम पाइनाको साथै रूपकात्मक पात्रहरू पनि रामकथामा छन्। वैदिक वीर इन्द्र रामका रूपक छन् भने कृषिकी अधिष्ठात्री सीता सीता नै बनी धरा-पुत्री बन्छिन, गृहसूत्रहरूमा सीतालाई पर्जन्य-पत्नी भनिएको छ।[६] पर्जन्य इन्द्रकै अर्को नाम भएकोले राम र इन्द्रमा अभिन्नता देखिन्छ। उसरी नै रावण वैदिक वृत्र हो (रावणको पुत्र मेघनादलाई इन्द्रजीत पनि भनिन्छ। ' इन्द्रशत्रु" ऋग्वेदमा इन्द्रको

---

*१. काशिनाथ त्रैम्बक तेलंग- ह्वाज रामायण कण्डि फ्रम् होमर? पृ. १०*

*२. ऐ. पृ.१०*

*३. हर्मन जेकोबी - डस रामायण पृ.७१*

*३. ए.पृ.७४*

*५. कामिल बुल्के - रामकथा और तुलसीदास पृ.१२*

*६. पारस्पर गृहसूत्र, २.१७.६*

विशेषण पनि छ।) हनुमान् मारूतिका प्रतिरूप छन् जसले वैदिक शास्त्रमा गाईको खोज गर्न इन्द्रलाई सहयोग गर्छन्। सरमा इन्द्रका दूतिका हुन् जो रसा सागर पार गरी गाईहरूको खोजमा पणिहरू कहाँ पुग्छिन्। पणिहरू पनि राक्षसहरू झैं धूर्त छन् अनि सरमा रामदूत झैं साहसी र निडर छन्। लंकामा सीतालाई सान्तवना दिने राक्षसीहरूमा एउटीको नाम पनि सरमा नै छ।

विशेषगरी इन्द्रका दुइ महान् कृत्य रामकथाका अनुरूप छन्- एउटा वृत्रासुर वध र अर्को गौ-उद्धार।[१] वृत्रले वृष्टि रोकेको थियो, वृष्टि वा जल, मानव र उद्भिद जगत्को प्राणतत्त्व हो जुन उर्वरा र सिर्जनाको मूल हो, जो धरती हो, नारी हो र जसलाई इन्द्रले मुक्त गरिदिएका थिए। अर्को, वैदिककालीन पशुपालक आर्यहरूको निम्ति गाईको जुनस्थान थियो त्यही रामायणकालीन कृषकहरूको निम्ति (कृषि) सीताको थियो। अतः वेदको गौहरण र रामायणको सीता-हरणमा अभिन्नता देखिनु एउटा सामान्य दर्शन थियो। धेरै काल पर्यन्त रामकथालाई 'सीता-हरण" नै पनि भनिने गरिन्थ्यो।[२]

यिनै आधारमा हर्मन जेकोबी जस्ता रामायणका अनन्य अध्येता रामकथाको बीजरूप वेदमा देख्छन्। परन्तु उनको मन्तव्य अनुसार सम्पूर्ण रामायण वेदज होइन, यसमा इतिहास पनि गर्भित छ। अतः इतिहास र मिथकको समाहार नै रामकथा हो भन्ने उनको धारणा यी शब्दहरूले व्यक्त गर्छन् '(राम)-कखा मूलतः इक्ष्वाकुवंशका केही व्यक्तिहरू वरिपरि केन्द्रित छ। इक्ष्वाकु, दशरथ, राम वेदमा पाइन्छन् तर ती प्रख्यात र शक्तिशाली राजाहरू थिए भन्न बाहेक तिनीहरूबीच कुनै सम्बन्ध स्थापित गर्न सकिंदैन। परन्तु कतिपय अलग अलग प्रसंगहरूले नै कथाको मिथकीय पृष्ठभूमि तयार गरिदिएको छ भन्ने कुरालाई म अस्वीकार गर्दिनँ। जस्तो रामको चौध वर्ष वनवासको प्रतिरूपमा पाण्डवहरूको तेह्र वर्षको वनवास छ। कुनै राजकुमारले आफ्नो राज्यमा स्थान नपाएको वा निर्वासित भएको र कतै आफ्नो राज्य स्थापित गरेको जस्ता उदाहरणहरू राजस्थानका इतिहासमा बग्रेल्तै पाइन्छन्। यो सम्भवतः मूलकथा हुनसक्छ जसको कथात्मकताको अन्तिम कायांतरण भएको होस्। तर यहाँ मिथकीय आयाम पछिबाट थपियो। कसैले पनि कल्पना गर्नसक्छ, मूलकथाले इक्षुमतिको नदी किनारमा स्थापित राज्यका एक राजकुमार (राम)को अयन अर्थात निर्वासन अनि सरयूतीरमा आई बसेको वृत्तान्त दिंदछ। तर पछि जब मूल निवास विस्मृत बन्यो, दशरथलाई अयोध्याको राजा मानियो। यसले कैकेयीको भूमिका र राजा केकयका घरमा भरत र शत्रुघ्नको शिक्षाको वर्णन गर्दछ। निष्कासित राजकुमारले आफ्ना मावला, कोशलमा आश्रय लिए र त्यहाँ राज्य स्थापित गरे भन्ने विवरण पनि पाउन सकिन्छ। यस्तो कल्पना गर्नु सहज छ तर पुष्टि गर्नलाई प्रमाण दिनु गाह्रो छ।"[३]

यो धारणा इतिहासपरक छ। किनकि कुनै राजकुमारको निर्वासनको कुरो वैदिक साहित्यमा छैन। तर सीताहरण र राम रावणको युद्धको निम्ति तिनै राजकुमारलाई कायाकल्प गरी वैदिक इन्द्रको समान बनाइयो। यो कायाकल्पको प्रक्रिया अरू पात्रहरूमा पनि भएको छ। जस्तो जेकोबीकै धारणा छ, 'हनुमान् रामायणकाल अर्थात् कृषिकालका हुनाले कृषि सम्बन्धी देवता थिए। सम्भवतः वर्षाका इष्टदेव अथवा मेघदेवता। उनी वायुपुत्र त हुन् नै, बादल झैं कामरूपी छन्, आकाशमा उड्छन्, दक्षिणको समुद्रबाट वर्षा ल्याउँछन् जुन कृषिको (सीताको) सम्बन्धमा शुभ समाचार हुनसक्छ।"[४]

---

*१. आख्यानको निम्ति हे. यसैको अनुवाक १.२.४*

*२. प्रो. लक्ष्मीनारायण - तिवारी वैदिक वाङ्मय में रामकथा, पृ.३६*

*३. हर्जन जेकोबी- दस रामायण, पृ.९५ पा.टि.*

*४. ऐ. पृ. ९९-१००*

ड. जेकोबीको यस्तो विचारलाई अस्वीकार गर्ने फादर बुल्केले पनि लक्ष्मणलाई वैदिक पात्रसित जोड्ने प्रयास गरेका छन्, लक्ष्मण रामका सहायक मात्र हुन्। तै पनि उनको वैदिक मित्रसितको सम्बन्ध असम्भव छैन किन कि उनी आखिर सुमित्राकै पुत्र हुन्।[१] परन्तु फादर वेदमा रामकथाको अभाव मान्छन्। उनी भन्छन्, 'वैदिक रचनाहरूमा रामायणका एकाध पात्रहरूका नाम अवश्य मिल्छन् तर तिनका पारस्परिक सम्बन्धको कुनै सूचना छैन, न कथावस्तुकै कहीं किंचित् निर्देश छ। यसबाट यति नै निर्देश निकाल्न सकिन्छ कि यी नामहरू प्राचीनकालमा पनि प्रचलित थिए।"[२]

रामायणको पूर्वसंज्ञा सीता-चरित्र किंवा सीताहरण थियो। कृषि कर्म नै प्राचीन आर्यहरूको काम, क्रतु (यज्ञ) र ऋतु (नियम) भएकोले सीता शब्दले प्रमुखता पाएका ऋचाहरू वैदिक वाङ्मयमा पर्याप्त छन्। परन्तु फादर र बुल्केले यस्तो मतको पनि खण्डन गरेका छन्: वास्तवमा रामकथा तथा कृषिको कुनै विशेष सम्बन्ध मान्ने कुनै आवश्यकता छैन। आर्यहरू आउनभन्दा पहिल्यैदेखि भारतवर्षमा कृषि थियो।[३] उनको लेखा अन्य स्रोतहरू सरह वैदिक स्रोत पनि रामकथाको मूल होइन। परन्तु उनी स्वयंले कुनै स्रोत इंगित गरेका छैनन्, एउटा सिद्धान्त पनि निकालेका छैनन्, कुनै धारणा र अनुसिद्धान्त पनि बनाएका छैनन्।

मूल बिना स्रोत हुँदैन, बीज बिना वृक्ष हुँदैन। अतः हर्मन जेकोबीको सिद्धान्त सत्यको निकै नजिक पर्छ। उनको मतलाई धेरैले स्वीकारेका छन्। उनले रामकथाको रूपात्मक व्याख्या गरेका छन्। उनको मत अनुसार रामकथाको पूर्व भाग ऐतिहासिक हो।' यसमा अयोध्याको घटना खुबै यथार्थ र मानवीय छ। यसप्रकारको दरवारी काण्ड भारतीय राजघरानामा घट्नु स्वभाविक देखिन्छ। यसलाई पौराणिक वा काल्पनिक कथा कसैले सम्झँदैन। यदि रामायण भरतको वापसी पछि नै समाप्त भएको भए यसलाई सबैले पूर्णतः ऐतिहासिक घटनामा आधारित तथा इतिहासको कुनै कालमा यथार्थ घटित वृत्त मान्ने थिए।"[४] यसको उत्तर भागमा कवि कल्पना सर्वोपरि छ। वैदिक साहित्यका दुइ स्वतन्त्रकथा, गौहरण र वृत्रवध रामकथामा सीताहरण र पौलस्त्यवधको रूपमा सिंगो र सग्लो कथा बनेको छ।

अझ भारतीय परम्पराले त रामकथाको प्रथम भागलाई पनि वेदमूलक नै मान्दै रामायणलाई 'सीता" शब्द को रूपक रूपमा विकसित भएर बनेको कथा भन्छ। प्रत्येक गाथा भाषाको विकार हो। यस विकृत रूपमा रूपक तथा विशेषणवत् जुन शब्दहरू हुन्छन् विस्तार विस्तार ती आफ्नै स्वतन्त्र सत्तामा स्थित हुन थाल्छन् र यी त कविले दिएका नाम मात्र हुन्, पछिबाट देवत्व प्राप्त गरेका हुन् भन्ने कुरो भुलिएर जान्छ।[५]

ऋग्वेदकाल त्यो थियो जब मानव सभ्यताको प्रथम अध्याय लेखिन लागिरहेथ्यो। वैदिक आर्यहरूले पहिलोपल्ट आफ्ना आकृतिको अनुरूप देवताहरूको अभिसृष्टि आरम्भ गरे। ड. सर्वपल्ली राधाकृष्णन्ले लेखेका छन्- मानव मस्तिष्कमा जुन देवसर्जनको काम आरम्भ भयो त्यसको जतिको स्पष्ट र भव्यरूप ऋग्वेदमा पाइन्छ, अन्यत्र पाइन्न।[६]

'सीता" वस्तुतः हलाको सिया हो। अवान्तरमा यसको अर्थ परि वर्तन भई देवता ग्रहण गऱ्यो। यो

१. *बुल्के- रामायण, पृ.१०५*

२. *ऐ.पृ.२४*

३. *ऐ. पृ. ११५*

४. *हर्मन जेकोबी - डस रामायण, पृ. ६५*

५. *फेडेरिक म्याक्समूलर (लेक्चर्स अन् साइन्स अफ् ल्यांग्वेज) भाषा विज्ञान पर भाषण हिन्दी अनु.ड. हेमचन्द्र जोशी, हिन्दी समिति, लखनऊ, १९६८ पृ.३*

६. *ड. राधाकृष्णन् इण्डियन फिलोसफी, खण्ड-१, पृ.७३*

पहिले रूपकालंकार थियो। अनि कालन्तरमा 'सीता" पृथ्वीकन्या व्यक्तिवाची बन्यो।[१] हप्किन्सको मत अनुसार पनि रामको चरित्र कुनै प्राचीन देवता सम्बन्धी आख्यानमा आधारित हुनसक्छ र कृषिकी अधिष्ठात्री देवी सीताको कथा त्यसमा जोड़ियो।[२] यसरी नै रूपकहरूको तारतम्यले रामकथा बनिएको छ जुन रूपकहरू अधिकांश वैदिक मिथकहरूबाट बनेका छन्। यसमा इतिहासको अंश (अयोध्या र अरण्यकाण्ड) भन्दा मिथकको अंश (किष्किन्धा, सुन्दर युद्धकाण्ड) अपेक्षाकृत अधिक भएकोले यो इतिहासको भन्दा काव्यको कोटिमा बढ़ी समादृत छ।

**अन्ततः** रामकथा कुबेरनाथले भने झैं भारतीय समाजको सर्वाधिक संकल्प-संवेग सम्पन्न मिथक हो।[३]

---

*१. श्री चन्द्रभान - वैदिक साहित्य में राम-कथा के बीज, नागरी प्रचारिणी पत्रिका वर्ष ५५, पृ. ३०३*

*२. कामिल बुल्के - रामकथा पृ. १०६*

*३. हे. यसैको अनु. १.१.२*